# अध्याय एक

# विषय परिचय

## १.१ शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **“दोहोरी प्रतियोगितामा गाइएका दोहोरी गीतमा रसविधान”** रहेको छ ।

## १.२ प्रयोजन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्या कथन

लोकगीतहरूमध्ये सबैभन्दा लोकप्रिय लोकगीतको प्रकार ‘दोहोरी गीत’ हो । यसको बढ्दो लोकप्रियतालाई अझ बढावा दिन रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालहरूबाट हुने दोहोरी गीत प्रतियोगिताहरूको योगदान ठुलो रहेको छ। लोकप्रियता तथा दोहोरी गीतको पहुँच वृद्धिसँगै यसमा विभिन्न खालका  विकृति पनि देखिएको पाइन्छ। यही परिप्रेक्ष्यमा  मिति २०७७ फागुन २८ देखि २०७८ कार्तिक १३ गतेसम्म नेपाल टेलिभिजनले ‘दोहोरी विजेता’ (च्याम्पियन्) नामक दोहोरी गीत प्रतियोगिता सञ्चालन गरेको थियो जसमा जम्माजम्मी ३३ भागमा युट्युबमार्फत् समेत प्रसारण गरी विजेता (च्याम्पियन) अर्थात् उत्कृष्ट दोहोरी गायक घोषणा गरिएको थियो। यस्ता प्रतियोगिता तथा प्रसारित दोहोरी साममग्रीहरूले लोकगीतको विकास तथा विश्वव्यापीकरणमा ठुलो योगदान दिएको भए तापनि कुनै निकायहरूबाट यस्ता प्रतिस्पर्धा तथा प्रत्यक्ष प्रसारित सामग्रीमा आधारित रहेर अध्ययन-अनुसन्धान हुन नसक्नु मुख्य समस्याको रूपमा लिन सकिन्छ। त्यसैले प्रस्तुत अध्ययन कार्यमा उक्त अभावको परिपूर्ति गर्न निम्नलिखित समस्यामा रही यो अध्ययन कार्य सम्पन्न गरिएको छ :-

- दोहोरी च्याम्पियन नामक दोहोरी प्रतियोगितामा के-कस्ता दोहोरी गीतहरू गाइएका थिए ?
- यस प्रतियोगितामा गाइएका गीतहरूमा रसकोअवस्था के-कस्तो रहेको छ ?

## १.४ उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य समस्या कथनमा केन्द्रित रहेको छ। दोहोरी च्याम्पियन नामक दोहोरी प्रतियोगिता कार्यक्रमबाट प्रसारित दोहोरी गीतहरूको अध्ययन विश्लेषण गर्न समस्या कथनसँग सम्बन्धित निम्न उदेश्यहरू रहेका छन् :-

- दोहोरी प्रतियोगितामा गाइएका दोहोरी गीतहरूको सङ्कलन गर्नु ,
- दोहोरी प्रतियोगितामा गाइएका गीतहरूमा रसको अवस्थापहिल्याउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

दोहोरी गीत लोकसाहित्य अन्तर्गत लोकगीत विधाको उत्कृष्ट विधा हो। लोकगीतको अध्ययन-परम्परा व्यापक रहेको पाइन्छ। यो मानवीय सभ्यताको थालनीदेखि नै एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक स्थानबाट अर्को स्थानमा तथा एक पुस्ताबाट अर्को पुस्तामा अविच्छिन्न र गतिशील रूपमा हस्तान्तरण भैरहेको छ। यस्तो लोकप्रिय विधाका बारेमा विभिन्न अध्येता, अनुसन्धानकर्ता एवम् सरोकारवालाहरूबाट राष्ट्रिय, क्षेत्रीय र जिल्लातरमा प्रसस्त मात्रामा अध्ययन, अनुसन्धान तथा विश्लेषण भएको पाइन्छ। लोकगीत अर्न्तगतको दोहोरी गीत लोकगीतकै एउटा शाखाका रूपमा विशिष्ट र लोकप्रसिद्ध छवि बनाउन सफल विधा भएका हुनाले पूर्ववर्ती अध्येताहरूले लोकगीतको अध्ययनका क्रममा दोहोरी गीतको चर्चा-परिचर्चा गरेको पाइन्छ। यसरी विभिन्न क्षेत्र विशेषमा पूर्ववर्ती अध्येताहरूले गरेका यस अध्ययन कार्यको विषयसँग सम्बधित मुख्यतः निम्नानुसारका पूर्वकार्यहरूको अध्ययन गरी यस अध्ययन कार्यलाई पूर्णता दिइएको छ।

(क)कुसुमाकर न्यौपाने - **नेपाली लोकगीत** (२०७०)

कुसुमाकर न्यौपानेले 'नेपाली लोकगीत' नामक यस कृतिमा लोकगीतलाई लोकसाहित्यको उर्वर विधाका रूपमा परिभाषित गरेका छन्। उनले सो कृतिमा लोकगीतका ८८ ओटा लोकगीतको चर्चा गरेका छन्। त्यसक्रममा दोहोरी गीतको विभिन्न

आधारमा वर्गीकरण गरेका छन् । (न्यौपाने २०७०) तरपनि यस कृतिमा दोहोरी गीतमा रसको चर्चा कतै पनि गरेको पाइन्न ।

(ख) धर्मराज थापा - **हाम्रो लोकगीत (२०२०)**

धर्मराज थापाले 'हाम्रो लोकगीत' यस पुस्तकमा विभिन्न लोकगीतमा भौगोलिक एवम् सामाजिक प्रभाव खोज्ने प्रयास गरेका छन् ।(थापा, २०२०)

(ग) चूडामणि बन्धु - **नेपाली लोकसाहित्य (२०७४)**

चूडामणि बन्धुद्वारा लिखित 'नेपाली लोकसाहित्य' नामक यस कृतिमा लोकसाहित्यका विविध विधाका बारेमा चर्चा गरिएको छ । बालगीत, कौरा, ख्याली, देउडा, रोइला, सेलो, भजन, आएली, मालसिरी, भैलो, रोपाइँ, दाइँ, दोहोरी र जुहारीजस्ता गीतको चर्चासमेत यस कृतिमा गरिएको छ । उनले लोकगीतलाई सहभागिता र प्रकार्यका आधारमा वर्गीकरण गरेका छन् । तर दोहोरी गीतमा रसको चर्चा कतै पनि गरेको पाइन्न ।

(घ) लक्ष्मण लोहनी - **रोदीघर (२०१३)**

लक्ष्मण लोहनीको रोदीघर' (२०१३) मा लोकगीतलाई सामाजिक गीतअन्तर्गत राखेर अध्ययन गरिएको छ । जसमा चुड्का, भजन, भ्याउरे, असारे घाँसे, देउडा, देउसी, भैलो, रसिया, वालन, कखा, रत्यौली, मालसिरी, बाह्रमासे, फागु, चाँचरी र गबोरा आदिको चर्चा गरेर लोकगीतलाई चिनाएका छन् । (लोहनी, २०१३ : १५६-१७१) उनले पनि दोहोरी गीतमा रसको चर्चा कतै पनि गरेको पाइन्न ।

(ङ) कृष्णप्रसाद पराजुली - **नेपाली लोकगीतको आलोक (२०५७)**

कृष्णप्रसाद पराजुलीको 'नेपाली लोकगीतको आलोक' नामक यस कृति नेपाली लोकगीतको अध्ययन-अनुसन्धानको क्षेत्रमा महत्तवपूर्ण कृति मानिन्छ ।यस कृतिमा उनले विभिन्न लोकगीतहरूको चर्चा गरेका छन् । (पराजुली, २०२७) ।

(च) कुसुमाकर न्यौपाने (२०५५)- **पोखरेली गाइने जातिमा प्रचलित लोकसाहित्यको अध्ययन**

कुसुमाकर न्यौपानेद्वारा महेन्द्र संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र काठमाडौंमा प्रस्तुत लघु अनुसन्धानपत्रमा गन्धर्व जातिमा प्रचलित लोकसाहित्यका बारेमा चर्चा गरिएको छ । यसैमा गन्धर्वले गाएका दोहोरी गीतका बारेमा प्रकाश पारिएको छ । त्यस कममा गन्धर्वले गाएका दोहोरी गीत 'टुक्कायुक्त र टुक्काविहीन गरी दुई प्रकारका हुन्छन्' भनी तिनका उदाहरणसमेत प्रस्तुत गरिएको छ ।(न्यौपाने, २०५५ : ४६-५६) तर पनि दोहोरी गीतमा रसको चर्चा भने कतै गरिएको छैन ।

(छ) भिम राना जिज्ञासु (२०५५)- **जुहारी अर्थात् दोहोरी गीत**

भिम राना जिज्ञासुले 'जुहारी अर्थात् दोहोरी गीत' शीर्षकको लेखमा दोहोरी गीतका बारेमा प्रकाश पारेका छन् । त्यस क्रममा उनले सामान्यतया 'गीति सवालजवाफलाई दोहरी गीत भनिन्छ'भनी दोहोरी गीतलाई पनि परिभाषित गरेर चिनाएका छन् । (जिज्ञासु, २०५५ : १४०) तर पनि उनले दोहोरी गतिमा रसको चर्चा भने कतै गरेका छैनन् ।

(ज) कृष्णप्रसाद पराजुली (२०५७)- **नेपाली लोकगीत**

कृष्णप्रसाद पराजुलीले उक्त पुस्तकमा लोकगीतका विभिन्न भेदलाई चिनाइएका छन् । त्यसैक्रममा दोहोरी गीतलाई युवायुवतीले मात्र गाउने गीत हो भनी औँल्याएका छन् ।

(झ)चूडामणि बन्धु (२०५८)-**नेपाली लोकसाहित्य**

चूडामणि बन्धुले नेपाली लोकसाहित्य नामक प्रस्तुत पुस्तकमा लोकगीतका बारेमा पनि चर्चा गरेका छन् । उक्त पुस्तकमा दोहोरी गीतलाई दुई व्यक्ति अथवा समूहका बीच गीतमै गरिने सवालजवाफलाई दोहोरी गीत अथवा जुवारी पनि भनिन्छ भनी परिभाषित गरिएको छ (बन्धु, २०५८ : १४०) तर पनि दोहोरी गीतमा रसको चर्चा भने कतै गरिएको छैन ।

(ञ) कुसुमाकर न्यौपाने (२०६०)-**धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन**

कुसुमाकर न्यौपानेले तयार पारेको 'धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन' शीर्षकको अनुसन्धानपत्रमा दोहोरी गीतको परिचय दिइएको छ । यस्तै दोहोरी गीतमा तत्कालको स्फुरण, प्रतिस्पर्धात्मकता, चोटिलो अभिव्यक्ति, प्रश्नोत्तरमूलक प्रस्तुती, स्वरूप र संरचनाको अनेकता, लयगत विविधता, तार्किकता, सहजता एवं सरलता, झिनो आख्यानको समावेश र मनोरञ्जनात्मकता जस्ता विशेषता हुन्छन् भनी औँल्याइएको छ । साथै 'दोहोरी गीत' बाह्रमासे, कर्म, पर्व र संस्कार गरी चार प्रकारका हुन्छन् भनी तिनका भेद उल्लेख गरिएको छ ।(न्यौपाने, २०६० : ८-९) तरपनि दोहोरी गीतमा रसको चर्चा भने कतै गरिएको छैन ।

ट) कुसुमाकर न्यौपाने (२०६७)**कथनपद्धतिका आधारमा आयोजनामूलक बाह्रमासे दोहोरी गीतको अध्ययन**

कुसुमाकर न्यौपानेले तयार पारेको 'कथनपद्धतिका आधारमा आयोजनामूलक बाह्रमासे दोहोरी गीतको अध्ययन' नामक यस लेखमा दोहोरी गीतबारे विभिन्न विद्वान्ले प्रस्तुत गरेका दोहोरी गीतका परिभाषालाई औँल्याएका छन । त्यसैक्रममा दोहोरी गीतलाई

दुई पक्ष भएर संवाद, वादविवाद र प्रश्नोत्तर शैलीमा गाइने गीत दोहोरी गीत हो भनी परिभाषित गरेका छन् (न्यौपाने, २०६७ : ४४)। तापनि दोहोरी गीतमा रसको चर्चा भने कतै गरिएको छैन।

यसरी विगतदेखि हालसम्म दोहोरी गीतहरूको अध्ययन अनुसन्धान प्रसस्त भएको पइन्छ तर आधुनिक प्रविधिको विकाससँगै विकसित सञ्चार प्रविधिका माध्यमबाट हजार अधिकको सङख्यामा दोहोरी गीत प्रतियोगिताहरू सञ्चालन र प्रसारण हुँदा पनि यस्ता विषयमा केन्द्रीत रही दोहोरी गीतको सङ्कलन, अध्ययन-अनुसन्धान र विश्लेषण हुन सकेको छैन। साथै यस परिवर्तित सन्दर्भमा दोहोरी गीतमा निहित रसको अवस्थाको अध्ययन पनि हुन सकेको छैन। यस कार्यले भावी सन्तति एवम् अध्येताहरूलाई आधुनिक प्रविधिसँगै विकसित आधुनिक प्रतियोगिताहरूमा गाइएका दोहोरी गीतहरूको स्वरूप तथा दोहोरी गायनमा परिवर्तित प्रवृत्तिहरूको अध्ययन-अनुसन्धानमा ऐतिहासिक दस्तावेजको भूमिका खेल्ने नै छ। विशेषगरी लोकगीत दोहोरी र संस्कृतिप्रेमीको जिज्ञासा पूरा गराओस् भन्ने अभिलाषा लिएर यो अध्ययनपत्र तयार पारिएको छ।

## १.६ औचित्य

नेपाल संस्कृतिमा सम्पन्न मुलुक हो। वर्तमान समाजको आधुनिकताप्रतिको मोहले समुदायका मौलिक लोकसाहित्यिक पहिचानहरू लोप हुने अवस्थामा पुगेका छन्। नेपाली लोकसाहित्यमा आयतित संस्कृतिको प्रभाव, नेपाली भाषा तथा नेपालका भौगोलिक/सामाजिक भाषिकामा आएका अस्वाभाविक परिवर्तनले नेपाली दोहोरी गीतहरूको स्वरूपसमेत परिवर्तन गरेको पाइन्छ। गाउँघरका ओडार, गोठ, ठाँटी, पौवा, लेक-बेशी तथा रोदीघरमा गाइने दोहोरी गीतहरू अहिले आएर औपचारिक कार्यक्रम तथा व्यावसायिक प्रयोजनका लागि मात्र गाइन थालेका छन्। प्रविधिको विकाससँगै दोहोरी गीतहरूको भौगोलिक तथा जनसाङ्खिक पहुँच विस्तार भएको देखिन्छ तापनि पुराना दोहोरी गीतहरूको मौलिक स्वरूप भने विभिन्न आयममा परिवर्तन भएको पाइन्छ।

लोकगीतहरूले विशेष भौगोलिक क्षेत्र तथा समुदायको मौलिक विशेषता बोकेको हुन्छ। निश्चित समुदायमा बसोबास गर्ने समुदायको रीतिरिवाज, चालचलन तथा सामाजिक भाषिक प्रतिनिधित्व गर्ने भए तापनि यस प्रकारका प्रतियोगितामा देशैभरका सहभागी हुने भएको हुँदा दोहोरी गीतमा विविध सामाजिक/भाषिक विविधतायुक्त परिवेशका दोहोरी गीतका प्रस्तुतिहरूको अध्ययन अनुसन्धान एकै ठाउँबाट गरी दोहोरी

गीतका बारेमा जानकारी राख्न चाहने इच्छुक तथा सरोकारवाला सम्पूर्ण वर्गलाई यस अध्ययन कार्यले प्रत्यक्ष सहयोग  पु¥याउने हुँदा यस अध्ययन कार्यको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.७सीमाङ्कन

'लोकगीत' लोकसाहित्य अन्तर्गतको एक उत्कृष्ट विधा हो । यसको अध्ययनको क्षेत्र व्यापक रहेको छ । लोकगीत अन्तर्गतका विविध प्रकारमध्ये 'दोहोरीगीत' नेपाली लोकगीत मध्येको सबैभन्दा लोकप्रीय विधा हो । देशको पूर्वदेखि पश्चिमसम्मका विभिन्न ठाउँ तथा देशबाहिर विदेशका विभिन्न सहरहरूमा दोहोरीगीत प्रतियोगिता तथा विभिन्न मेला महोत्सवमा कला प्रदर्शन तथा प्रस्तुतीकरण गरिएको पाइन्छ । यस्ता विभिन्न मेला महोत्सव तथा प्रत्यक्ष कार्यक्रमहरूमा दोहोरी गीतका प्रस्तुति सबै वर्गका दर्शक रश्रोताहरूको आकर्षणको विषय हुने गरेका छन् । व्यावसायिक प्रयोजनको लागि पनि बर्सेनि हजार अधिकको सङ्ख्यामा दोहोरी गीतहरू रेकर्ड हुने गरेको पाइन्छ । यति हुँदाहुँदै लोकसाहित्यका अनेकौँ विधाहरूमध्ये दोहोरी गीतमा मात्र सीमित रही यसमा रसको अवस्था अध्ययन गर्नका लागि नेपाल टेलिभिजनको 'दोहोरी विजेता' (दोहोरी च्याम्पियन्) नामक कार्यक्रमद्वारा प्रसारित प्रतियोगिता विशेषलाई अध्ययनको विषय छान्नु यसको सिमाङ्कन रहेको छ । यस प्रतियोगितामा गाइएका प्रतिनिधि गीतहरूमा सीमित रही  अध्ययन कार्य सम्पन्न गरिएको छ । यो नै यस अध्ययन कार्यको सिमाङ्कन रहेको छ ।

## १.८अध्ययन विधि

"दोहोरी प्रतियोगितामा गाइएका दोहोरी गीतमा रसविधान"शीर्षकमा अध्ययनपत्रलाई पूर्णरूप दिनका लागि सामाजिक सञ्जाल युट्युबबाट सामाग्री सङ्कलन गरिएको छ । अध्ययन कार्यमा अधिकतम् वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यद्यपि खोजमूलक विश्लेषणात्मक पद्धतिलाई पनि प्रयोग गरिएको छ ।

## १.९ अध्याय विभाजन

प्रस्तुत अध्ययनपत्रको संरचनालाई सुगठित रूपमा सम्पन्न गर्नका लागि निम्नलिखित पाँच अध्यायमा वर्गीकरण गरी पूर्णता दिइएको छ ।

अध्याय एक : विषय परिचय

अध्याय दुई :दोहोरी प्रतियोगिताको परिचय

अध्याय तीन : प्रतियोगितामा गाइएका दोहोरी गीतहरूको सङ्कलन

अध्याय चार :दोहोरी प्रतियोतितामा गाइएका दोहारी गीतहरूमा रसकोअवस्था

अध्याय पाँच : निष्कर्ष

# अध्याय दुई

# दोहोरी प्रतियोगिताको परिचय

## २.१ कार्यक्रमको परिचय

मूलतः एकतर्फ लोग्ने मानिस र अर्कातर्फ स्वास्नी मानिसको दुई समूहमा सवाल-जवाफ, संवादात्मक प्रश्नोत्तरका रूपमा गाइने दोहोरी गीत सुचना प्रविधिको विकाससँगै नेपालभर तथा संसारभर फैलिएका नेपालीभाषी डायोस्पोराहरूमासमेत लोकप्रिय बनेको छ । प्रायः प्रेम र विछोडको विषय समेटेर गाइने परम्परा रहेको दोहोरी गीतले अहिले समाज, राजनीति, विकास मनोरञ्जन र हास्यजस्ता विविध विषयहरू पनि समेटेको पाइन्छ । मेलापात जाँदा होस् वा गोठालो जाँदा होस् आफ्नो मनका भाका लयात्मक रूपमा प्रस्तुत गरिने दोहोरीले चौतारी र रोदीघर हुँदै २०४९ सालदेखी दोहोरी खेलका रूपमा राष्ट्रिय मान्यता पाएदेखि विभिन्न सङ्घसंस्था तथा निकायहरूले औपचारिक रूपमै स्थानीयस्तर, जिल्लास्तर, अञ्चलस्तर, क्षेत्रीयस्तर तथा राष्ट्रियस्तरमा दोहोरी गीत प्रतियोगिता सञ्चालन गर्दै आएका छन् । ग्रामीण समाजको परिवेशबाट मौखिक परम्परामा उत्पत्ति, विकास र पुस्तान्तरण हुँदै आएको दोहोरी गीतले हाल आएर प्रविधिको विकाससँगै रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल युट्युबलगायतका सूचना प्रविधिका माध्यममार्फत् प्रतियोगिता सञ्चालन, व्यावसायिक सिर्जना, तथा प्रसारणको माध्यमबाट आफ्नो क्षेत्रलाई व्यापकता प्रदान गरेको छ ।

यसै परिप्रेक्षमा सयौँ वर्षको इतिहास बोकेको दोहोरीलाई पेशागत उचाईमा पुऱ्याउने तथा कलाकारहरूलाई राष्ट्रिय चिनारी प्रदान गर्ने उद्देश्य लिएर नेपाल टेलिभिजनले'दोहोरी विजेता'(च्याम्पियन) नामक अङ्ग्रेजी शब्द मिश्रित नाम दिएर दोहोरी गीत प्रतियोगिता सञ्चालन गरेको देखिन्छ । जसलाईनेपाल टेलिभिजनले मिति २०७७ फागुन २९ देखि आफ्नो टेलिभिजन च्यानल तथा युट्युब च्यानलबाट यसको सञ्चालन तथा प्रसारण गरेको थियो ।'दोहोरीलाई व्यावसायिकता प्रदान गर्ने तथा यसलाई नेपाली मौलिक खेलको रूपमा अन्तराष्ट्रियस्तरमा एउटा नौलो वातस्विक प्रदर्शित कार्यक्रम (रियालिटी सो) प्रस्तुत गर्ने'उद्देश्यसमेत लिएर नेपाल टेलिभिजनले विजेता र उपविजेताहरूलाई अन्य विविध पुरस्कारसहित पैँतिस लाख नगद पुरुस्कारको व्यवस्था गरी प्रतियोगिता सञ्चालन गरेको थियो । देशभरका हजारौँ सहभागीहरूको विद्युतीय ध्वनि परीक्षणबाट छनोट भएका पैँतिस

समूहका पुरुष महिला गरी सत्तरी जना मध्येबाट पनि प्रत्यक्ष भौतिक ध्वनि परीक्षणबाट चौबिस समूहका पुरुष महिला गरी अठ्चालिस् जनाले भाग लिएका थिए ।




*तस्विर : गायकगायिका बाद्ययबादक र निर्णायकसहित दोहोरी प्रतियोगिता कार्यक्रमको मञ्च*

यस प्रतियोगितालाई प्रत्येक शनिबार जम्माजम्मी ३४ भागमा प्रसारण गरिएको थियो । पहिलो भागमा कार्यक्रमको उद्घाटन तत्कालिन सञ्चार मन्त्री पार्वत गुरुङले गरेका थिए भने यस क्रममा उनले प्रतियोगिताको समित्व राज्यले लिने भनी दोहोरी प्रतियोगिताको गरिमा बढाएका थिए । सो भागमा गायक गायिकाको स्वर परीक्षण र छनोटसमेत भएको थियो । भाग २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १६ र १७ मा पहिलो चरणको प्रतियोगिता सञ्चालन भएको थियो भने भाग १२, १३, १४ र १५ मा कोरोना महामारीका कारण प्रत्यक्ष सहभागीतामा अबरुद्ध भएको हुनाले पुराना कार्यक्रम मात्र प्रसारण भएका थिए । प्रत्येक भागमा दुई समूहको सहभागी भइ दुई सत्रमा प्रतियोगिता सञ्चालन भएका थिए जसमा पहिलो सत्रमा पहिलो समूहको पुरुष र दोस्रो समूहकी महिला अनि दोस्रो सत्रमा दोस्रो समूहको पुरुष र पहिलो समूहकी महिलाबिच प्रतिस्पर्धा भएको र प्रत्येक समूहका महिला र पुरुषले निर्णायकबाट पाएको अङ्क जोडी जित्ने समूह कार्यक्रमको अर्को चरणको प्रतियोगिताको लागि छनोट हुने र हार्ने समूह बाहिरिने व्यवस्था गरिएको थियो । भाग १८ देखि भाग २५ सम्म शीर्ष १६ समूहको प्रतिस्पर्धा भएको थियो , जसमा भाग १७ सम्मका प्रतिस्पर्धाबाट जितेका १२ समूह र हारेका मध्येबाट विविध आधारमा पुनरागमन गरिएका ४ समूह थिए । शीर्ष १६ मा पनि पहिले जस्तै प्रतिस्पर्धा भएको थियो भने निर्णायकले दिएको

अङ्क र दर्शकहरूको विद्युतीय मतदानको आधारमा मुल्याङ्कन गरिएको थियो । एवम् रितले नै भाग २५ देखि भाग ३४ सम्म शीर्ष ८, शीर्ष ४ हुँदै विजेता र उपविजेता घोषणा गरिएको थियो । घोषणा सभा पोखरामा भएको थियो भने सभाको प्रमुख आतिथ्यता गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्ण पोखेलले गरेका थिए जसमा प्रकाश **पराजुली** र **मिना बुढाथोकी**को समूह विजेता र **बालचन्द्र बराल** र **शोभा कार्की**को समुह  उपविजेता भएको थियो ।

दोहोरी प्रतियोगिता कार्यक्रमका विभिन्न भागहरूमा लोक-दोहोरी गायकगायिका, आधुनिक गायकगायिका, सङ्गितकार, रचनाकार, हास्य कलाकार, चलचित्र क्षेत्रका निर्माता-निर्देशक तथा कलाकारहरू तथा विभिन्न क्षेत्रमा आबद्ध व्यक्तित्वहरू अतिथिको रूपमा सहभागी भएका थिए । यस प्रतियोगिताका कार्यक्रमहरूमा सहभागी प्रतिस्पर्धीका अतिरिक्त उद्घोषकहरूबिच, उद्घोषक र निर्णायकबिच, निर्णायक र निर्णायकबिच, निर्णायक र प्रतिस्पर्धीबिच, उद्घोषक र प्रतिस्पर्धीबिच अतिथि र उद्घोषकबिच, अतिथि र निर्णायकबिच, अतिथि र अतिथिबिच, उद्घोषक र दर्शकबिच निर्णायक र दर्शकबिच, तथा अतिथि र दर्शकबिच समेत दोहोरी गीतहरू गाइएका थिए । तिनलाई समेत यस अध्ययनपत्रमा समेटिएको छ ।

## २.२ उद्घोषक

यस प्रतियोगिताका सम्पूर्ण भागहरूमा पाल्पाका लोक गायक **बद्री पङ्गेनी** र तनहुँकी गायिका **प्रिती आले**ले गरेका थिए ।'पङ्गेनी' राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्व अध्यक्षसमेत हुन् ।'ससुरालीमा', 'पिएन् क्याम्पस' लगायतका हजारौँ गीतहरूका सर्जक तथा गायक बद्री पङ्गेनी दोहोरी गीतको क्षेत्रमा अमूल्य योगदान दिने व्यक्तित्व हुन । बहुमुखी प्रतिभाकी धनी प्रिती आलेले 'फुल्यो बामरी' लगायतका सयौँ दोहोरी गीतहरू गाएकी छिन् । आधुनिक गीत तथा नृत्यकलामा समेत चर्चित आले 'दोहोरी ब्याटल' नामको गीतमा केही विवादितसमेत बनेकी थिइन् ।




*तस्विर : दोहोरी प्रतियोगिताका उद्घोषक प्रिती आले (बायाँतर्फ), रबद्री पंगेनी (दायाँतर्फ)*

## २.३ निर्णायक

दोहोरी प्रतियोगिताका सम्पूर्ण भागहरूमा कास्की पोखराका**प्रजापती पराजुली**, सर्लाहीकी **सीता थापा**, स्याङ्जाका **रमेश बिजी** तथा दाङका **चन्द्र शर्मा**ले निर्णायकको भूमिका निर्वाह गरेका थिए। प्रजापति पराजुली २०४९ सालदेखि लोक-दोहोरीको क्षेत्रमा संलग्न रही आएका छन् भने २०५२ साल देखि विभिन्न दोहोरीगीत प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्दै आएका छन्।'राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल' का अध्यक्ष तथा संरक्षक भइसकेका पराजुली सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञसमेत हुन्। उनका 'के खान्छ्यौ कमला' बोलको खेली दोहोरी गीत लगायत सयौं गीतहरू चर्चित रहेका छन्। सीता थापा २०५३ सालदेखि लोक दोहोरी क्षेत्रमा संलग्न छिन्। दोहोरी प्रतियोगीताहरूमा २०६३ सालदेखि नियर्णायकको भूमिका निर्वाह गर्दै आएकी थापा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालकी सँस्थापक कोषध्यक्षसमेत हुन्। उनका 'गालैमा रैछ डण्डीफोर', 'काठमाडौं सिंह दरवार' लगायतका सयौं लोकदोहोरी गीतहरू चर्चित रहेका छन्। रमेश बिजी मुख्यतःगीतकार हुन्। २०६१ सालदेखी लोक तथा दोहोरी गीत प्रतियोगीताहरूमा निर्णायकको भूमिका निर्वाहा गर्दै आएका बिजी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालकाका अध्यक्षसमेत हुन्। उनका 'सरर पानी घट्टमा', 'रुन्छ नि मन किन रुँदैन' लगायतका सयौं दोहोरी गीतहरू चर्चित रहेका छन्। चन्द्र शर्मा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका नेपालका पूर्व अध्यक्ष एवं संरक्षक हुन्। उनी २०५९ सालदेखि निर्णायकको भूमिका निर्वाह गर्दै आएकाछन्। शर्माका 'चरी भए आउथैं उडेर', 'उखु गुलियो' लगायतका सयौं चर्चित गीतहरू रहेका छन्।




*तस्विर : दोहोरी प्रतियोगिताका निर्णायकहरूप्रजापती पराजुली,सीता थापा, रमेश बिजी र चन्द्र शर्मा (बायाँबाटदायाँतर्फ क्रमशः)*

## २.४बाद्यबादक

बाद्यबादकहरू किबोर्डमा कार्यक्रमका सङ्गीत संयोजक **यमु शर्मा**, तबलामा **पारसमणी सुबेदी** र **ओमबिक्रम हमाल**, गीतारमा **दिपेन्द्र गुरुङ**, अक्टोप्याडमा **कैलास खड्का** र **प्रितम थापा**, मादलमा **चन्द्र खड्का**, **ईश्वरी भुषाल** र**महेन्द्र तिवारी**, बाँसुरीमा **विष्णु रानाभाट** र **चन्द्र लामा**, सारङ्गीमा **राजेन्द्र गन्दर्भ**, सनाहीमा **केशव परियार** र **रामचन्द्र सेवक** रहेकाथिए भने विभिन्न भागहरूमा बाद्यबादकहरूको भूमिका परिवर्तनसमेत भएको देखिन्छ ।

 

*तस्विर : दोहोरी प्रतियोगिताका बाद्यबाकहरू*

## २.५प्रतियोगी कलाकार

यस प्रतियोगितामा प्रत्यक्ष भौतिक स्वर परीक्षण (फिजिकल अडिसन) बाट छनोट भएका २४ समूहका ४८ जनाको प्रतिस्पर्धा भएको थियो । जसमा सुर्खेतका मानसिंह खड्का र सुर्खेतकै सुनिता बुढा, पाल्पाकी सीता घिमिरे र घादिङका सुयोग सिम्खडा, स्याङ्जाका

प्रकाश पराजुली र दाङकी मिना बुढाथोकी, बाग्लुङकी तारा थापा र दैलेखका टेकराज भन्डारी, स्याङ्जाका जीवन सिग्देल र धादिङकी अस्मिता डल्लाकोटी, दोलखाकी बिमा कुमारी विक र धादिङका सुरेन्द्र मगर, तनहुँका वसन्त विक र गुल्मीकी पवित्रा मगर, लम्जुङ्की शर्मिला थापा र लमजुङकै प्रसान्त तामाङ्ग, स्याङ्जाका राजु केसी र धादिङकी डिला विक, लमजुङ्की प्रिती गिरी र धादिङका अनुज अधिकारी, स्याङ्जाका यज्ञ भट्टराई र बाग्लुङ्की शर्मिला बिसी, रोल्पाकी जालुमाया गुरुङ र दाङका पिताम्बर पोखेल, नवलपरासीका बालचन्द्र बराल र गुल्मीकी शोभा खड्का, ओखलढुङ्गाकी मिना नेपाल र नुवाकोटका राजेन्द्र पाठक, स्याङ्जाका श्याम राना र स्याङ्जाकै बबिता गुरुङ, दाङकी रिता रावत र पाँचथरका सविन आचार्य ,गोरखाका चिज गुरुङ र गोरखाकै देवी आले, लमजुङकी मनिषा विक र चितवनका सुनिल विक, बाँकेका शङ्कर क्षेत्री र गोरखाकी बबिता बानिया, धादिङकी टिकामाया फ्यली मगर र कैलालीका दिलिप थापा, सिन्धुपाल्चोकका सज्जन रोका र सिन्धुपाल्चोककै कल्पना दाहाल, नवलपरासीकी लक्ष्मी बस्नेत र गुल्मीका बिक्रमबाबु विश्वकर्मा,गोरखाकाविजय बानिया र स्याङ्जाकी सपना रोका तथा तनहुँकी सुस्मा शाही ठकुरी र बाग्लुङ्का किरण बिसी रहेका थिए ।

## २.६ प्रतियोगिताका नियम

प्रतियोगिता सुरू हुनुपूर्व निर्णायकद्वारा प्रतियोगी र निर्णायकले  पालना गर्ने विभिन्न नियमहरू सुनाईएको थियो । जुन निम्नानुसार छन् :-

(१) हरेक समूहमा एक पुरूष एक महिला गरी २ जाना अनिवार्य हुनुपर्ने छ ।

(२) गाउने क्रममा सँगै बसेर एक-आपसमा सल्लाह गर्न पनि पाइने छ ।

(३) एक पक्षले गाइसकेको तिस सेकेण्डभित्र अर्को पक्षले जवाफ फर्काइ सक्नुपर्ने छ ।

(४) टोली प्रमुखले झिकेको कुरा सहयोगीले एक र आधा पटक छोप्नु पर्ने छ ।

(५) गीत प्रस्तुत गर्दा व्यक्तिगत, धार्मिक,राजनैतिक, लैङ्गिक र जातीय विभेदकारी आक्षेप लाग्ने शब्द तथा सामाजिक रूपमा अपाच्य अश्लील शब्दको चयन वर्जित गरिएको छ ।

(६) नेपाली मौलीक भाषा र शब्द चयनको हकमा चलनचल्तीको विकल्पबाहेक अङ्ग्रेजी र अन्य भाषका शब्द प्रयोग गर्न पाईने छैन ।

(७) दुबै समूहका पुरुष र महिलाले प्राप्त गरेको अङ्कको योगफलबाट विजेता र उपविजेता छुट्याइने छ ।

(८) अनुशासन र वेसभूषाको पनि मुल्याङ्कन गरिने छ ।

(९) संयोगवस दुबै पक्षको प्राप्त अङ्क बराबर आएमा गोलाप्रथाद्वारा वा थप पाँच पाँच टुक्का प्रदान गरिने छ ।

(१०) कार्यक्रमको समयावधि अनुरूप गीतका टुक्का सङ्ख्या निर्धारण गरिने छ भनेनिर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

(११) एक निर्णायक बराबर एक समूहको पूर्णाङ्क २०० मा मूल्याङ्कनगरिने छ । सूर, ताल, लय, हाउभाउ, प्रस्तुति, शब्द चयन, सवालजवाफ, छन्द, अनुप्रास र मौलिकतताका आधारमा निर्णय गरिने छ ।

# अध्याय तीन

# प्रतियोगितामा गाइएका दोहोरी गीतहरूको सङ्कलन

## ३.१ प्रतियोगीले गाएकादोहोरी गीतहरू

नेपाल टेलिभिजनद्वारा आयोजित दोहोरी विजेता (दोहोरी च्याम्पियन) प्रतियोगितामा गाइएका दोहोरी गीतहरू सङ्कलन गर्ने क्रममा यहाँ निश्चित प्रकारको नीति बनाइएको छ । त्यसक्रममा विभिन्न सत्रमा गाइएका दोहोरी गीतलाई सङ्कलन गर्दा ती गीत गायनको मिति, प्रतिस्पर्धी गायकगायिका, गीतको स्थायी (भाका), उद्घोषक, निर्णायक तथा अतिथि निर्णायकलाई पनि यहाँ उलेख गरिएको छ । गीतलाई स्तरीय भाषा नभई गायन तथा उच्चारणको भाषामा सङ्कलन गरिएको छ। यसरी सङ्कलन गरिएका तथ्यलाई विभिन्न उपशीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ३.१.१ दोस्रो भागमा गाइएका दोहोरी गीत

मिति २०७७ चैत्र ७ गते सञ्चालन भएको कार्यक्रमको दोस्रो भागमा**प्रिती गिरी** र **अनुज अधिकारी**को समूहले **डिला विक** र **राजु केसीको** समूहसँग दोहोरी गीत गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा **राजु केसी र प्रिती गिरी**ले**"झ्यालमा पर्दा छ, नहेर त्यसरी, माया सर्दछ"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए। यस्तै दोस्रो सत्रमा**अनुज अधिकारी** र **डिला विक**ले "**औंठी बेरुवाको, के भर पर्नु र, बोली फेरुवाको ?**" बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश **बिजी** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा**डिला विक** र **राजु केसी**को समूह विजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**राजु केसीः** गाउन लाइयो दोहोरी भाकामा
हेर्दैहेर्दै आँखाले आँखामा

**प्रिती गिरी** : के भनेर गाउनी झैँ लाछ
दोहोरीकै हस्तीसँ भेट भाछ

**राजु केसी** : पैला पैला नगाकी होइनौ नि
तिमी पनि कम्तिकी छैनौ नि

**प्रिती गिरी** : राजुबाट फुरेका ति शब्द
सुन्दा खेरी हुन्छु म निःशब्द

**राजु केसी** : यस्तो लाग्छ फुर्क्याउन लाकी होउ
कुन शब्दले प्रभावित भाकी होउ?

**प्रिती गिरी** : हरेक ठाउँमा मेरा ध्यान गएछन्
जुन शब्द नि सयेमा सये छन्

**राजु केसी** : तेती राम्रो भने झैं लाउँदैन
कोही बेला त एक टुक्कै आउँदैन

**प्रिती गिरी** : हरेक प्रतिस्पर्धामा भ्याछौ
तीन चोटीसँ रनिङ सिल्ड जित्या छौ

**राजु केसी** : देख्छ्यौ खाली बाजी नै मारेको
एकचोटी त हुँ क्यारे हारेको

**प्रिति गिरी** : म एक्लो घर ज्यान् सिङ्गो बस्ती हौ
तर राजु दोहोरीकै हस्ती हौ

**राजु केसी** : भर्नपर्छ दोहोरीकै पृष्ट
यो नजरमा तिमी नि उत्कृष्ट

**प्रिती गीरि** : तिम्रो बारे थाहा छैन कल्लाई?
त्यो दाँजोमा सुहाउन्न भो मलाई

**राजु केसी** : हिन्नुपर्छ खटेर डटेर
हुन्न प्रिती पछाडि हटेर

**प्रितिगिरी** : त्यै सोचले नै यहाँसम्म आकी छु
राजुसँग गीत गाउने भाकी छु

**राजु केसी** : मिठामिठा टुक्काले हान्नी होउ
त्यही त भनेँ मै सरह जान्नी होउ

**प्रिती गिरी** : प्रतिस्पर्धा हाऱ्या छु कत्ति त
छैन राजु म तिमी जत्ति त

**राजु केसी** : सिक्दै भोग्दै अल्ली ज्ञान बढ्छ नि
हिँड्ने मान्छे कहिलेकाइँ लड्छ नि
**प्रिती गिरी** : था छ मलाई हिडेसि लडिन्छ
लडेर नै अगाडि बढिन्छ
**राजु केसी** : राम्रै गाउने गायिका हौ केरे
के भनौ त ?बुझेकी छौ के रे
**प्रितिगिरी** : गाउनै भनी जन्मेर आका हौ
इस्सोरबाटै बरदान पाका हौँ
**राजु केसी** : आजभोलि भैछौ झन्  तरुनी
तरिफ मात्रै गर्छौ कि अरू नि?
**प्रिती गिरी** : गर्व गर्छु दोहोरी गाउनुमा
प्रतिस्पर्धी राजुलाई पाउनुमा
**राजु केसी** : बुझेँ मलाई भगवान् झैँ मान्छ्यौ
भन प्रिती मबाट के चान्छ्यौ
**प्रिती गिरी** : थोरै चिन्थेँ झन् धेरै चिन्न पाम्
तिम्रै बाटो पछ्याउँदै हिन्न पाम्
**राजु केसी** : यो डिलालाई पारेर दङ्गै
पछि होइन हिड्ने हो सङ्सँगै
**प्रिती गिरी** : सङ्गैसङ्गै हिड्न पाउँ जैले नि
त्यै अपेक्षा गऱ्या छु मैले नि
**राजु केसी** : हिँडे पनि माटा र धुलोमा
नचाउने मन केसीको चुलामा
**प्रिती गिरी** : बस्छौ भने दिलभित्र बास् दिन्छु
मेरै हातले पस्केर गास् दिन्छु
**राजु केसी** : हेर्ने मन् छ यो प्रिती मस्केको
तिम्रै कोमल् हात्ले भात् पस्केको
**प्रिती गिरी** : जुनी जुनी राजुकै हुन पाम्
गर्व गर्दै मेरै हौ भन्न पाम्

**राजु केसी** : लाको छैन एकछिन् नि कुरम् त
भन आफैँ कैलेसाइत् जुराम् त?

**प्रिती गिरी** : प्रिती गिरी सानुकै साथ्मा छ
बाँकी कुरा राजुकै हात्मा छ

**दोस्रो सत्र**

**अनुज अधिकारी** : रोदीघर्को आँगनमा बसेर
गाउन लाइयो पलेटी कसेर

**डिला विक** : वारि पारि बसियो दुईतिर
हेर्न मन् लाइरने उइतिर

**अनुज अधिकारी**: गाइदिम् क्या हो नजिकै सरी
हेरम् आँखा झिमिक्क नगरी

**डिला विक** : धित् मरुन्जेल् हेर्छु केही चाइँदैन
छेउमै आउन मन् लाथ्यो पाइँदैन

**अनुज अधिकारी**: कति मिठा शब्दले गाउँछ्यौ नि
दिल्मा बस्न भन्न त पाउँछ्यौ नि

**डिला विक** : तिम्रै झल्को आइरन्थ्यो खाली
तेति पाए के खोज्ली यो काली?

**अनुज अधिकारी** : कुरो बुझी अनुज र डिलाको
रैछ आज दैवले मिलाको

**डिला विक** : भगवान्ले आज भेट् जुटाए
हुन्थ्यो अब कैलै नछुटाए

**अनुज अधिकारी** : अब साािहस् यो भन्दा जुट्दैन
बर्षौंपछि भेटाएँ छुट्दैन

**डिला विक** : रैछौं आखिर दुइटैले चाहेको
मन्ले रैछ थाहा नपाएको

**अनुज अधिकारी** : डिलाकै याद् मन्मा थ्यो जहिले नि
भन्ने मौकै जुटेन कैलै नि

**डिला विक** : टाढा बन्न मलाई नि मन् थेन

अस्वीकार छौ भनेर भन्थेन

**अनुज अधिकारी** : लडेँ भने समाउनी हात् पाएँ

भाग्यमानी डिलाको साथ् पाएँ

**डिला विक** : अब तिम्ले विष् दिए नि खानी हो

डिला त झन् सौभाग्यमानी हो

**अनुज अधिकारी** : दुईटा मुटु अब त गाँसम्ला

सँगै रुम्ला सङ्सँगै हाँसम्ला

**डिला विक** : होस् यो माया अमर अजर

नलाओस् कैलै शत्रुको नजर

**अनुज अधिकारी** : गर्छु माया यो जुनी रहिन्जेल्

नामको अघि स्वर्गीय नभइन्जेल्

**डिला विक** : पिरतीको यो पहिलो चरण् हो

सप्रे जीवन् बिग्रेसी मरण् हो

**अनुज अधिकारी** : दिन्छु साथ सुख र दुःखमा

नपरुन्जेल मिर्तुको मुखमा

**डिला विक** : हरेक पल्मा अनुजलाई भेट्न पाम्

मेरो थकाइ त्यै काखमा मेट्न पाम्

**अनुज अधिकारी**: साँचो माया गरेकाहरूले

हामीबाटै केई सिकुन् अरूले

**डिला विक** : जल्नेहरू जलेरै मरुन्

मुनामदन् आकाश्मा रिस् गरुन्

**अनुज अधिकारी** : उदाहरणीय यो जोडी बन्नी

छुटेकै हुन् मुना र मदन् नि

**डिला विक** : यो मायाको रहिरहोस् छवि

अर्को एउटा जन्मियोस् माकवि

## ३.१.२ तेस्रो भागमा गाइएको दोहोरी गीत

मिति २०७७ चैत्र १४ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको तेस्रो भागमा**बिक्रमबाबु विक रलक्ष्मी बस्नेत**को समूहले **प्रदीप रोका र कल्पना दाहाल**को समूहसँग  दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा **बिक्रमबाबु विक र कल्पना दाहाल**ले**"कालिपारे दाई, कालीपारे दाई, मेरो मायालाई नबिर्सनु है"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा**प्रदीप रोका** र **लक्ष्मी बस्नेत**ले **"मिर्मी मुनि काली थुनेको, अन्तै माया लाइछौ रे मायाले, साँच्चै होकि हल्ला सुनेको?"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकहरूमालोक गायक **राजु परियार** र लोक गायिका **टिका पुन**थिए । यी दुईवटा सत्रको प्रतियोगितामा **प्रदीप रोका र कल्पना दाहाल**को समूह विजयी भएको थियो ।  यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहलो सत्र**

**बिक्रमबाबु विक**:  सम्मान् गर्दै सङ्गीतको धर्मलाई
सुरु गरैं आजको कर्मलाई

**कल्पना दाहाल** :  हाँस्नी बोल्नी केही कदम् चालनी
मैले पनि गरैं हैं थालनी

**बिक्रमबाबु विक**:  झन्डै मैले गीत् गाउन भुल्या
आँखै अघि गुलाफ्को फूल् फुल्या

**कल्पना दाहाल** :  के-के हुन्छ गीत् गाउँदै गएसि
तिमी बास्ना म फूल भएसि

**बिक्रमबाबु विक**:  पर्छ कुरा बुझ्न र सुन्न है
बाइरी भँम्रा पल्काउन हुन्न है

**कल्पना दाहाल** :  मनको कुरा भन्न त पाउँला
फूल फुल्या ठाउँ काँ भमरा नआउला

**बिक्रमबावु विकः** जुन फूलमा छौ त्यै फूल मलाई देऊ
बाहिरी भँम्रा आए नि तह लाइदेऊ

**कल्पना दाहाल** : जस्तो पीडा आए नि खपाउँला
तिम्ले जस्तो सब्ले ठाउँ नपाउँला

**बिक्रमबाबुविकः** त्यै त फूल सुन्दर छ भन्या छु
म नि यता निर्धक्क बन्या छु

**कल्पना दाहाल** : तिमीप्रति विश्वस्त म बनेँ
अझै सोच मन् सङ्कोच् छ भने

**बिक्रमबावु विकः** तिम्लाई हेर्छु बल्ल मन् भरिन्छ
आँखा चिम्ली विश्वास गरिन्छ

**कल्पना दाहाल** : राम्रै हुन्छ पिरती सरे
विश्वास गर्छु विश्वासघात् नगरे

**बिक्रमबाबु विक** : तिमी बाहेक अन्त मन लुक्दैन
बचन् दिएँ दिएसि चुक्दैन

**कल्पना दाहाल** : बल्ल सप्ना हुने भो पूरा
बाउआमालाई भन्छु म यो कुरा

**बिक्रमबाबु विकः** सधैँ हेर्ने यो कस्तो बानी भो
पूर्वको फूल पश्चिम्मा जानी भो

**कल्पना दाहाल** : लाउँछौँ माया तिमी म भएर
बास्ना चल्छ पश्चिम्ममा गएर

**बिक्रमबावु विकः** मेरी आमा दुखी छन् हँसाउनु
पश्चिमतिर मग्मगी बसाउनु

**कल्पना दाहाल** : बस्छु अब तिम्रै भर परेर
त्यै आमाको स्यार्सुसार् गरेर

**बिक्रमबावु विकः** पाउने छैनौ कोईको मन् मौलाउन
मैले पनि दिन्न है ओइलाउन

**कल्पना दाहाल** : आजैदेखि म नजिक् बनेको
मेरै घर् हो तिम्रो घर् भनेको

**बिक्रमबाबु विक** :	आजैदेखि गऱ्याछु भर् तिम्रै
सिङ्गो शरीर् घर् तिम्रै भर् तिम्रै

**कल्पना दाहाल** :	जीवन्भरि मायाले बेर्न पाम्
घाम् उदाउँदा तिम्रै मुख हेर्न पाम्

**बिक्रमबाबु विक**:	यस्ती ब्याारी छे भन्नी जनाउनु
मन्दिर् जस्तै हाम्रो घर् बनाउनु

**कल्पना दाहाल** :	दुख सुख बसम्ला गुजारी
म त भक्त तिमी हौ पुजारी

**प्रदीप रोका :**	गाउन थाल्यौँ पलेँटी कसेर
वरपर निर्धक्क बसेर

**लक्ष्मी बस्नेत** :	च्याम्पियन्ले बनाछ भेट
गीतैबाट खोलिन्छ मन्पेट

**प्रदीप रोका :**	यति ठूलो अवसर् पाएको
भन है त भन्न मन् लाएको

**लक्ष्मी बस्नेत** :	ठाउँ छ भने मुटुमै थुनाऊ है
केही म भन्छु केही तिम्ले सुनाऊ है

**प्रदीप रोका :**	ठाउँ छ मन्मा सदैव चोखो छ
मलाई तिम्रो यै भन्नी धोको छ

**लक्ष्मी बस्नेत** :	तिमी कुमार् म पनि कुमारी
बस्न पाइने भो माया उमारी

**प्रदीप रोका :**	कालेको मन् गोरीले छुनी भो
खाली भाको दिल् भरि हुनी भो

**लक्ष्मी बस्नेत** :	पूरा गर्न थे धेरै सपनी
प्रदीप जस्तो मान्छे पाएँ म पनि

**प्रदीप रोका :**	माया लाउँछु नौमती बजाउँछु
सपनाको सानो घर् सजाउँछु

**लक्ष्मी बस्नेत** :	अब एउटा हट्ने भो पिर् मेरो
तिम्रै हात्ले कोरेसी शिर् मेरो

**प्रदीप रोका** :	मेरै हात्ले तिम्रो शिर् छुन्छु
बूढो भइस् भन्नेका मुख् थुन्छु

**लक्ष्मी बस्नेत** :	कुरा काट्ने सबैलाई छोडेर
थर् देऊ मलाई मेरो नाम जोडेर

**प्रदीप रोका :**	ठानुन् बरु देख्नेले आँखी
म अपाङ्गो तिमी हौ वैशाखी

**लक्ष्मी बस्नेत** :	नबोलेरै मन्को भाव् बुझ्न पाम्
देउता सम्झी तिम्रो पाउ पुज्न पाम्

**प्रदीप रोका :**	बूढी भन्छु सोध्नेले को भन्दै
माया दिन्छु जिन्दगी हो भन्दै

**लक्ष्मी बस्नेत** :	बाइरी आखाँ तर्नेलाई बार् लाइदेउ
अब जीवन् तिम्ले नै पार् लाइदेउ

**प्रदीप रोका** :	केही नसुन सुनाए अरूले
आहा भन्छन् छि भन्नेहरूले

**लक्ष्मी बस्नेत** :	मैले पनि पार्दिन छि भन्नी
बनाउनेछु यो यस्ती थि भन्नी

**प्रदीप रोका :**	मुख थुनिदेऊ वारि र पारिको
यस्तै हिम्मत् मन्पर्छ नारीको

**लक्ष्मी बस्नेत** :	तिम्री सानी जान्नी छ बुझ्नी छ
ढुक्क बन घर बेबार् धान्नी छ

**प्रदीप रोका :**	उमेर स्वाउँदो देख्दा मन् पर्‍या हो
यही देखेर मैले बल् गर्‍या हो

**लक्ष्मी बस्नेत** :	रिसाएनी मायाले मनाम्ला
हाम्रो जोडी नमुना बनाम्ला

**प्रदीप रोका** :	प्रशंसा होस् हामी दुईजनाको
बनोस् माया कोईले नबनाको

**लक्ष्मी बस्नेत** :	परेपनि रोएर हिन्न म
तिम्रो नाम्मा दाग् लाग्न दिन्न म

### ३.१.३ चौँथो भागमा गाईएको दोहोरी

मिति २०७७ चैत्र २१ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको चौँथोभागमा**प्रितम पोखरेल** र **जालुमायागुरुङ**को समूहले **शर्मिला विसीरयज्ञ भट्टराई**को समूहसँग  दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा प्रितम पोखरेल रशर्मिला विसीले **"छिनछिन् बज्ने चुरा, मुटुभित्र बसेकी मायालाई काँ बिर्सेको छु र ?"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए । यस्तै दोस्रो सत्रमाजालुमाया गुरुङ रयज्ञ भट्टराइले **"तिम्रो साथमा रातो पछ्यौरी, रातो पछ्यौरी अनि तातो पछ्यौरी, मलाई चिसो हावाले हानेको खै त माया गर्न जानेको (महिला तिम्रो साथमा रातो गलबन्दी रातो गलबन्दी अनि तातो गलबन्दी मलाई चिसो हावाले हानेको खै त माया गर्न जानेका)"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा प्रितम पोखरेल र जालुमाया गुरुङ्को समूह विजयी भएको थियो ।यस अवसरमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलोसत्र**

**प्रितम पोखरेल** : कति राम्रा आका हुन् नारी नि
आजै फेरी काटिन दारी नि

**शर्मिला विसी** : झ्याप्पै नजर् लाइहाल्यौ नारीमा
तिमी राम्रो देखिन्छौ दारीमा

**प्रितम पोखरेल** : गजब् लाग्यो फुर्काउने तरिकै
तिम्ले नि रूप् पाई रैछौ परीकै

**शर्मिला विसी** : अहिलेसम्म पाई छैन मन् दिनी
पहिलो मान्छे हौ राम्रो भन्दिनी

**प्रितम पोखरेल** : राम्रो देखैँ म भन्दा दोब्बरै
हाँसो पनि क्या मीठो ! हो बरै !

**शर्मिला विसी** : तिमी पनि राम्रै छौ छन त

काँ हो घर के हो नाम्?भन त

**प्रितम पोखरेल** : बोली पनि क्या सारै मीठो हो

प्रितम हुँ म दङ्गाली ठिटो हो

**शर्मिला विसी** : कति मिठो ! जिस्किने बानी

के गरेर बस्या छौ राजधानी?

**प्रितम पोखरेल** : तिम्रो बारे जान्न मन् लाएको

गाउँमै बस्छु हिजो हो आएको

**शर्मिला विसी** : मौका परे गीत् गाउन धाउँछु

म शर्मिला दोरीमै रमाउँछु

**प्रितम** : शर्मिलामा मेरो ध्यान् गाको छ

खाली सिउँदो मुस्कुराइ राको छ

**शर्मिला विसी** : फुर्क्याएर बोल्ने त धेरै छन्

तिमी पनि पऱ्या छ सारै मन्

**प्रितम पोखरेल** : हिँड्न मन् थ्यो समार हातैमा

कोही छन् कि नाइ बार लाउनी बाटैमा?

**शर्मिला विसी**. : सत्य बोल्छु छैन केही ढाटेको

को हुन्थ्यो र म एकलकाटेको

**प्रितम पोखरेल** : पूरा होला जस्तो छ सपनी

राम्रै दिन्मा हिँडेछु म पनि

**शर्मिला विसी** : आतुर् भयो सोध्नलाई मेरो मन्

घर् परिवार् दाजुभाइ कति छन्?

**प्रितम पोखरेल** : परिवार् त गऱ्या छन् रङ्गै

एउटा भाइ छ बाउआमा सङ्सँगै

**शर्मिला विसी** : दिए तिम्ले चुरा र सारी

छोरी जस्तै हुने भएँ बुहारी

**प्रितम पोखरेल** : हाम्रै गाउँमा जाउली है लजार

राख्नेछु म रानी झैँ सजार

**शर्मिला विसी** : कति बेला जाउँ जस्तै भाकी छु

भाग्यमानी रोजेकै पाकी छु

**दोस्रो सत्र**

**यज्ञ भट्टराई :** जालुमाया भेट्टाउन पाइयो
दुबोमाथि बसेर गीत् गाइयो

**जालुमाया गुरुङ :** सपनीमा थिएँ पुल तरेको
तिमीसङ्ग भेट् हुन परेको

**यज्ञ भट्टराई :** भनिहाल्यौ पुल् तरेँ भनी
कस्तो विचार् गरेकी छौ तनि?

**जालुमाया गुरुङ :** कस्तो विचार् भन्ने खै था छैन
गीत्मा बाहेक अन्त मन् गा छैन

**यज्ञ भट्टराई :** माया नि लाम् गाउँदै जाम् दोहोरी
किन तेति भाकी त एकोहोरी

**जालुमाया गुरुङ :** मेरो बारे असाध्यै पिर् मान्छन्
लाउँथे माया घरमा सिर्मान् छन्

**यज्ञ भट्राई :** रेछौ श्रीमान् घरैमा राखेको
सिउँदो खाली देखेर ताकेको

**जालुमाया गुरुङ :** बाउबाजेको संस्कारमा रहेर
लाइन सिन्दुर नछुनी भएर

**यज्ञ भट्टराई :** सोध्न छैन अझै हार् खात
शङ्का लाछ तिलहरी देख्दा त

**जालुमाया गुरुङ :** केटी देख्दा छौ नजिक परेको
अझै बिहे छैनौ र गरेको?

**यज्ञ भट्टराई :** जिस्काइहालेँ गीतको झोक्मा
बे त भाथ्यो श्रीमती परलोक्मा

**जालुमाया गुरुङ :** दैवले नि रैछ छल् गऱ्या
बूढीपिडीत् रैछौ नि विचरा !

**यज्ञ भट्टराई :** अरूभन्दा म अलि बेग्लै छु
तिन्टा बच्चा पाल्या छु एक्लै छु

**जालुमाया गुरुङ** : महान् पुरुष हैनौ नि कच्चा
के काम् गरी पाल्या छौ बाल्बच्चा?

**यज्ञ भट्टराई :** आउँछन् आँसु गालैमा रोक्छु
राती गाउँछु दिउसोमा मल् बोक्छु

**जालुमाया गुरुङ** : पीडा सुन्दा छाप् लाग्यो छातीमा
कुन दोरीमा गीत् गाइछौ रातीमा?

**यज्ञ भट्टराई :** एक्लो जीवन् ईश्वरकै पर्छु भर्
नगरकोट् हो ठमेल्को रोदीघर्

**जालुमाया गुरुङ** : कत्ति रुन्छ होलानि मन त
छोराछोरी कोसङ्ग बस्छन् त?

**यज्ञ भट्टराई :** एउटी खोज्देऊ छ भने तिम्रो मन्
ऐले घर्मा तीन्जना मात्रै छन्

**जालुमाया गुरुङ** : छोरा भोटो छोरीलाई जामाको
कमी हुन नदेउ है आमाको !

### ३.१.४ पाँचौँ भागमा गाइएको दोहोरी

मिति २०७७ चैत्र २८ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको पाँचौभागमा**राजेन्द्र पाठक रमिना नेपाल**को समूहले **शोभा कार्कीरबालचन्द्र बराल**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा बालचन्द्र बराल र मिना नेपालले **"एउटा आत्मा छ, त्यही आत्मा नि र्वाउने कि हँसाउने तिम्रै हातमा छ "**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए । यस्तै दोस्रो सत्रमाराजेन्द्र पाठक र शोभा कार्कीले **"वनको काफल बनकै चरीलाई, तिम्रो माया दुई दिनको भएनि मेरो माया जुनीभरिलाई"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकहरूमा**पूर्णकला विसी** तथा गायक **खुमन अधिकारी**रहेका थिए।यी दुईवटा सत्रको प्रतियोगितामाशोभा कार्की र बालचन्द्र बरालको समूहले जित हाँसिल गरेको थियो। यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन्:

**पहिलो सत्र**

**बालचन्द्र बराल :** बस्नी ठाम्मा दुबो छ हरियो
हाँस्दै हेर्दै गीत् सुरु गरियो
**मिना नेपाल :** अघि बड्न मौकामा पाए त
सोर्ग भन्थे यै होला सायत
**बालचन्द्र बराल** : कोसिस्मा छु फलाउनी फुलाउनी
सङ्गीत् रैछ सबै चीज भुलाउनी
**मिना नेपाल :** सङ्गीत्को फूल् मालामा गाँस्छु म
गाउन पाउँदा पिर् भुली हाँस्छु म
**बालचन्द्र बराल** : ठट्टै बनी हो कि भ्रै गराउँछ
मेरो त भ्रन् भोक्तिर्खा हराउँछ
**मिना नेपाल :** गीत् गाउनलाई देशभरि डुल्छु म

गाउँदागाउँदै घर् जान भुल्छु म

**बालचन्द्र बराल** : हेर्दै हाँस्दै गीत्  गाउनै खुल्नीको

काँ होला घर्?घर् जानै भुल्नीको

**मिना नेपाल :** घर् त मेरो हो पूर्वी किल्लामा

व्याकुल् माइला जन्मेको जिल्लामा

**बालचन्द्र बराल** : म बाल्चन्द्र बाग्लुङे ठिटो हो

पूर्वेलीको स्वर् कति मिठो हो !

**मिना नेपाल :** तिमी पश्चिम् म परेँ पूर्वको

दुइटा मुटु बनोस् एक् धुर्वको

**बालचन्द्र बराल** : गीत् गाउदै तिम्रो मन् छुन पाम्

दुइटा मुटु एक् केन्द्र हुन पाम्

**मिना नेपाल :** नपार है जिवन्मा रुन

राजी छौ त पूर्वेली ज्वाइँ हुन

**बालचन्द्र बराल** : चाहाना छ सङ्सँगै हिन्न म

सुख छैन दुःख नि दिन्न म

**मिना नेपाल :** पूर्वेली ज्वाइँ छोरा झैँ बन्छन्

सहन्छौ त ओए भन्छन् होए भन्छन्

**बालचन्द्र बराल** : पश्चिमेली कम् छैनन् कोही भन्दा

हजुर् भन्छु हस् भन्छु ओए भन्दा

**मिना नेपाल :** महल् छैन छानो छ रातो पाल्

बस्नुपर्छ छ मैना ससुराल्

**बालचन्द्र बराल** : राख्दिन म आँसुको ताल्मुनि

दरबार् सोच्छु भएनी पालमुनि

**मिना नेपाल :** परेको छ तिमी नै मन् सारै

तिमी हाँस्दा उज्यालो संसारै

**बालचन्द्र बराल** : मेरो घर्वार् जोडिँदा उ सित

को होला र म जति खुसी त

**मिना नेपाल :** पत्नीलाई भर् यति होस् पतिकै

पीपल्लाई साथ वरको भा जतिकै

**दोस्रो सत्र**

**राजेन्द्र पाठक :** गाउने साथी भेट् भाछ नौली
मन्ले सोध्यो काँ देखि को हौली?

**शोभा कार्की :** शोभा कार्की घर् म्याग्दी सेती हो
भन्नैपर्दा अर्काकै खेती हो

**राजेन्द्र पाठक :** उस्तै-उस्तैभेट् भयो के भाको
म पनि त हुँ सानु बे भाको

**शोभा कार्की :** भन्दिन म तिम्लाई मन् पारेँ
तिमी र म भेट भइयो घर्वारे

**राजेन्द्र पाठक :** कि त तिम्लाई दुःखले सताछन्
शिर्को स्वामी के गर्छन् कता छन्?

**शोभा कार्की :** जे भएनि खुसि छ मन् मेरो
कुल्ली काम् हो साथैमा छन् मेरो

**राजेन्द्र पाठक :** दोरी गाउनी देख्दा नि सपनी
इँट्टा बोक्छु दिन्भरि म पनि

**शोभा कार्की :** दोरी गाउँछु म बेला बेलामा
फल्फूल् बेच्छु मै पनि ठेलामा?

**राजेन्द्र पाठक :** साउँ उठ्यो कि पऱ्या छौ  रिन्मा
कति व्यपार गछ्र्यौ त एक् दिन्मा?

**शोभा कार्की :** यत्ति गर्छु भनेर था छैन
नाफा छैन घाटा नि भाछैन

**राजेन्द्र पाठक :** आफ्नो हो कि लेकी छौ भाडामा?
कुन-कुन फल्फूल् राख्या छौ गाडामा?

**शोभा कार्की :** सामाखुसी चोकनेर डेरा छ
स्याउ, सुन्तला, मेवा  र केरा छ

**राजेन्द्र पाठक :** मलाई पनि अफठ्यारै भो सानु
सुन्तलाको दाम कति हो सानु?

**शोभा कार्की :** व्यापार् गर्न निस्कन्छु ढिलो
एक् सयमा देकी छु डेढ् किलो

**राजेन्द्र पाठक :** मन्ले किलो पचासमा देऊ भन्छ
घर्मा छोरो सुन्तला लेऊ भन्छ

**शोभा कार्की :** व्यापार भन्या गर्नी हो खाटी नै
मेरो आफ्नो पऱ्या छ साठी नै

**राजेन्द्र पाठक :** इँट्टा बोक्दै दिनभरि हिन्छु म
मिलार देउ तिम्रैमा किन्छु म

**शोभा कार्की :** पऱ्या दाम्मा पाँच रुपियाँ लाएर
के बेच्नु र मै घाटा खाएर

**राजेन्द्र पाठक :** गणेस्थान्मा मेरो नि डेरा
सुन्तला त मङ्गो भो  देऊ केरा

**शोभा कार्की :** केरामा त धेरै छ खर्च
एक दर्जन्को एक् सय बिस् पर्छ

**राजेन्द्र पाठक :** दुःख लाग्छ सम्झिँदा अति त
त्यसो भए स्याउको भाउ कति त ?

**शोभा कार्की :** सोधिरनी कस्तो हो बानी?
मूल्य सोध्नी केई पनि नलानि

## ३.१.५ छैठौं भागमा गाइएको दोहोरी

मिति २०७७ वैशाख ४ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको छैठौं भागमा**देवी आले** र **चिज गुरुङ्**को समूहले **मनिषा विक** र **सुनिल विकको** समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा  सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमाचिज गुरुङ र मनिषा विकले "**साह्रै राम्री छेउ, तिम्रो जोवान राजीनाम देउ**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए । यस्तै दोस्रो सत्रमादेवी आले र सुनिल विकले"**बैंसी बेलघारी, सरर आउ माया रुखको छेलपारी**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । त्यसैगरी अतिथि निर्णायकहरूमालोक गायक **प्रकाश सपुत** गायिका **देवी घर्ती**रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामादेवी आले र चिज गुरुङ्कोसमूहले जित हाँसिल गरेको थियो ।  यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन्

**पहिलो सत्र**

| | |
|---|---|
| **चिज गुरुङ :** | गाउन आइयो साइतै पारेर |
| | भोटे ताल्चा ढोकामा मारेर |
| **मनिषा विकः** | नेपालीपन तिमीमा झल्केर |
| | म नि आएँ टलक्क टल्केर |
| **चिज गुरुङ :** | लठ्ठै पाऱ्यो माधुर्य बोलीले |
| | आँखै खायो झिल्झिले चोलीले |
| **मनिषा विकः** | तिम्रो आँखा चोलीमा टल्क्या छ |
| | मेरो आँखा चोलीमा पल्क्या छ |
| **चिज गुरुङ :** | मनिषासँ भेट हुन पाइया छ |
| | धन्न आज मुन्द्रा चाहिँ लाइया छ |
| **मनिषा विकः** | चोली देख्यौ ठाडो भो शिर |
| | खुकुरी नि ढल्क्या छ दुईतिर |
| **चिज गुरुङ :** | मन्मा हर्ष बोकेर आको छु |

आफ्नो संस्कार् झल्काउन लाको छु

**मनिषा विकः** धेरै भेटेँ तन् भन्नी मन् भन्नी
यै त होला नेपालीपन् भन्नी

**चिज गुरुङ :** जन्ती-भतेर गरामा खा झैँ भो
सहनाई बज्दा बिहेमा गा झैँ भो

**मनिषा विकः** गीत गाउँदा च्याम्पियन्को खालमा
नाचम् झैँ भो मादल्को तालमा

**चिज गुरुङ :** दोहोरीमा कम्मरै भाँचम्ला
ऐले गीत् गाइसकेर नाचम्ला

**मनिषा विकः** याँ आउदा त देखे झैँ सपनी
हजुर् नाच्दा नाच्नेछु मपनि

**चिज गुरुङ :** हुन्छ नि त अप्ठ्यारो मान्दिन
नाच्न सिकाऊ म त्यति जान्दिन

**मनिषा विकः** नाच्दाखेरि बस्नु है मै नेर
सिकाइहाल्छु हजुर्लाई के पिर?

**चिज गुरुङ :** छेउमै बस्छु भनेको मान्नी छौ
भनेपछि नजर्ले हान्नी छौ

**मनिषा विकः** तिमी आउन कम्मर् भाँच्नलाई
कोसिस् गर्छु थोर्थोरै नाच्नलाई

**चिज गुरुङ :** किन हो र रहर साँचेको ?
राम्रै हुन्छ मन्देखि नाचेको

**मनिषा विकः** अन्त कतै नजानू छोडेर
नाच्नुपर्छ कुम्मा कुम् जोडेर

**चिज गुरुङ :** नाच्दानाच्दै मन्को बात् साटम्ला
कुम् जोडम्ला छेकर् नि काटम्ला

**मनिषा विकः** सर्नलाई मै तिर सरेस्
आँखा लोभी मन् पापी नगरेस्

**चिज गुरुङ :** थोरै बोल्नी मेरो नि बानी हो

थाहा छ मलाई काँसम्म जानी हो?

**मनिषा विक:** म बसेसी तिम्रो नै सार् गरी
कोई त जान्छन् हद नै पार् गरी

**दोस्रो सत्र**

**सुनिल विक:** आँट गरेर गीत् गाउन टक्रिएँ
प्रतिस्पर्धी देख्छु झन् सक्रिय

**देवी आले :** दोरी गाउन कत्तिको सकिएला
तिम्ले जिते तिम्ले नै लकिएला

**सुनिल विक:** खुब् नाम् चल्या छ देवी आलेको
म त भर्खर गाउन हो थालेको

**देवी आले :** मलाई बरु सारै डर् लाइराछ
भर्खर भएनि निर्धक्क गइराछ

**सुनिल विक:** गाउन मात्रै काँ छौ र सिमित
हँसाउन नि पर्खर् छौ तिमी त

**देवी आले :** देख्नेहर्ले छ राम्रै मानेको
गर्नै पर्‍यो आफूले जानेको

**सुनिल विक:** तेती मात्रै छ कि त अरू
त्यसैमा त छन् तिम्रा गुनहरू

**देवी आले :** पछि हैन अगाडि सर्ने हो
छेमताले भ्याएसँ गर्ने हो

**सुनिल विक:** त्यसै छु र देवीलाई मानेको
मलाई पनि सिकाइदेऊ जानेको

**देवी आले :** त्यसैकिन जिस्काइछ हँसाइछ
हाम्रो अहिले काठमान्डौ बसाइ छ

**सुनिल विक:** त्यसै डरा झैं गछ्यौ किन?
के भनी होउ राम्रोसँ बुझिन?

**देवी आले :** मैले गर्‍या काम् राम्रो लाए त
सिकाइदिन्थैं काठमान्डौ आए त

**सुनिल विकः** दुई दिन भयो काठमान्डौ झरेको
खै त तिम्ले केई वास्ता गरेको?

**देवी आले :** आजभोलि नौलो झैँ भाको छ
जैले आ नि आजै भेट् भाको छ

**सुनिल विकः** तिम्ले याद त पुराए छातीसँ
फोन्मा वात् नि भयाथ्यो रातीसँ

**देवी आले :** यी शब्दले मनैमा विझ्यो त
सातै बजे सुतेँ म हिजो त

**सुनिल विकः** सत्य बोल पर्छ सब् मर्न
कैले छोड्यौ दोरीमा काम् गर्न?

**देवी आले :** काँको कुरा काँ लगी जोडेको
दुई साल् भयो दोहोरी छोडेको

**सुनिल विकः** जान्थेँ घर एकचोटी सुनी
के काम् हो र भन्नलाई नहुनी?

**देवी आले :** सँगै दोहोरी गाइराछौ होइन र ?
गाउनी काम् हो तिम्लाई था छैन र?

**सुनिल विकः** किन आज ठिक् ठउँमा छैनौ र?
दोहोरी साँझमा छोडेकी हैनौ र?

**देवी आले :** यस्तै अव्सर् पा बेला आउँछु नि
दिउँसो छोडेँ साँझ त गाउछु नि

## ३.१.६सातौँ भागमा गाइएको दोहोरी

मिति २०७८ वैसाख ११ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको सातौँ भागमा**दिलिप थापारटिकामाया पुन**को समूहले **शंकर क्षेत्रीरबबिता बानियाको** समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा शंकर क्षेत्री र टिकामाया पुनले**"देउरालीको भट्टी पसल, तुम्बा र छ्याङ् भन्दा नि साहुनीको बोली असल** (महिला : लाहुरे दाइको बोली असल आउँदै गर लाहुरे दाइ देउरालीको भट्टी पसल)"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा बबिता बानिया र दिलिप थापाले**सररर पनी घट्टमा, म त प्यारी फर्कन्छु फर्कन्न नाम सारे जै पेन्सन पट्टामा (महिला : सररर पनी घट्टमा, मेरो प्यारा हजुर नै नहुँदा मन बुझ्ला र पेन्सन पट्टामा)"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । त्यसैगरी अतिथि निर्णायकहरूमालोक गायक **पशुपति शर्मा** गायिका **रिता थापा मगर**रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा शंकर क्षेत्री र बबिता बानियाको समूह विजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीतको पाठ यस प्रकार रहेको छ :

### पहिलो सत्र

**टिकामाया पुन :** दायाँबायाँ टेकेर पाइलो
लर्बराउदै आइपुग्यो ए साइँलो

**शङ्कर क्षेत्री :** साउनी पनि यादैमा हराउनी
खाकै छैन के को लरबराउनी

**टिकामाया पुन :** यता टेक्दा पल्तिर गाको
देखिराछु खाको र नखाको

**शङ्कर क्षेत्री :** छोडिसकेँ भट्टीमा छिर्नलाई
आको आज उधारो तिर्नलाई

**टिकामाया पुन :** खा र गयौ मेरोमा छिरेनौ
अस्ति पनि त्यही भन्थ्यौ तिरेनौ

**शङ्कर क्षेत्री :** अस्ति गफ्मा भुलेर गाको हो
आज तलब् बुझेर आको हो

**टिकामाया पुन :** मेरो तिर्न बिस् हजार जति छ
हेरम् न त खल्तीमा कति छ

**शङ्कर क्षेत्री :** झुटो बोल्यौ भन्दिन रिस् भयो
पन्ध्र थियो कसरी बिस भयो?

**टिकामाया पुन :** पन्ध्र हजार् पहिल्यै थ्यो भएको
अस्ति आर खाएर गएको

**शङ्कर क्षेत्री :** अब देखि यो भट्टी छिर्दिनँ
साँचो बोल झुट् बोले तिर्दिनँ

**टिकामाया पुन :** भयो अब निउ नलेऊ मसित
नपताए हेर त रसित

**शङ्कर क्षेत्री :** भनिसकेँ जाँड् रक्सी छोड्ने हो
झिक खाता म आफै जोड्ने हो

**टिकामाया पुन :** तिम्लाई विश्वास नलागे जोड
तर आज एक रुप्याँ नछोड

**शङ्कर क्षेत्री :** मिठो बोल्छु भेट हुँदा झर्किन्न
भनिसकेँ नतिरी फर्किन्न

**टिकामाया पुन :** धेरै भयो त्यही भन्थ्यौ आएर
अस्ति जस्तै नभागे खाएर

**शङ्कर क्षेत्री :** मैले जस्तो त्यो मन्ले ठानेनौ
खाता झिक भनेको मानेनौ

**टिकामाया पुन :** बसी रन्छौ अगिनै डाकेको
देखेनौ र अगाडी राखेको ?

**शङ्कर क्षेत्री :** तिम्रो कुरा भएन एकिन
काँनिर छ ?देखाइदेऊ देखिन

**टिकामाया पुन :** आज धेरै खारैछौ हेर
यत्रो कापी नदेख्ने गरेर

**शङ्कर क्षेत्री :** झुटो बोल्छ्यौ नजिकै आएर
बरु आफैँ बस्यौ कि खाएर ?

**टिकामाया पुन :** दुनियाको भाको घर भाँड्दिन
छोडिसकेँ आज्कल् त जाँड् दिन्न

**शङ्कर क्षेत्री :** चिन्ता पनि अनेकौ लिन्छ्यौ
जाँड् नदेर भट्टीमा के दिन्छ्यौ ?

**टिकामाया पुन :** तिर्मिराउनी आँखा खोइ देखेको?
देखेनौ र भात पसल लेखेको ?

**शङ्कर क्षेत्री :** भट्टी भन्दै आउने हो जो पनि
काँ लेख्या छ? देखेन त्यो पनि

**टिकामाया पुन :** निउ नखोज नपार झोकमा
हेर बाइर लेख्या छु ढोकामा

**शङ्कर क्षेत्री :** मिठो बोल्देउ  मसक्क मस्क
भोक् लाग्या छ खान्छु म भात पस्क

**टिकामाया पुन :** खान बस पैलाको दिएर
अनि आउँछु मैले भात लिएर

**शङ्कर क्षेत्री :** तिर्ने इच्छ्या हो मैले लिएको
छैनौ तिम्ले हिसाबै दिएको

**टिकामाया पुन :** तिरी हाल तिर्ने मन् भए
उन्नाइस् हजार् भाको छ तीन्सय

**शङ्कर क्षेत्री :** देखाऊ मलाई त्यो हिसाब जाँ गयो
बिस भनेन्थ्यौ सात् सय काँ गयो ?

**टिकामाया पुन :** बुझेर नबुज्ने बन्या हो
बिस् हैन नि बिस् जति भन्या हो

**शङ्कर क्षेत्री :** मान्छे कस्तो बेबार्ले चिन्ने हो
पन्ध्र हजार् दिएर हिन्ने हो

## दोस्रो सत्र

**बबिता बानिया :** खबर् सुन्दा मन्मा पिर् घेरिनी

सत्र जाना मरे रे फेरी नि

**दिलिप थापा मगर :** परेका हुन् दुस्मनको घेरो
सत्रै जाना सैँ साथी हुन् मेरो

**बबिता बानिया :** सपना त तिन्का नि थे होला
लास् देख्या छौ तिम्रो हाल् के होला ?

**दिलिप थापा मगर :** दुस्मन फाँड्दै अगाडी बढ्या छु
मुटु काँप्छ तर नि लड्या छु

**बबिता बानिया :** बुझ्न भनी म दस् ठाँउ धाउनी
लडाइँ सक्या खबरै नआउनी

**दिलिप थापा मगर :** खबर गरम् जस्तो त लाउनी
तिम्रो अनि छोराको याद् आउनी

**बबिता बानिया :** पिर् नमान कमलो आत्मा छ
तिम्रो छोरो आमाको साथ्मा छ

**दिलिप थापा मगर :** हिउँ पऱ्या छ चिसो रात खाको छु
त्यै भर्मा त छोडेर आको छु

**बबिता बानिया :** सधैँ ठाडो पारि रौँ शिर
म छु घर नमान केईपिर

**दिलिप थापा मगर :** यस्तै आँट् देउ म दुस्मन छिनाउँछु
वीर गोर्खाली कस्तो हो चिनाउछु

**बबिता बानिया :** हात नकापुन् दुस्मन्का कुराले
रक्षा गर्छ सिन्दुर् र चुराले

**दिलिप थापा मगर :** म ह्याँ धान्छु तिम्ले घर् धान
सिर्मती नि हुन् देवी समान

**बबिता बानिया :** सबको रक्षा ईश्वरले गरून्
सत्र मरे अरू कोई नमरून्

**दिलिप थापा मगर :** मैले पनि त्यै भन्दै भाग्या छु
घर माथिको माइसङ्ग माग्या छु

**बबिता बानिया :** मन्मा कुरा अनेकौँ भाको छ

भागेँ भन्यौ मन् चिसो लाको छ

**दिलिप थापा मगर :** मेरी प्यारी पिर् लिन्छ्यौ के को ?

देउता भक्कल गऱ्या छु भनेको

**बबिता बानिया :** जित युद्द अरू सब् हारेर

अझै लड मन दरो गरेर

**दिलिप थापा मगर :** मेरी आमा रोकी थिन् थाहा छ

नेपाल आमा हँसाउने चाहा छ

**बबिता बानिया :** आमा जस्तो आँट भाको कोई छैनन्

नेपालकी छोरी हुन रोइ छैनन्

**दिलिप थापा मगर :** जैले पनि घुमाउन लाउ्

कतै आमा रोइहाले भुलाउनू

**बबिता बानिया :** नासम्झिनु कल गर्दै फस्या छम्

आमा छोरी जस्तो भइ बस्या छम्

**दिलिप थापा मगर :** लडाइँमा छु समय पाछैन

नसोचे है घरको याद आछैन

**बबिता बानिया :** बाँचे के पिर् ?फूल् माला लाउनी छौ

मरे अक्षर सुनकै पाउने छौ

**दिलिप थापा मगर :** आस् छँदै छ उनैलाई भाकेँ ल

हुन्छ प्यारी ऐले फोन राखेँ ल

## ३.१.७ आठौँ भागमा गाइएको दोहोरी

मिति २०७८ वैसाख १८ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको आठौँ भागमा**सपना रोका** र **विजय बानिया**को समूहले **सुस्मा शाही ठकुरी** र **किरण विसी**को समूहसँग  दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा विजय बानिया र सुस्मा शाही ठकुरीले **"मायाले मार्‍यो, दिल बिगार्यो त्यो ज्यानलाई पार्नु पिर पार्‍यो"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा**सपना रोका** र **किरण विसी**ले "**यो मायाको संसार विचित्र, तिम्रो रूपमा के जादु छ र हो बस्यौ दिलभित्र** ?" बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकहरूमाहास्यकलाकार **जितु नेपाल** र **राज राजेन्द्र पोखरेल**रहेका थिए। यी दुईवटा सत्रको प्रतियोगितामा सपना रोका र विजय बानियाको समूहले जित हाँसिल गरेको थियो ।यस अवसरमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**विजय बनिया :** ओँठ्मा लाली ओँठ्मै लाज् थोरै छ
को भन्या त सुस्मा पो हो रैछ

**सुस्मा शाही ठकुरीः** मुखै फोर्छु मान्दिनँ लाज त
भूपू माया भेट् भयो आज त

**विजय बनिया :** असल् साथी थिएँ म बनेको
तिमी किन हौ यस्तो बनेको ?

**सुस्मा शाही ठकुरीः** मैले सप्ना बुन्या थेँ कति त
यति छिट्टै बिर्सियौ अतीत

**विजय बनिया :** छैन मैले अझै नि भुलेको
मित्र भनी सङ्सँगै डुलेको

**सुस्मा शाही ठकुरीः** अब फेरी यै ज्यानकै भौ त नि

आजभोलिके गर्दै छौ त नि ?

**विजय बनिया :** खुसी नै छु छैन केहीपिर
बे गरेर बस्या छु गाउँतिर

**सुस्मा शाही ठकुरीः** बिहे भाको पठायौ पत्र
म त भएँ बिचैमा अलपत्र

**विजय बनिया :** बस अब घर्वार गरेर
हुन्न बिच्मा अलपत्र परेर

**सुस्मा शाही ठकुरीः** भन अब कोसँग बे गरूँ
तिमी बिना बाँच्दिनँ के गरूँ ?

**विजय बनिया :** पर्नै पर्छ एउटाको भरमा
तिमीजस्तै नारी छन् घरमा

**सुस्मा शाही ठकुरीः** बसेको थेँ तिम्लाई नै पर्खेर
तर तिमी आएनौ फर्केर

**विजय बनिया :** सजाऊ जीवन् सिन्दुर् र चुरामा
बल् नगर नहुनी कुरामा

**सुस्मा शाही ठकुरीः** मेरो आखा हुँदैन झिमिक्कै
हर्पल् याद विजय तिमीकै

**विजय बनिया :** अरू नै छ मुटुको माझमा
फरक् छ नि हिजो र आजमा

**सुस्मा शाही ठकुरीः** हिजो आफैं ओए भन्दै पत्यायौ
आज फेरी आफैँले लात्यायौ

**विजय बनिया :** मैले तिम्लाई राम्रोसँ चिने छु
साथीको साथ् सधैँभर् दिने छु

**सुस्मा शाही ठकुरीः** भन्छौ तिम्ले सम्बन्ध साथीको
मलाई आशा त्यो भन्दा माथिको

**विजय बनिया :** काट्छु जीवन् म उन्कै भरले
हेर्थें मैले साथीकै नजर्ले

**सुस्मा शाही ठकुरीः** पैला माया लगाउनँ बल गऱ्यौ

गन्तव्यमा नपुग्दै छल गऱ्यौ

**विजय बनिया :** मुटुमै छ साथीको सधैँ नाम्
राम्रो घरबार गरेको सुन्न पाम्

**सुस्मा शाही ठकुरी:** पराइ भैदेउ भन्न काँ पाइन्छ?
तर मलाई तिम्रै साथ चाहिन्छ

**दोस्रो सत्र**

**किरण विसी :** लाकी रैछ्यौ चोली र गुनियो
यो मन्भित्र पिरती बुनियो

**सपना रोका :** चट्ट दौरा टोपी छ केशैमा
कति स्वाको नेपाली भेसैमा !

**किरण विसी :** राम्री रैछ्यौ खुसि भो मेरो मन्
कुन शब्दले गरौँ है सम्बोधन्

**सपना रोका :** स्वाउला र खै फूल्ले बोट् भाँचेको ?
जुन्को छेउमा जुनकिरी नाचेको

**किरण विसी :** किन फूल फुल्दैन धुपमा ?
जुन भने त दाग छैन रूपमा

**सपना रोका :** सानु तिम्रै रूपमा हारेँ
लाउथ्यैँ माया नभए घर्बारे

**किरण विसी :** मन मिले तिम्री नै बन्ने हो
ऐले सम्म यो ज्यान त कन्ने हो

**सपना रोका :** तिमि तिरै ढल्के नि मन् मेरो
थोरै-थोरै कमजोरी छन् मेरो

**किरण विसी :** कान् खोलेर मैले त सुन्ने हो
मिल्छ भने भन्दिए हुने हो

**सपना रोका :** अरू भन्दा अल्ली म बेग्लै छु
बे भाको हो तर नि एक्लै छु

**किरण विसी :** कुरो बुझ्याँ आँसुको पैरो छ
भनेपछी कुरो याँ गहिरो छ

**सपना रोका :** दुईजाना हो रूपैमा हराको

गैरो छ र जान्कारी गराको

**किरण विसी :** सक्ने छैन अब म पर्खिनँ
थालीहालेँ लौ झट्टै तर्किनँ

**सपना रोका :** रूपै रैछ कलेजी जलाउनी
भनेपछि पिरती नलाउनी ?

**किरण विसी :** सुखी छु म रमाउँछु यत्तिमा
लाउन्न आँखा अर्काको खेतीमा

**सपना रोका :** तिम्लाई माया गर्निमा म भसि
के अर्काको ?सिर्मानै नभासी

**किरण विसी :** अर्कैसँग पिरती लाउँछु भो
कन्ने हुँ म कन्ने नै पाउछु भो

**सपना रोका :** पैले कुरा राखेकी त्यै भर
मायाको भाव् देखायौ त्यै भर

**किरण विसी :** तिम्रो मन अर्कैले घेरेको
कन्ने हौली भनेर हेरेको

**सपना रोका :** यस्तो दोधार् नहुनु कैलै नि
जोइ छोडेको भेटाम्ला मैले नि

**किरण विसीः** नखाऊ कान्छी कर्ममा हार
आफ्नो जीवन् आफैँले सुधार

**सपना रोका :** खोजी राछु यो मनलाई मनाउनी
अतीत् बुझ्नी भविष्य बनाउनी

**किरण विसीः** मौका पारी तिम्रो घर् आउँला
तिम्रो सिर्मान सम्झाउँला बुझाउँला

**सपना रोका :** साथी बनौँ कैले काइँ झर
कन्ने केटी खोजेर बे गर

**किरण विसीः** उनलाई बोलाई नजिकै धाए है
मेरो भोज्मा बोलाउँछु आए है

**सपना रोका :** फर्किने छु म बधाई दिएर
आउँछु पक्कै उपहार् लिएर

## ३.१.८ नवौँ भागमा गाइएको दोहोरी

मिति २०७८ वैसाख २५ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको नवौँ भागमा**श्याम राना** र **बबिता गुरुङ**को समूहले **रिता रावत क्षेत्री** र **सविन आचार्य**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा बबिता गुरुङ र सविन आचार्यले **"फूल बुट्टे चोलीमा, ओठमा लाली आँखैमा गाजलु मोहनी बोलीमा** (महिला : हातैमा साइको च्यान लर्के जोवान देखेर पापी मन हुरुक्कै हुन्छ झन्)"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा श्याम रानाररिता रावत क्षेत्रीले **"गोरखा मनकामना, झ्यापै माया लाई हालौँ भने नि ठिक छैन जमना"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकहरूमालोक गायक **रामजी खाँड** रअभिनेत्री**करिस्मा ढकाल**रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा **रिता रावत क्षेत्री** र **सविन आचार्य**को समूह विजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**सविन आचार्य** : ज्यान् मोटायो गाह्रो भो बस्नलाई
त्यसैमाथि पलेँटी कस्नलाई

**बबिता गुरुङ** : दुनियाको ध्यान् त्यतै गैछ
कति राम्रो ! खाई लाग्दो ज्यान् रैछ

**सविन आचार्य** : मलाई देख्दा हर्षित भाछौ र
तिमि पनि कम्तीकी काँ छौ र ?

**बबिता गुरुङ :** भित्र खोक्रो बाइर छ बोक्रो
हेर्दा मात्रै हो मेरो ज्यान धोक्रो

**सविन आचार्य** : यस्तो सुन्दा मन यसै रुन्छ नि
आफू भन्दा राम्रो को हुन्छ नि ?

**बबिता गुरुङ :** भित्र मुटु किराले खाको छ

मादलुको चाल् जस्तै भाको छ

**सविन आचार्य** : तिम्रो बारे धेरै त था छैन

विवाह चाहिँ भयो कि भा छैन ?

**बबिता गुरुङ :** कति हिँडे मँठ मन्दिर ढोगी

कसले लान्छ म जस्तो मारोगी?

**सविन आचार्य** : था नभएर सोधेको थोरै हो

मैले फेरी बे गऱ्या पोरै हो

**बबिता गुरुङ :** राखे मलाई रोगैले ठगी

कस्तो छ त दाम्पत्य जिन्दगी

**सविन आचार्य** : अब नजर् लाउँदिन कसैमा

बाउ बन्दै छु यै आउँदो दसैंमा

**बबिता गुरुङ :** दुई जिउ बेला खतरा छ हेर

जाँच्यौ कि नाइ अस्पताल लगेर ?

**सविन आचार्य** : उमेर्मा त म अल्ली काँचै छु

हप्तैपिच्छे जाँचेको जाँचै छु

**बबिता गुरुङ :** सिर्मतीको मात्रै मन् छुनू

बधाई तिम्लाई छोराकै बाउ हुनू

**सविन आचार्य** : भाले लिई आऊ सुत्केरी भेटमा

बच्चो खेल्न लाइसक्यो पेटमा

**बबिता गुरुङ :** सबिन् तिमी छौ भाग्यमानी

त्यै बच्चालाई खेलाउँदै दिन् जानी

**सविन आचार्य** : लौ त अब लागम् है घर्तिर

बाँकी कुरा गरम्ला पर्तिर

**बबिता गुरुङ :** पत्तै पाइन रोगले ज्यान् मासेको

सबिन् तिम्लाई देख्न पाम् हाँसेको

## दोस्रो सत्र

**श्याम राना :** दोरी गाउन ठुलै आँट् गरियो
दङ्गालीसँ स्याङ्जाली परियो

**रिता रावत :** बच्चैदेखि पहाड्मा खेलियो
सानी-सानी दङ्गाली चेली हो

**श्याम राना :** हेर्दा नानी छौ सानी-सानी
गाइछौ गीत दर्शकको मन् खानी

**रिता रावत :** अगि बढ्न सोचे झैँ भाछैन
कस्तो गाएँ ?आफैलाई था छैन

**श्याम राना :** दोहोरीमै तरङ्गै भर्नी छ
मूल्याङ्कन् त दर्शक्ले गर्नी छ

**रिता रावत :** केई आसले गीत गाउन आकी छु
कति सारो उत्साहित् भाकी छु

**श्याम राना :** ठुलै आसमा आकी छौ घुमेर
कति पढ्यौ कति भो उमेर ?

**रिता रावत :** दोहोरीमा बेस्सरी डटे छु
बार पास भै बिस वर्ष कटे छु

**श्याम राना :** जिन्दगानी सहजै टर्ला
यति भासि सिकाउनु नपर्ला

**रिता रावत :** थोरै-थोरै जानी छु मैले नि
सिकेर त सकिन्न कैले नि

**श्याम राना :** यति कुरा याद गर् नानी हो
जीवन् भोगाइ भोगेरै जानी हो

**रिता रावत :** धन्न आज मृत्युसँ जोगियो
सुख-दुःख जति नि भोगियो

**श्याम राना :** सब्को लक्ष्य चन्द्रमा छुनी हो
जे छ त्यैमा सन्तुष्ट हुनी हो

**रिता रावत :** सँन बरु तयार् छु आँसु भेल्

गाइ रहन पाऊँ मैले बाँचुन्जेल्

**श्याम राना :** समालिनु भएनी मन्मा भार्
को हुन् तिम्रा मन पर्ने कलाकार ?

**रिता रावत :** सोचाइ भने आ-आफ्ना निजि हो
मन् परेको वाँ रमेश बिजी हो

**श्याम राना :** रमेश दाइ नि सँगै छन् छन त
उन्ले गाको एउटा गीत् भन त

**रिता रावत :** वाँलाई हेरेँ अरूको सट्टामा
मन् परेको हो पानी घट्टमा

**श्याम राना :** नानी तिम्रो उत्तरै भएन नि
रचेका हुन् गीत गाका होइनन् नि

**रिता रावत :** ऐले आर तिम्लाई भ्रम भो के र?
रच्ने पनि कलाकार हो के र !

### ३.१.९ दसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ जेठ १ गते सञ्चालन भएको दोहोरी प्रतियोगिता कार्यक्रमको दसौँ भागमा**सीता घिमिरे**र**सरोज सिम्खडा**को समूहले **मनसिंह खड्का**र**सुनिता बुढा**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा मनसिंह खड्का र सीता घिमिरेले**"छिनको छिनैमा, भेट भो माया के भनि बोलाउँ म पहिलो दिनैमा"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा **सरोज सिम्खडा र सुनिता बुढा**ले **"तिम्रै झल्को तिम्रै तिर्सना, बरु मैले बिर्सुला सास फेर्न गारो भो तिम्लाई बिर्सन"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । त्यसैगरी अतिथि निर्णायकमा**कुमार बस्नेत** रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा सीता घिमिरे र सरोज सिम्खडाको समूह विजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**मनसिंहखड्का :** कति राम्री पाल्पाकी चेली !
पूर्णीमाकी जूनभन्दा उजेली !

**सीता घिमिरे :** दौरा सुरुवाल् टोपी कोट् लाको छौ
तिमी पनि राम्रो भई आको छौ

**मनसिंह खड्का :** लाग्छ ममा जून्मा झैँ दाग छ नि
झनै राम्री तिमीलाई लाग्छ नि

**सीता घिमिरे :** हेरीरहूँ झैँ ती तिम्रा नयन
यति धरै नगर बयान

**मनसिंह खड्का :** नौनी जस्तै पग्लँदै गएँ म
तिम्रै रूपले आकर्षित् भएँ म

**सीता घिमिरे :** मखख पऱ्यो खुसी भो मन त
ममा त्यस्तो केछ र ?भन त !

**मनसिंह खड्का :** स्वर्मा मिठास् खोट छैन रूपमा

दिउँकी क्या हो कोइलीको उपमा

**सीता घिमिरे :** गीत-सङ्गीत्का नाम् अघि लानी छौ
तिमी त झन् शब्दको खानी छौ

**मनसिंह खड्का :** तिम्रो पनि शब्दनै ज्वाला
कोई छन् कि नाइँ सिउँदोको हक्वाला?

**सीता घिमिरे :** पैलै थियो पिरती गैरेको
एक वर्ष भो सिन्दूर पैरेको

**मनसिंह खड्का :** पति सम्झी पाउमा ढोग्नेले
के गर्छन् त सीताका लोग्नेले?

**सीता घिमिरे :** बाध्यताले खानु चोट् खाका छन्
घर् चलाउन प्रदेश्मा गका छन्

**मनसिंह खड्का :** भन्छेउ लोग्ने प्रदेशमा गए
कैले हो त फर्किने समय?

**सीता घिमिरे :** घर् छोडेको छ मैना पैले हो
टुङ्गो छैन फर्किने कैले हो?

**मनसिंह खड्का :** क्यारी खप्दा होलान् त्यो घर्को काम् ?
साउको हेपाइ खाडीको चर्को घाम्

**सीता घिमिरे :** सम्झिँदा त सारै मन् रुनी
दुख कष्ट नगरी नहुनी

**मनसिंह खड्का :** सके बोलाऊ व्यवसाय थालम्ला
आफ्नै देश्मा गाई बाखा पालम्ला

**सीता घिमिरे :** बाँच्नै पर्नी नसक्नी मर्न नि
पैसा चाइने व्यवसाय गर्न नि

**मनसिंह खड्का :** बोलाऊ बूढो नमानी पछुतो
जे छ त्यही साथ् दिने म छुतो

**सीता घिमिरे :** कुरा गर्‍यौ सम्झी मन् रोला नि
तिम्लाई आफ्नै पिरलो होला नि?

**दोस्रो सत्र**

**सरोज सिमखडा :** टोलाइरहेँ एकछिन् त खुब देखेँ
मेरै अगि लक्ष्मीको रूप देखेँ

**सुनिता बूढा क्षेत्री :** किन गर्छौ दिएर ध्यान
स्वर्ग सामु इन्द्रको बयान

**सरोज सिमखडा :** तेती मन पर्छ र म तिम्लाई
धेरै-धेरै धन्यवाद् छ तिम्लाई

**सुनिता बूढा क्षेत्री :** लाग्छ मलाई भगवान् पाए झैँ
कैलास्‌बाटै शिवजी आए झैँ

**सरोज सिमखडा :** चाहे जति उचाइमा टेक्छु
हर् नारीमा लक्ष्मीकै रुप देख्छु

**सुनिता बूढा क्षेत्री :** आफैँ राम्री छु भन्न भएन
कति स्वच्छ ती तिम्रा नयन

**सरोज सिमखडा :** मिल्छ भने चिने झैँ बनम्
ब्यान् मात्र गरौँ कि केही भनम्?

**सुनिता बुढा क्षेत्री :** तिमी पनि चटक्क भाका छौ
भन तनि के भन्न लाका छौ?

**सरोज सिमखडा :** कतै नजर् गाछ कि गाछैन?
बिहेबारी भयो कि भाछैन?

**सुनिता बुढा क्षेत्री :** यै कुराको लाइरन्छ पिर खाली
तिम्रो के भो मेरो त शिर खाली

**सरोज सिमखडा :** मन पार्नी  मेरो नि छन् धेरै
तिमीलाई मन पराउछु झन् धेरै

**सुनिता बुढा क्षेत्री :** यति बाचा गरिदेऊ सरोज
भोलि धोका दिनी भए नरोज

**सरोज सिमखडा :** लाउँछु सिन्दूर बोल्दिन ढाँटेर
बुढी औँला चटक्क काटेर

**सुनिता बुढा क्षेत्री :** लौन राजा सिन्दूर देऊ चुरा देऊ
मैले पाउने अधिकार पूरा देऊ

**सरोज सिमखडा :** तिम्लाई सम्मान् जिन्दगी भर् दिन्छु
नम्को पछि सरोज्को थर् दिन्छु

**सुनिता बुढा क्षेत्री :** भन्यौ तिम्ले नाम् पछि थर् दिन्छु
म नि जीवन् समर्पित् गर्दिन्छु

**सरोज सिमखडा :** हरेक् सुखदुखलाई बुझ्न पाम्
तिम्लाई देवी बनार पूज्न पाम्

**सुनिता बुढा क्षेत्री :** साथी बनी दुख पिर् मर्काको
परिपूरक् हुम्ला एक्अर्काको

**सरोज सिमखडा :** अचम्मै मन् पराको मैले हो
तिम्रो शिर्मा हात् पार्नी कैले हो?

**सुनिता बुढा क्षेत्री :** मेरो सिउँदो रङ्ग्याउनी भए
तिम्रै हात्मा छ केरे निर्णय

**सरोज सिमखडा :** चुप् लाग के नभन अर्कालाई
सोध्नपर्छ पर्दैन घर्कालाई

**सुनिता बुढा क्षेत्री :** कुल्की छोरी हुँदैन भाग्नलाई
मेसो मिलाई घर्मै आऊ माग्नलाई

**सरोज सिमखडा :** आऊ भनिछौ म आउनैं थिएँ
क्यार्नी हो के घरकाले नदिए?

**सुनिता बुढा क्षेत्री :** ढुक्क लिइ आऊ पठाउँछन् दिएर
ज्वाइँ मानेर पाउको जल पिएर

### ३.१.१० एघारौँ भागमा गाइएको दोहोरी

मिति २०७८ जेठ ८ गते सञ्चालन भएको कार्यक्रमको एघारौँ भागमा **प्रकाश पराजुली** र **मिना बुढाथोकीको** समूहले **तारा थापा** र **टेकराज भन्डारी**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा मिना बुढाथोकी र टेकराज भन्डारीले**"चोली मलमलको, भुमरीमा पारेर जानेको आउँछ झझल्को"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा प्रकाश पराजुली र तारा थापाले**"रानीफूल बसायो, तिम्रो माया नभाको काँ हो र अरूले फसायो"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकहरूमागायक **हेमन्त शर्मा** र **रमेश राज भट्टराई**रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा प्रकाश पराजुली र मिना बुढाथोकीको समूह विजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**टेकराज भन्डारी :** आशिष् दिनु छेवैमा परेँ है
मिना दिदी, मिना दीदी नमस्कार् गरेँ है

**मिना भन्डारी :** घर्कै भाइको झझल्को मेटेँ
आशिर्वाद् छ, आशिर्वाद् छ चिनजान्कै भाइ भेटेँ

**टेकराज भन्डारी :** चल्दै छ कि पुरानो कार्य ?
के गरेर, के गरेर बिताइछौ दिनचार्य?

**मिना भन्डारी :** माइती सम्झीयति मन् खान्छ
येता उता, येता उता गर्दैमा दिन् जान्छ

**टेकराज भन्डारी :** भाग्यले नै के सारो घुमाको
हामी दुईटै, हामी दुईटै बाउआमा गुमाको

**मिना भन्डारी :** बोक्या रैछौ तिम्ले त भार
मेरा ज्युँदा,मेरा ज्युँदा बाआमा नमार !

**टेकराज भन्डारी :** रुँदै बोल्थ्यौ, भेट भाको दिन त
अस्ति मेरो, अस्ति मेरो मन् चोर्‍यौ किन त ?

**मिना भन्डारी :** मोबाइल् छैन केको दोष् लाको हो ?

मैनौ पछि, मैनौ पछि आज भेट भाको हो

**टेकराज भन्डारी :** रुँदै बोल्दा थियो मन् जलेको
तीन् दिन् भयो, तीन् दिन् भयो याँ चेम्पियन् चलेको

**मिना भन्डारी :** के-के भन्छौ अचम्मित् भाछु म
आजै पालो, आजै पालो परेर आछु म

**टेकराज भन्डारी :** यो दुखिको आँसुलाई चुहाउने
जो भेटेनी, जो भेटेनी झुट् बोल्ने रुवाउने

**मिना भन्डारी :** हिन्छौ सधैँ पराई झैँ बनेर
आए हुन्थो, आए हुन्थो दिदी छ भनेर

**टेकराज भन्डारी :** तिमी पनि टाढा पो भएछौ
आउन्न झुटो, आउन्न झुटो बोलनी रहेछौ

**मिना भन्डारी :** मलाई झुटो देख्यौ र काईँ तिम्ले ?
आफ्नै जिद्दी, आफ्नै जिद्दी नगर भाइ तिम्ले

**टेकराज भन्डारी :** त्यै कुरामा छु दुखित बनैँको
म सँ किन, म सँ किन टुहुरी भनेको ?

**मिना भन्डारी :** तिम्लाई कैलै दोधारमा पारिन
ज्युँदा मेरा, ज्युँदा मेरा बाउ आमा मारिन

**टेकराज भन्डारी :** नभा नभा कुरालाई जप्नी
बानी रैछ, बानी रैछ हँमाथि हँ थप्नी

**मिना भन्डारी :** उस्तै त हो तिमी र म रुनु
सधैँ अतीत्, सधैँ अतीत्, सम्झेर नरुनु

**दोस्रो सत्र**

**प्रकाश पराजुली :** गाउन लाएँ हँसिलो पाराले
कस्तो जवाफ् देलिन् त ताराले ?

**तारा थापा :** सपनीमा देखिन्थे खाली
उनैसङ्ग भेट् भयो यस्पाली

**प्रकाश पराजुली :** सपनामा तिमी नि आइरन्थ्यौ
आउँथ्यौ अनि मिठो गीत गाइरन्थौ

**तारा थापा :** भाग्य रैछ भेट् भयो हामी
सपनामा भन्दा नि झन् दामी

**प्रकाश पराजुली :** सप्नासँगै मिल्छ कि गरह?
तिमी पनि पुतली सरह

**तारा थापा :** मन् पार्दैनौ भन्नी डर थियो
राम्री भन्यौ झन् खुसी थपियो

**प्रकाश पराजुली :** के हेर्थिन रूपकी खानीलाई
मेरो ठुलो सप्नाकी रानीलाई

**तारा थापा :** प्रतिक्षाको भनेझैँ फल् मिठो
विपनीमा भेट्दाको पल् मिठो

**प्रकाश पराजुली :** यस्तै-यस्तै हँसिलो चालामा
सपनामै मुसार्थ्यौ गालामा

**तारा थापा :** कुरो मिले मन्भित्रै सजाउनी
केके भन्यौँ?मै भएँ लजाउनी

**प्रकाश पराजुली :** यस्तै कुरा खेल्या छ मनमा
कैले आउली ?वास्तविक जीवन्मा

**तारा थापा :** बेला बेला छायाँ र घाम् बनम्
हुन्छ तनि सीता र राम् बनम्

**प्रकाश पराजुली :** हाम्रो भेट् भयो जेनतेन
धन्नै हाम्रो सपना उल्टेन

**तारा थापा :** था छ कैलै गर्दिनँ भुल मैलै
पूरा भयो चढाको फूल् मैले

**प्रकाश पराजुली :** हुँदो रैछ मागेसि पूरा नि
किन्छु अब सिन्दुर् र चुरा नि

**तारा थापा :** सधैँ निल्थेँ आँसुको घुटुको
बल्ल मान्छे भेटाएँ मुटुको

**प्रकाश पराजुली :** सँगै बाचम् दुख पिर सहेर
धड्क अब मुटुमै रहेर

**तारा थापा :** समाज्सँग म नरम् बोलुँला
मुटुमा बास् पाउ पनि मोलुँला

## ३.१.११सोरौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असार १२ गते सञ्चालन भएको कार्यक्रमको सोह्रौँ भागमा**सुरेन्द्र मगररबिमा कुमारी अनुरागी**को समूहले **असमिता डल्लाकोटी** र **जिवन सिग्देलको** समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा अस्मिता डल्लाकोटी र सुरेन्द्र मगरले**"गोरखा कालिका, कता होला निरजाले यो जोवन सम्हाल्ने दिलको मालिक"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा बिमा कुमारीअनुरागी र जिवन सिग्देलले "**आफ्नै मन घाइते गराउँछु, ए मायालु तिम्लाई मैले कति मन पराउँछु भन्नै डराउँछु"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकमागयिका**शर्मिला गुरुङ** रहेकी थिइन। यी दुईवटा सत्रको प्रतियोगितामा अस्मिता डल्लाकोटी र जिवन सिग्देलको समूहले जित हाँसिल गरेको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**सुरेन्द्र मगर :** म धादिङ्को धादिङ्कै नानी
भैयो भेट निरजाले गरौँ न चिनजानी

**अस्मिता डल्लाकोटी :** तिमी धादिङ म नि त्यै जिल्लाकी
गीत् सङ्सँगै निरजाले हित पनि मिल्लाकी

**सुरेन्द्र मगर :** के हित् मिल्ला ?छोरी छ बूढी छ
आमा चाहिँ झन् निरजाले रिसको झोडी छ

**अस्मिता डल्लाकोटी :** बन्न मन् थ्यो मायाको गुरूमा
लौन कुरो निरजाले बिग्रियो सुरुमा

**सुरेन्द्र मगर :** पश्चिम् घर्मै देउताझैँ पुजी
भनिहाल्यौ निरजाले नसोधी नबुझी

**अस्मिता डल्लाकोटी :** भाथ्यो मलाई पिरती लाउँ जस्तो
देखिन्नौ त निरजाले छोरीको बाउजस्तो

**सुरेन्द्र मगर :** परिवार्ले सजियो घर
तेस्तो देख्न निरजाले के हुनुपर्छ र?

**अस्मिता डल्लाकोटी :** मनकै कुरा भन्दिन्छु फेरी
देखिरन्छौ निरजाले भर्खरकै तन्नेरी

**सुरेन्द्र मगर :** देवीजस्तै घरमा नारी छ
देखिनौ र ?निरजाले जुँगा छ दारी छ

**अस्मिता डल्लाकोटी :** प्रीतिको फूल शिरैमा सिउरियो
तेसै मेरो निरजाले मन मात्र बिग्रियो

**सुरेन्द्र मगर :** भनिहाल्यौ सुरुमै मन् परेँ
के गछ्र्यौ त ?निरजाले अर्कैको धन् परेँ

**अस्मिता डल्लाकोटी :** अर्कैको धन् हेर्नी हो कैलेसँ?
आफू भने निरजाले एक्लै छु अहिलेसँ

**सुरेन्द्र मगर :** बे गर्नलाई गऱ्यौ र ढिलो?
भेटाइहाल्छ्यौ निरजाले मभन्दा गतिलो

**अस्मिता डल्लाकोटी :** माया लगाम् भन्दा नि भो भन्छन्
जो भेटे नि निरजाले अर्काको हो भन्छन्

**सुरेन्द्र मगर :** पिरतीको बिरुवा पलाम् त
मेरो भाइ छ निरजाले म कुरा चलाम् त

**अस्मिता डल्लाकोटी :** एक्लै एक्लै हिडेकी केटी हो
ढुङ्गो खोज्दा निरजाले देउतालाई भेटियो

**सुरेन्द्र मगर :** जागिरे छ सोझो छ सीधा छ
गाउँको केटी निरजाले त्योभन्दा फिदा छ

**अस्मिता डल्लाकोटी :** मनि सोझी जान्दिन ढाँट्न
गोबर फाल्न निरजाले जानिछु घाँस काट्न

**सुरेन्द्र मगर :** विचार गर सहर्मै घुमाउँछ
देउता पाछौ निरजाले नत्र तेई गुमाउँछ

**अस्मिता डल्लाकोटी :** चाडैं बिहे गराइदेऊ मानेर
पुज्छु तिम्लाई निरजाले जेठाजु ठानेर

**सुरेन्द्र मगर :** नसोच भो पछि गइ रुनी भो

एउटा थियो निरजाले दुई छोरी हुनी भो

**अस्मिता डल्लाकोटी :** फेरि पछि भए घात् नगर्नी
हुनी मन् छ निरजाले मगर्की मगर्नी

**सुरेन्द्र मगर :** तिम्ले मन्मा नलिनू खिन्नता
केही कुरामा निरजाले हुँदैन भिन्नता

**अस्मिता डल्लाकोटी :** बाउआमाले पठाउँछन् दिएर
छिट्टै भाइलाई निरजाले आऊ न त लिएर

**दोस्रो सत्र**

**जीवन सिग्देल :** तिमी राम्री गाजल् र टिकाले
तिम्लाई हेर्दै हाँस्दै गीत् निकालेँ

**बिमाकुमारी अनुरागी :** सपनीमा झुल्क्याथ्यो जून
जीवन्-बिमा रहिछ र भेट हुन

**जीवन सिग्देल :** गाउँदा गीत जीवन् र बिमाले
आकाश् चुम्यो खुसीको सीमाले

**बिमाकुमारी अनुरागीः**कृष्णकै रूप् तिमीमा झल्कीनी
दन्ते लहर हिउँ जस्तै टल्कीनी

**जीवन सिग्देल :** मै प्रसन्न छु तिम्रो कलाले
मङ्गल्सूत्र खोज्दै छ गलाले

**बिमाकुमारी अनुरागीः** कति सुन्दर सुसील् छौ तिमी !
वर्णन् गर्नै नसक्नी हौ तिमी !

**जीवन सिग्देल :** हात्मा चुरा पोते छ डोरी छ
थाहै नपाई मन् मेरो चोरी छ

**बिमाकुमारी अनुरागीः** जाँ भेटे नि छु वयान गरेको
मुटुदेखि तिम्लाई मन परेको

**जीवन सिग्देल :** सपनीमा आइरन्थ्यौ सताउन
आजै जुऱ्यो सबै बात् बताउन

**बिमाकुमारी अनुरागीः** कसरी मन् खोलूँ त पाइन भ्याउ
छिनो फानो गरेर निधो देऊ

**जीवन सिग्देल :** तिम्लाई आफ्नो बनाउनँ जागेँ म
कल्पनामै हराउन लागेँ म

**बिमाकुमारी अनुरागीः** आफ्नै मन् छ हराउँदै गएँ म
लज्जावती झार् जस्तै भएँ म

**जीवन सिग्देल :** कोई-कोईले रिस गर्छन् हेरम्ला
यतै आऊ के अँगालो बेरम्ला

**बिमाकुमारी अनुरागीः** छेउमै आउँदा देख्नीले के भन्लान् ?
फेरी मलाई उत्ताउली छे भन्लान्

**जीवन सिग्देल :** माया लाको जवानी दिन हो
माया गर्नी डराउनी किन हो?

**बिमाकुमारी अनुरागीः** बन्नी भासि चुम्बक र फलाम्
किन माया भन्थैँ र म नलाम्

**जीवन सिग्देल :** आजै होला जिस्किन थालेको
माया बस्यो ख्यालख्यालमै कालेको

**बिमाकुमारी अनुरागीः** भेट्दा हाँस्नी छुट्टिँदा रुनी हो
कति कुरा अन्जानमै हुनी हो

**जीवन सिग्देल :** कस्तो सन्जोग हाम्रो भेट जुराइदिइस्
धन्नै प्रभु ! आँटेकै पुराइदिइस्

**बिमाकुमारी अनुरागीः** भेट गराइदे ईश्वरले बुझेर
आइथैँ बिहान तुलसी पुजेर

**जीवन सिग्देल :** अहिले भर्खर सिङ्गै ज्यान दिउँजस्तै
पगालेऊ मन् बिमाले हिउँजस्तै

**बिमाकुमारी अनुरागीः** आफ्नै ठान्नी पाएसि जीवन
फूल सजाउँछु बिर्सेर म रिवन

**जीवन सिग्देल :** खाली राख्छेऊ कहिलेसँ शिर् कति
सिन्दुर लाउली नमान पिर् कत्ति

**बिमाकुमारी अनुरागीः** तिम्रै साथ्मा हास्नी थैँ रुनी थैँ
म सौभाग्यवती नै हुनी थैँ

**जीवन सिग्देल :** अब यो ज्यान् बिमाको पोइ हुन्छ
अर्को साल त कोक्रोमा कोई हुन्छ

**बिमाकुमारी अनुरागीः** खुसीयाली त्यैबेला मनाम्ला
छोरो पाम्ला कलाकार् बनाम्ला

### ३.१.१२सत्रौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असार १९ गते सञ्चालन भएको कार्यक्रमको सत्रौँ भागमा**वसन्त विक र पवित्र मगरको** समूहले **प्रशान्त तामाङ् रशर्मिला थापाको** समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा प्रशान्त तामाङ र पवित्रा मगरले**“तानसेनको मिनिबस, झ्यालमा बसी बोलाउने को हो नि लाइहाल्यो मोहनी”**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमावसन्त विक र शर्मिला थापाले“**क्याम्पस पढ्न आउनी, सरले उता पढाउनी हाम्ले आँखा जुधाउनी चित्त बुझाउनी”** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। त्यसैगरी अतिथि निर्णायकहरूमागयिका**शकुन्तला थापा र राधिका शर्मा**रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा वसन्त विक र पवित्र मगरको समूहले जित हाँसिल गरेको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**प्रशान्त तामाङ :** गाउन भनी राजधानी टेकियो
देख्नै मन लाकीलाई देखियो

**पवित्रा मगर :** मलाई पनि देख्नै मन् लाएको
कहिले हो त यो ठाउँमा आएको?

**प्रशान्त तामाङ :** सोधीहाल्यौ मगर्नी नानी
हिजो मात्रै आइपुग्या राजधानी

**पवित्रा मगर :** हिजो आयौ आज मुख देखायौ
गाह्रो भो कि काँ बस्यौ के खायौ?

**प्रशान्त तामाङ :** परेननि भन्न मन् भिज्यो त
साथीकोमा बस्या हो हिजो त

**पवित्रा मगर :** खुसी भाकै जस्तै छ हँसाइ त
भनेपछि राम्रै भो बसाइ त

**प्रशान्त तामाङ :** आएको त गाउनकै लागि हो
समग्रमा आरामदायी भो

**पवित्रा मगर :** मेरो माया त्यो मनमा छैनकि?
मलाई भेट्न आएको हैन कि?

**प्रशान्त तामाङ :** झल्को मन मुटुमा झल्झल् छ
लाग्यो तिमीयतै भेट भइहाल्छ

**पवित्रा मगर :** भेट भइहाल्यो छैन केही पिर
के छ त नि प्रशान्तको गाउँतिर ?

**प्रशान्त तामाङ :** खानै पऱ्यो केई दुख गरी
आजकल रोपाइँ चल्या छ गाउँभरि

**पवित्रा मगर :** म नि बस्छु अब गाउँ पसेर
दुख पाइयो राजधानी बसेर

**प्रशान्त तामाङ :** भनिहाल्यौ सोध्न भो मन त
कस्तो दुख पऱ्यो र भन त?

**पवित्रा मगर :** लक्डाउन् भयो डुवियो भाडामा
मकै पोल्न थाल्या छु गाडामा

**प्रशान्त तामाङ :** नआत्तिनु दुख पिर परेर
बाँच्नुपर्छ सङ्घर्ष गरेर

**पवित्रा मगर :** आउला भन्दै कुनै दिन हर्ष
मरिमेटी गरिछु सङ्घर्ष

**प्रशान्त तामाङ :** सानो ठूलो हुँदैन कुनै काम्
सङ्घर्षै हो जीवनको अर्को नाम्

**पवित्रा मगर :** गीतमा पैसा सकिन हाल्न
त्यही त मकै पोलिछु पेट् पाल्न

**प्रशान्त तामाङ :** आफ्नो जीवन गाउँतिर गैगो
कति पर्छ एक घोगा मकैको ?

**पवित्रा मगर :** यो काम् पनि टिक्छ कि टिक्दैन
बिस रुपियाँ हो त्यही पनि बिक्दैन

**प्रशान्त तामाङ :** ग्राहकतिर रङ्रस भर्न नि
जान्नुपर्छ व्यापार गर्न नि

**पवित्रा मगर :** धन्यवाद् छ सिकायौ आएर
भोली जाँदा जाऊ मकै खाएर

## दोस्रो सत्र

**बसन्त विक :** सबले भन्छन् स्वर्गमा परी छन्
एउटी परी धर्तीमा झरिछन्

**शर्मिला थापा :** तिम्ले राम्री भने नि जति
नजर नलाऊ अर्काकी सिर्मती

**बसन्त विक :** कुदृष्टिले हेरिन कस्लाई नि
राम्री भन्न पाइन्छ जस्लाई नि

**शर्मिला थापा :** परीजस्तै भन्याथ्यौ हैन म
तिमी जस्तो राम्रो त छैन म

**बसन्त विक :** नलाऊ नानी गाजलको घेरो
तेतैतिर गइरह्यो ध्यान मेरो

**शर्मिला थापा :** रोजीसकैँ जीवनसाथी
पापी नजर नलगाऊ ममाथि

**बसन्त विक :** कि त दिदी कि भन्छु मित्र?
सिन्दुर लाको कति भो केशभित्र?

**शर्मिला थापा :** बाचा कसम उनैसँ खाएको
पाँच साल् भयो यो सिन्दुर लाएको

**बसन्त विक :** तिमीतिर लाछैन पापी मन्
बुढा काँछन् बालबच्चा कति छन्?

**शर्मिला थापा :** टाढा छन् है मनभित्र पिर छ
मेरो श्रीमान् प्रदेशतिर छ

**बसन्त विक :** म नि भाछु बे गरम् गरम्
भनेजस्तो पाछैन के गरम्?

**शर्मिला थापा :** केही समय पर्खेर बसे
एउटी परी आउनेछिन् अबस्से

**बसन्त विक :** अझै मैले कुर्ने हो कति
कुर्दाकुर्दै उमेर भो तिस जति

**शर्मिला थापा :** तिस लागेनि देखिन्छौ ठिटो
प्रतिक्षाको हुन्छ नि फल् मिठो

**बसन्त विक :** कामै छैन परेली रुझाई

त्यही भनेर बस्या छु मन् बुझाई

**शर्मिला थापा :** पछि फेला पर्नेछिन् दुई तिन्टा

यति राम्रो बैंसमा के चिन्ता?

**बसन्त विक :** कैले लुगा कहिले चाहिँ के भन्छ?

भाइको छोरा रसवरी ले भन्छ

**शर्मिला थापा :** पाऱ्यौ मलाई के भन्नी भन्नी?

तिम्रो पालो आउँदैछ बाउ बन्नी

**बसन्त विक :** अझै पनि हिड्या छु हाँसी

के बाउ बन्नी? सिर्मती नपासी

**शर्मिला थापा :** पाउँछौ बुढी नमान पीर

अब छिट्टै आउँदै छ मङ्सिर

**बसन्त विक :** खाली छन् कि छेउकी घर्ती

उनको इच्छ्या के होला मप्रति?

**शर्मिला थापा :** तिम्रो कुरा मन्मा लेकी छन्

हुन्छ भन्दै इसारा देकी छन्

**बसन्त विक :** कति राम्री ओठ्माथि कोठी

कोठी टोकी हाँस्देऊ न एकचोटी

**शर्मिला थापा :** रहर पूरा हुन्छन् नि कत्तिको

पाएपछि बसन्त जत्तिको

**बसन्त विक :** शिरमा शिरकफूल टल्केको टलक्क

पूर्णिमाको जून्जस्तै झलक्क

**शर्मिला थापा :** स्वाउन पनि सुहाउने भो कस्तो !

जोडी हुन्छ सीता र रामजस्तो

**बसन्त विक :** बे हुने भो घर्ती र विकको

जत्ले हैन संसारलाई सिकाको

**शर्मिला थापा :** अघि बढाउ राम्रो छ जगत

जात्को प्रथा छोडिदेऊ अब त

### ३.१.१३ अठारौँ भागमा गाइएको दोहोरी गीत

यस भागदेखि शीर्ष १६ समूहबिच प्रतिस्पर्धा भएको थियो । मिति २०७८ असार २६ गते सञ्चालन भएको कार्यक्रमको अठारौँ भागमा**जालुमाया गुरुङ् र प्रितम पोखरेलको** समूहले **सरोज सिंखडा र सीता घिमिरेको** समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा प्रितम पोखेल र सीत घिमिरले "**आँसु पुछ्दै छु, तिमी बरु फेरियौ निरमाया म त उस्तै छु**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमाजालुमाया गुरुङर सरोज सिंखडाले "**मुसुमुसु नहाँस मायाले खुसुखुसु दिलमात्रै चोरेर**" बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । शीर्ष १६ मा निर्णायकको अङ्कको भार ५० प्रतिशत र दर्शकको दिद्युतीय मतदानको भार ५० प्रतिशत लिइ निर्णय गरिएको थियो । यी दुईवटा सत्रको प्रतियोगितामा जालुमाया गुरुङ् र प्रितम पोखरेलकोसमूहले जित हाँसिल गरेको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**प्रितम पोखेल :** कता-कता लाग्दैछ चिनेको
को होला यो ठोक्किँदै हिनेको ?

**सीता घिमिरे :** पहिलो माया बिर्सेको छैन र ?
प्रितम् जस्तै लाग्यो नि हैन र ?

**प्रितम पोखेल :** जस्ले मलाई किनारा लाइदिए
त्यैसित पो भेट हुन आइदिए

**सीता घिमिरे :** रुन्थेँ जीवन किनारा लाउँदा त
खुसि लाग्छ भेट हुन पाउँदा त

**सीता घिमिरे :** मैले दिँदा पिरती थुपारी
तिम्ले देथ्यौ बिहेको सुपारी

**सीता घिमिरे :** तिम्ले धोका दि भन्यौ त्यता
मेरा पनि कति थे बाध्यता !

**प्रितम पोखेल :** तिम्लाई देख्ता जन्तिको ताँतीमा
गोली लागे झैँ भयो छातीमा

**सीता घिमिरे :** लाए पनि सिन्दुर र चुरा
तिम्लाई खोज्छु खुसी त काँ छु र ?

**प्रितम पोखेल :** मेरै पत्नि बनार सघाउँथेँ
भन्या भए बेकै दिन भगाउँथेँ

**सीता घिमिरे :** भए पनि आँसुको झरी
बस्नुपर्ने इज्जतको ख्याल गरी

**प्रितम पोखेल :** कि त मनले पराई नै ठान्थो र ?
मसँ आउदा के इज्जेत जान्थ्यो र?

**सीता घिमिरे :** तिमलाई पनि सकिन ढाँट्नलाई
बाउको कुरा नमिल्ने काट्नलाई

**प्रितम पोखेल :** बाचा तोड्यौ पार्दियौ छक्कै नै
खुसी हौली ऐले त पक्कै नै

**सीता घिमिरे :** खुसी छैन मनभरि पिर छ
ज्यान पो यता ध्यान तिमीतिर छ

**प्रितम पोखेल :** लाउँदाखेरी सिन्दुर र चुरा
पैलै किन सोचिनौ यो कुरा ?

**सीता घिमिरे :** तिमी भन्दा मन् अन्त गएन
सोचेर नि सोचे झैँ भएन

**प्रितम पोखेल :** तिम्लाई पाईयोस् लौअर्को जूनी भए
पिरतीमा म त शहिद हुनि भएँ

**सीता घिमिरे :** तिम्रै यादले मन पागल भएछ
चाहेको चिज नपाइँदो रहेछ

**प्रितम पोखेल :** पागल भएर हिँड्दै छु बाटोमा
आँसु पिउँछु पानिको साटोमा

**सीता घिमिरे :** भाग्यै यस्तो भनी मन बुझाउँछु
मैले पनि परेली रुझाउँछु

**प्रितम पोखेल :** झुटो माया कोईसँग नलाए
जिन्दगानी फुलाए फलाए

**सीता घिमिरे :** पापिनीले नभने के गरी ?
तिमी पनि बस है बे गरी

**दोस्रो सत्र**

**सरोज सिमखडाः** घुम्दै आउन भाग्यले दिया हो
थोरै खाजा खाएर जाऊँ क्या हो ?

**जलुमाया गुरुङ्ग :** भित्रै ठाउँ छ ल हजुर पस्नुस् न
के खानी हो कुर्चीमै बस्नुस् न

**सरोज सिमखडा :** भोको पेटलाई भर्न के चाहिन्छ ?
दुईटा दुनोट एक कप च्या खाइन्छ

**जलुमाया गुरुङ्ग :** हुन्छ हजुर् भनेको मानैं
त्यै मात्रै कि अरू नि केई खाने ?

**सरोज सिमखडा :** हुन्छ एले यै खान्छु बरु
पाइन्छ कि नाई फल्फूल्को जुसहरू

**जलुमाया गुरुङ्ग :** हुन्छ दिन्छु खुब राम्रो बनार
केको खाने स्याउको कि अनार ?

**सरोज सिमखडा :** जुन भयो त्यै खाइदिन्थैँ तर
उखुको जुस् मन पर्थो छैन र?

**जलुमाया गुरुङ्ग :** उखुको जुस ल्याइदेऊ त सानी
मासु रभात खानी कि न खानी?

**सरोज सिमखडा :** समय छैन बस्छु र कैलेसँ?
माछा मासु खाछैन ऐलेसँ

**जलुमाया गुरुङ्ग :** भन्नुस् बरु अरू के चाहिन्छ ?
भेज् खाना खुब् मिठो पाइन्छ

**सरोज सिमखडा :** भेज् खाना खान याइँसम्म आइयो
च्या र दुनोट् खाएर अघाइयो

**जलुमाया गुरुङ्ग :** खना खाने समयमा पाल्नुभो

खाजाले नै अघाउन थाल्नुभो

**सरोज सिमखडा :** फेरि आउँदा यै होटल छान्न पाम्
साहुनीको नाम के होला जान्न पाम्?

**जलुमाया गुरुङ्ग :** परिराखोस् ग्राकको छायाँ
तिम्रो के हो ? मेरो त फूलमाया

**सरोज सिमखडा :** पहिलो भेटमै मन पार्न थालेँ
लुरे भनी बोलाउँछन् गाउँकाले

**जलुमाया गुरुङ्ग :** बोलाएछन् सुहाउँदो नामले
यता आउनु भाको के कामले?

**सरोज सिमखडा :** हाम्रो बिचको सम्बन्ध केई त हो
घुम्दैफिर्दै हिन्ने काम यै त हो

**जलुमाया गुरुङ्ग :** घुम्नेफिर्ने मान्छेको घर् काँ हो?
नभन्नु है साउनीले थर्का हो

**सरोज सिमखडा :** केई सोच्दिन नमान्नु पिर
घर त धादिङ हिमाल्को फेद्तिर

**जलुमाया गुरुङ्ग :** फूलमायाको खाजा घर् चियाउनु
फेरी आउँदा साथीभाइ लि आउनु

**सरोज सिमखडा :** यस्तै भए सम्बन्ध कसिन्छ
अब सँधै आउँदा यैं बसिन्छ

**जलुमाया गुरुङ्ग :** आउनुस् आउनुस् मागेकै दिन्छु
हजुरहर्कै सेवामा खटिन्छु

## ३.१.१४ उन्नाइसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ श्रावण २ गते सञ्चालन भएको कार्यक्रमको उन्नाइसौँ भागमा **रिता रावत र सविन आचार्य को** समुहलेर **टेकराज भन्डारी तारा थापा**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा सविन आचार्य र तारा थापाले **"फूलमा भमरा,आउँदै गर निरमाया माया नमार"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा रिता रावत र टेकराज भन्डारीले **"मुखै तितो गरायो तिते करेलीले, मलाई लठ्ठै गरायो झिम्झिम् परेलीले"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापती पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । यी दुईवटा सत्रको प्रतियोगितामा रिता रावत र सविन आचार्यको समूहले विजय प्राप्त गरेको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**सविन आचार्य :** पहिलेचोटि क्याम्पसमा टेकियो
कति राम्री !मान्छेलाई देखियो

**तारा थापा :** राम्रै पढ्छु आछैन मैलो दिन
आज मेरो क्याम्पसको पैलो दिन

**सविन आचार्य :** पैलोचोटि मसँ भेट भाकी हौ
कुन स्कुलमा पढेर आकी हौ ?

**तारा थापा :** ऐले भाछ गाउँ अनि पालिका
बगलुङ बजार हो सिद्धकालिका

**सविन आचार्य :** मनले भन्छ नजिकै जाम क्या हो?
यति राम्री मान्छेको नाम क्या हो?

**तारा थापा :** जो पनि त आकर्षण बन्छन् नि !
नाम त तारा पूर्वेली भन्छन् नि

**सविन आचार्य :** मलाई तिम्ले बुझ्नलाई चाहे हुन्थ्यो
यो पुतली समाउन पाए हुन्थ्यो

**तारा थापा :** चिन्जान् गरम् मेरो मन चुड्ननि

पुतली हुँ बेर हुन्न उड्न नि

**सविन आचार्य :** म नि के कम आको छु आँटेर
राखिदिन्छु पखेटा काटेर

**तारा थापा :** पढाइतिर ध्यान दिन पर्नी
को हौ तिमी काटमार्को गफ गर्नी?

**सविन आचार्य :** उमेर बढ्यो उत्साह झन् लाउनी
केटी देख्दा जिस्काउन मन लाउनी

**तारा थापा :** भइएला नि सबैको हेलामा
नमात्तेऊ के अध्ययनको बेलामा

**सविन आचार्य :** बाले घरमै कतिन्जेल थुन्नी हो?
अध्ययनसँगै मायाजाल् बुन्नी हो

**तारा थापा :** किन यति नबुझ्नी भाका हौ?
पढ्न हो कि जिस्किन आका हौ?

**सविन आचार्य :** सबै समय जिस्केको छैन नि
पढाइ मात्रै जिन्दगी होइननि

**तारा थापा :** जस्तोसुकै ठाँउको नि लडाइँ हो
आफ्नो लागि जिन्दगी पढाइ हो

**सविन आचार्य :** बैँसाएर तिमिलाई हेरेँ
पढाइमा त प्रथमै छु के रे

**तारा थापा :** त्यसो भए केही कुरा फेर्छु म
मार्कसिट नै देखाइदेऊ हेर्छु म

**सविन आचार्य :** बढी बढी बोल्या छौ झोकेर
को आउँछ र क्याम्पसमै बोकेर?

**तारा थापा :** असल भए सोध्नलाई पाइन्न र?
आज दर्ता हुँदैछ चाइन्न र?

**दोस्रो सत्र**

**टेकराज भन्डारी :** घनाजङ्गल बीचैमा घर छ
अघि जाम् त बाघैको डर छ

**रिता रावत :** हिँड्या रैछौ तिमी रात परेसि
अर्को गाउँ छ यो खोला तरेसि

**टेकराज भन्डारी :** टर्च पनि ल्याछैन हातैमा

कसरी जाउँ अधेँरी रातैमा

**रिता रावत :** डरै थिएन राम्ररी चिने त
एक्लै छु म क्यारी बास् दिने त

**टेकराज भन्डारी :** डर्ले भा छ मनैमा आँधी
बटुवा हुँ नसम्भ्क अपराधी

**रिता रावत :** डर हुन्छ नि न त छु चिनेको
को हौ तिमी कहाँसम्म हिडेको

**टेकराज भन्डारी :** म दुःखीको पिर कसले सुन्छ र
बटुवाको के टुङ्गो हुन्छ र

**रिता रावत :** मलाई पनि गाह्रो छाक जुट्नलाई
कोठा छैन खाट छैन सुत्नलाई

**टेकराज भन्डारी :** यैँ पिँढीमा सुत्न मन लाको छ
चाउमिन खाको पेट ढुस्स भाको छ

**रिता रावत :** छेउमै वन छ बाघ भालु पस्छकि?
बाहिर सुत्दा सर्पले डस्छ कि?

**टेकराज भन्डारी :** एता छरे अध्याँरो खोला
जङ्गलभन्दा यैँ पिँढी ठीक होला

**रिता रावत :** भित्रै आऊ भो जङ्गल छाडेर
एक गास् खाना खाउला नि बाँडेर

**टेकराज भन्डारी :** आधा राती भएसि कुद्छु म
भैगो आमा पिँढीमै सुत्छु म

**रिता रावत :** सर्प आउला पानी नि आउला नि
बिहान घाम लागेसि जाउला नि

**टेकराज भन्डारी :** बोलीराछ्यौ हड्बडी हड्बडी
छोरा सम्भ्क केही हुन्न गड्वडी

**रिता रावत :** भित्रै आउ भो समय वित्या छ
आमा भन्यौ त्यहीले मन जित्या छ

**टेकराज भन्डारी :** एक्लै किन बसेको हो आमा?
मन राख्दियौ यैँ छु म भो आमा

**रिता रावत :** माया गरेँ मान्दियौ आमा
खाना पस्के आऊ बाबु चुलामा

### ३.१.१५ बिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ श्रावण ९ गते सञ्चालन भएको कार्यक्रमको बिसौँ भागमा **प्रकाश पराजुली** र **मिना बुढाथोकीको** समुहले **सङ्गीना थापा रदिलिप थापा**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा पहिलो सत्रमा "दिलिप थापा र मिना बुढाथोकीले**घुम्दै आयो फूलमा भमरा,सानु हितैको मायालाई भुल्ने नगर"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा प्रकाश पराजुली र सङ्गीना थापाले **"डाँडै फुर्के सल्लो, मायाको गाउँ त चिनैं घर चिन्न सकिन वल्लो हो कि पल्लो"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको रूपमा बालकलाकार **सचिन परियार, कमला घिमिरे** र **आयुषा गौतम** रहेका थिए । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**दिलिप थापा :** आमाले नि नगर्नू घृणित
सानु कोठा कहिल्यै नपाउने पिडित

**मिना बुढाथोकी :** एउटा कोठा खालि छ छनत
सानु तिम्लाई कस्तो चाइया हो भन त

**दिलिप थापा :** रैछौ क्या हो मैले गुन लाएको ?
सानु एउटै कोठा खोज्नलाई आएको

**मिना बुढाथोकी :** बस्नी मान्छे एक्लै कि कति छ
सानु सुविधा त चाइएकै जति छ

**दिलिप थापा :** राम्रै होला पानी र बत्ती?
सानु हामी बस्नी सिर्मान र सिर्मती

**मिना बुढाथोकी :** दुईजनाको भन त काम के हो ?
सानु भन्देहुन्थ्यो जन्मेको ठामके हो

**दिलिप थापा :** घर कैलाली गीत गाउनी काम मेरो

सानु  दिलिप थापा काले हो नाम मेरो

**मिना बुढाथोकी :** सारै राम्रो छौ पेसा रोजेको
सानु परिवारै हो मैले खोजेको

**दिलिप थापा :** दाम नि राम्रो राम्रै छ कमाइ
सानु बरु भाडा कति हो ए आमै ?

**मिना बुढाथोकी :** पाँच हजार हो सक्छौ नि दिन ?
सानु कोठा हेर्न भित्र नै जाऊँ हिन

**दिलिप थापा :** था त पाएँ सुविधा धेरै छ
सानु भाडा थोरै रहस्य के रैछ ?

**मिना बुढाथोकी :** धेरै दिनी मन भए दिनु
सानु एउटा कोठा धेरै त के लिनु ?

**दिलिप थापा :** आमै कति बुझ्नी हौ त नि
सानु यो बन्दमा चर्काथे भाउ पनि

**मिना बुढाथोकी :** बल्ल-बल्ल बनाको घर
सानु दुई वर्षमा बडाउँछु ख्याल गर

**दिलिप थापा :** यै कोठामा बस्नलाई चाहा छ
चर्पी पनि सफा छ आहा ! छ

**मिना बुढाथोकी :** सफा-सुग्घर सबलाई मन पर्नी
सानु मैले त्यति रूचाउन्न फोर् गर्नी

**दिलिप थापा :** खुसी हुन्थेँ बनाए यसैमा
सानु बिजुलीको पैसा नि त्यसैमा

**मिना बुढाथोकी :** अब तिम्ले न डुलाऊ मन
सानु आफ्नै घर झैं मानेर बसन

**दिलिप थापा :** लौनुस् राख्नुस् तीन हजार बैनामा
सर्छु अब साउनकै मैनामा

**मिना बुढाथोकी :** गाउँ कता हो? नहोला टाढा नि
सानु मैना पुगी लिन्छु म भाडा नि

**दोस्रो सत्र**

**प्रकाश पराजुली :** उकालीमा थकाइ नि लाग्यो
बल्ल-बल्ल बिसौनी ठाउँ आयो

**सङ्गीना थापा :** धेरै घाँस ल्याई भनेर देखाउँछु
गरुङ्गो भो एकैछिन् बिसाउँछु

**प्रकाश पराजुली :** कति सारै टाँठी हुन् नारी नि
मान्छे भन्दा ठूलो छ भारी नि

**सङ्गीना थापा :** घाम् नि कति लागेको चर्को !
क्यारम् हजुर छोरी हुँ गाम्घरको

**प्रकाश पराजुली :** मलाई जति लाहोला भोक
गानो झर्ला यसरी नबोक

**सङ्गीना थापा :** आज भोलि बढाउन लाग्या छु
भैंसी मात्र चारओटा पाल्या छु

**प्रकाश पराजुली :** जत्रो काम नि एकलै आँट्नी
घरमा अरू छैनन् र घाँस काट्नी?

**सङ्गीना थापा :** अलि परै बस्नुस् न मुडा छन्
बाउ आमा छन् तर नि बुडा छन्

**प्रकाश पराजुली :** सारै तिर्खा लाको थ्यो पानीको
कति टाढा होला घर् नानीको ?

**सङ्गीना थापा :** हिँडी सके हिँड्नलाई कति त
लाग्छ अझै एक घन्टा जति त

**प्रकाश पराजुली :** भन्छ्यौ बाटो बाँकी छ अरू
सुस्त-सुस्त हिनेर जाम् बरु

**सङ्गीना थापा :** म त हिड्न सक्दिन छिटो
काँ होला घर? को होला यो ठिटो ?

**प्रकाश पराजुली :** मै बटुवा सङ्सँगै भैदिन्छु
एउटा मुठो देऊ बरु लैदिन्छु

**सङ्गीना थापा :** खोज्नु भयो मलाई गुन लाउनलाई
बोकाउन मन लाउँदैन पाउनालाई

**प्रकाश पराजुली :** म रित्तै छु तिमी छौ भरी
देउ-देउ मलाई कत्ति पिर नगरी

**सङ्गीना थापा :** हाम्ले चाहे जस्तो त नहोला
जानुस् बरु काँ पुग्न छ होला ?

**प्रकाश पराजुली :** कि मन छैन सङ्सँगै लानी त
बोल्दै जाम् न उतै हो जानी त

**सङ्गीना थापा :** भो-भो हजुर के भन्लान अरूले
देखे भने गाउँ-घरका हरूले

**प्रकाश पराजुली :** बनाऊ तिम्ले पवित्र मन
अल्मलिएको बटुवा हो भन

**सङ्गीना थापा :** आज त झन् केटो नै ल्याई भन्लान्
फलानिकी छोरीले भ्याई भन्लान्

**प्रकाश पराजुली :** बाटैमा हो बोलेको हाँसेको
के नै छ र सर्बसो नासेको

**सङ्गीना थापा :** सबको हुन्नन् हाम्रो झैँ मन त
हो कि होइन? तिमी नै भन त

### ३.१.१६ एक्काइसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ श्रावण १६ गते सञ्चालन भएको कार्यक्रमको एक्काइसौँ भागमा **बसन्त विक र पवित्रा मगरको** समुहले **अस्मिता डल्लाकोटी र जीवन सिग्देल**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा बसन्त विक र अस्मिता डल्लाकोटीले **"मन परेको फूल खसेको' तिम्लाई मैले नपाउनु रैछ** र **यति धेरै माया बसेको"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा पवित्रा मगर र जीवन सिग्देलले **"ससुरालीमा' ख्यालख्यालमै दिल बस्यो कान्छी सालीमा"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको रूपमा **विमल अधिकारी** र **अन्जली अधिकारी** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा अस्मिता डल्लाकोटी र जीवन सिग्देलको समूहविजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**बसन्त विक :** संसारबाटै कि पर्‍यो हार्न ?
कि त पर्‍यो लेखान्त स्वीकार्न ?

**अस्मिता डल्लाकोटी** : अर्कैको हात पर्ने भो शिरमा
मनमा बस्यौ रैनछौ तस्बिरमा

**बसन्त :** तिम्रै फोटो हेरेर रोएँ म
रातैभरि नसामै भएँ म

**अस्मिता :** भुल्ने छैन रहुन्जेल जिउँदै
नहिने है पिर मान्दै जाँड पिउँदै

**बसन्त :** खुसी हुनू जमाउनू घर
बिन्ती सानु मेरो पिर् नगर

**अस्मिता :** रुन्छ नि मन मेरो नि रुन त
गुमाउनु नि माया हो हुन त

**बसन्त :** उतै देको तन र मन
पैले माया छुटेको नभन

**अस्मिता :** मिल्छ भने बिहेमा आइदिनु
जबर्जस्ती दुई गास भात खाइदिनु

**बसन्त :** आउँछु सानु चिनो छ टोपी
त्यै टोपीले बसौँला मुख छोपी
**अस्मिता :** भन्नी बाटो हुने छ अर्काले
देख्नी गरी नरोए घर्‌काले
**बसन्त :** होला उनलाई सङ्का र पिर
एकोहोरो नहेर्नू मतिर
**अस्मिता :** बग्छ नत्र आँसुको र बाडी
सकेसम्म नपर्नू अगाडी
**बसन्त :** बन्द गरी आँसुको मूलको
फर्की हाल्छु हेरेर एक झुल्को
**अस्मिता :** हेर्नु मात्रै फर्किनु नबोली
पक्कै होस्‌मा हुँदिन मभोलि
**बसन्त :** छुटे पनि कर्मको दोसमा
नगर्नू है केई गल्ती बेहोस्‌मा
**अस्मिता :** अर्कैसँग जोडिन्छ मेरो नाम्
तिम्रो पनि बे भाको हेर्न पाम्
**बसन्त :** मिसकल गर्नू निस्केसी घरबाट
हेर्छु सानु भन्ज्याङ्को वरबाट
**अस्मिता :** फिस्स हाँस्देउ आँखामा हेर्न देऊ
अन्तिम पटक अँगालो बेर्न देऊ

**दोस्रो सत्र**

**जीवन सिग्देल :** वर्ष दिन्‌मा भेटियौ साली
दिल् खोलेर बोलम् है यसपाली
**पवित्र मगर :** जाँड् खायौ कि ?हिँड्या छौ लस्किँदै
लाउरे भेना आइपुग्या मस्किँदै
**जीवन सिग्देल :** माछाको झैँ जिउ तिम्रो सर्लक्कै
जवानी नि बढेछ हर्लक्कै
**पवित्र मगर :** दायाँ-बायाँ नजर नि लाइन
यो जवानी समाल्ने कोई पाइन
**जीवन सिग्देल :** कति छिटो लजाउँछौ दाउरी नि
बन्नी हैनौ लाउरेको लाउरेनी ?

**पवित्र मगर :** बन्न मन् त लाको हो लाउरेनी
हो कि गाला त्यसैमा चाउरिनी ?
**जीवन सिग्देल :** भेना पऱ्यो पल्टनको कर्नेल
यै छुट्टीमा तिम्रो शिर भर्ने ल
**पवित्र मगर :** तिम्ले भाका यति त सार्दैनौ !
यस्तै भन्छौ  केई माखो मार्दैनौ
**जीवन सिग्देल :** गर्छु बिहे सुखीसँ बसौली
चमेली तेल् तिम्ले नै घसौली
**पवित्र मगर :** भेना कति गफाडी हौ त नि!
अत्तर ल्याउँछु भनेको खै त नि
**जीवन सिग्देल :** सँगै बसम् भन्दिन तर्किम्ला
बिहे गर्दीम् दुईवटै छर्दिम्ला
**पवित्र मगर :** यस्तै भनी नखोज फसाउन
मलाई ऐलै मन लाग्यो बसाउन
**जीवन सिग्देल :** त्यै बास्नाले यै ठाउँमा अडाछ
तिम्रो बैंसको बास्ना झन् कडा छ
**पवित्र मगर :** यस्तै भनी आइदिन्छौ रित्तैमा
त्यसै साली काँ पाइन्छ सित्तैमा ?
**जीवन सिग्देल :** के चाहान्छौ ज्यान् हट्टकट्ट छ
मरे पनि पेन्सन् र पट्टा छ
**पवित्र मगर :** मैले ठूलो मान्दिन दाम
बैंस गएसि पैसाको के काम
**जीवन सिग्देल :** साली किन रिसाउँदै गयौ त ?
नौतुनाको रेल चड्ने भयौ त
**पवित्र मगर :** आँट छ भने घरैमा आई माग
हैन भने भो भेना चुप् लाग
**जीवन सिग्देल :** आइहाल्छु नि माग्नालाई कान्छु
तिम्लाई सँगै पल्टनमा लैजान्छु
**पवित्र मगर :** पल्टन लानी नगर कुरा
पुजी बस्छु सासु र ससुरा

### ३.१.१७बाइसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ श्रावण २३गते सञ्चालन भएको कार्यक्रमको बाइसौँ भागमा **बबिता बानिया र शङ्कर क्षेत्रीको** समुहले **डिला विक र राजु केसी**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा शङ्कर क्षेत्री र डिला विकले **“कालीपारे दाई, कालीपारे दाई मेरो मायालाई नबिर्सनु है”**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा **बबिता बानिया र राजु केसी**ले **“माया चन्चले, चन्चले लाज लागे मुख छोप बरै गम्छाले ”** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णाायकको रूपमा **नन्द कुशनाथ जोसी र चन्द्रकला शाह**रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा डिला विक र राजु केसीको समूहविजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन्  :

**पहिलो सत्र**

**शङ्कर क्षेत्री :** सँगै घुमियो हाट-बजार मेलामा
मन पोल्या छ छुटिने बेलामा

**डिला विक** : हाँसी खुसि बिते नि सातदिन
मर्नी भयो झल्केको रात-दिन

**शंकार क्षेत्री :** सम्झने छु कालीको नासोलाई
क्यारी मैले बिर्सुंला हाँसोलाई ?

**डिला विक :** भनेका थ्यौ तीनपाने ल्याईदिन
छुट्ने दिन सकिन केई दिन

**शङ्कर क्षेत्री :** खाउला नि त अर्को साल आएर
टोपी देइछौ यै जान्छु लाएर

**डिला विक :** सर्ट किन्दिम्ला भेट भए फेरि
घडी द्याछौ बसौँला यै हेरी

**शङ्कर क्षेत्री :** जीवनभरलाई आफन्तै भैजान्थेँ

जाने भए त मान्छे नै लैजान्थेँ

**डिला विक :** हात माग्न आउ जुराई दिन

यती हतार गरेको हौ किन ?

**शङ्कर क्षेत्री :** मेरो नजर तिमीमै सऱ्या छ

गारो भाछ एकदम् मन् पऱ्या छ

**डिला विक :** यो कुरामा भएँ म हार्न

भाछ गारो घरमा छाक् टार्न

**शङ्कर क्षेत्री :** मलाई नि मन पारेको हैन र ?

किन तिम्रो दाजुभाइ छैन र ?

**डिला विक :** भनेकै हो दाइ छैन भाइछैन

त्यसै बजार घिउ बेच्न आइछैन

**शङ्कर क्षेत्री :** तिम्रै छायाँ भएर हिन्छु

पिर् नगर अब म साथ् दिन्छु

**डिला विक :** बे गरेर गैसके सैँसाथी

जिम्मेवारी छ घर्को मैमाथी

**शङ्कर क्षेत्री :** आएपनि माइतीघर छाडेर

जिम्मेबारी निभाउँला बाँडेर

**डिला विक :** कति मीठो ! बोल्यौ ए कान्छु

आज त कर् नगर घर जान्छु

**शङ्कर क्षेत्री :** मनको धोको नपाईनी मेट्नलाई

म नि जान्छु बाउआमा भेट्नलाई

**डिला विक :** बिर्सेछु मन् भो छिन्न भिन्न नि

दुई चार पोका थियो नुन किन्न नि

**शङ्कर क्षेत्री :** कैले हुन्न मबाट धोका

यै पसल्मा किनम् न दस पोका

**डिला विक :** भाडा भ्याइन्छ पर्छ नि हिन्नलाई

पैसै छैन भो त्यत्रो किन्नलाई

**शङ्कर क्षेत्री :** सम्झ्यौ भने ज्वाइँ पनि छोरै

मै सित छ किन्नी भए एक बोरै

**डिला विक :** छोरी मान्छे जोगिनै कर लाउँछ

ऐलै ज्वाइँ त भाछैनौ डर लाउँछ

**शङ्कर क्षेत्री :** तिम्रो घरको घिउ खाने मन

बिन्ती सानु हुन्न त नभन

**डिला विक :** मन् दुखायौ भो हुन्न भनेसि

सब किनौंला ज्वाइँ राजा बनेसि

**दोस्रो सत्र**

**राजु केसी :** बन्द कोठा दुईजाना पसियो

बस तिमी आपू त बसियो

**बबिता बानिया :** के छ मनमा खुलेर बोल्नुस् न ?

चुकल् किन लगाको खोल्नुस् न

**राजु केसी :** तिमीभन्दा म पैले आको हो

ढोका-चुकुल तिमीले लाको हो

**बबिता बानिया :** गल्ती देख्नु मन्मा होस् भाको भए

खोल्न पर्यो भन्थेँ र लाको भए?

**राजु केसी :** हेरम क्या हो ? नजरै नगाडी

रैछ केटी एकदमै अगाडि

**बबिता बानिया :** बाँकी नै छ सम्बन्ध गाँसिन

पर बस्नुस् नआउनुस् टाँसिन

**राजु केसी :** आफै यता ढल्किन्छ्यौ ढलक्क

के आइलाको बस्ता नि अलक्क

**बबिता बानिया :** मनले पारा खै के-के जनायो

लौ न ! ह्वास्सै तीनपाने गनायो

**राजु केसी :** आफै आउनी अँगालो मार्नी

बलात्कारी हौ क्या हो केस पार्नी ?

**बबिता बानिया :** मान्छे धुर्मुर् आँखा नि लट्ठइ छ

खल्तीमा नि चुरोट्को बट्टै छ

**राजु केसी :** मार्ने भए नि थाल्यो ज्यान काम्नलाई
खल्तीमा नि भ्याएसि छाम्नलाई

**बबिता बानिया :** सत्य कुरो हैन म जिस्केको
आधा बट्टा छ बाइर निस्केको

**राजु केसी :** आथिन म यस्तीको खोजीमा
क्यारी निस्क्यो च्यान लाको गोजीमा

**बबिता बानिया :** मलाई चाहिया मनमा आस भर्नी
धुम्रपान र मध्यपान नगर्नी

**राजु केसी :** पैलो भेट्मै तर्साउन आँटनी
चाइया छैन मलाई नि जेप काट्नी

**बबिता बानिया :** खोज्दै आयौ था पार म भाको
यस्तै भर रैछ बे नभाको

**राजु केसी :** तिमी पनि नबिक्या रैछौ नि
दुई हजार थ्यो भिकेर लैछ्यौ नि

**बबिता बानिया :** बे हुँदैन मै कुरो अड्काम्ला
धेरै चोर् चोर् नभन पड्काम्ला

**राजु केसी :** अब एता अइन्न केई कामले नि
लौ त पड्काउ हेरम्ला हाम्ले नि

**बबिता बानिया :** मान्छे ठिक् छौ दिमाख के भा हो र ?
जाँड् खाएर निहुँ खोज्दै आ हो र ?

**राजु केसी :** बुढी कन्ने बस है हे बानी !
यस्ती केटि लैंदैन जे भए नि

**बबिता बानिया :** मन पर्नेसँ बे गरी जानी हो
यस्तासँग गए पो लानी हो

**राजु केसी :** आई लाग्नेलाई जानिन्छ जाइ लागे
फाइदै छैन बोलेर बाइ लागेँ

**बबिता बानिया :** बाइ फर्काए उठाएँ दाइने हात
धन्न भगवान् पन्छायौ साढेसात

## ३.१.१८ तेइसौँ भागमा गाइएको दोहोरी

मिति २०७८श्रावण ३० गते सञ्चालन भएको कार्यक्रमको तेइसौँ भागमा **राजेन्द्र पाठक र मिना नेपालको**समुहले **प्रदिप रोका र कल्पना दाहाल**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा राजेन्द्र पाठक र कल्पना दाहालले "**घर त पूर्व हो, शुभ नाम के पर्‍यो मैपनि तिम्रै हो, अल्लारे सान्ननी** (**महिला : सान्दाजु**) **उमेर कति भो**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा प्रदिप रोका र मिना नेपालले **"सुनकोसी सलल, बाटुलो मोहोडा तिम्रो यो ढाका टोपी** (**महिला : गालैमा कोठी**) **सम्झनछु झलल"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको रूपमा लोक गायक **कुलेन्द्र विश्वकर्मा** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा राजेन्द्र पाठक र मिना नेपालकोसमूहविजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**राजेन्द्र पाठक :** आज छिट्टै जाने भो दिन त
ढिला आयौ गोठालो किन त

**कल्पना दाहाल :** आजभन्दा हिजो हो ढिलो
घरमा काम थ्यो काँ थ्यो र सजिलो?

**राजेन्द्र पाठक :** तिम्रै माया मनभरि छ कति !
एक्लै हुँदा आत्तिन्छु म कति !

**कल्पना दाहाल :** नजिस्काउन पर्छु म सरम्मा
गाई र बाखा चराउने करम्मा

**राजेन्द्र पाठक :** दुखिराछ हिजो हात चिमोट्या
आत्था बाबै ! कस्तो कान् निमोठ्या !

**कल्पना दाहाल :** कान तान्दा नि जिस्किन्छौ फेरि
दायाँबायाँ कहीँ पनि नहेरी

**राजेन्द्र पाठक :** जिस्किन्छौँ नि हामी त घारीमा
घोर्ले बाखो फुकेछ बारीमा

**कल्पना दाहाल :** कति धेरै चोर् तिम्रो बाखा नि
खाछ हिजो घरछेउको काँक्रा नि

**राजेन्द्र पाठक :** बस तिमी मै ल्याउँछु धपाउदै
घरधनीले सराप्पन नपाउँदै

**कल्पना दाहाल :** हुन्न-हुन्न यो सोचलाई मोड
मै जाने हो खुरुक्क हात छोड

**राजेन्द्र पाठक :** लक्का जवान् भाको छु ठिटो
तिमीभन्दा दौडन्छु म छिटो

**कल्पना दाहाल :** म नि सक्छु छिट्छिटो आउन त
त्यसो भए दुईजना जाउँन त

**राजेन्द्र पाठक :** आकी रैछौ दुई चुल्ठी बाटेर
थाकी हौली तिमी घाँस काटेर

**कल्पना दाहाल :** थक्या भए नि दौडिन जान्या छु
दुईटा होइन यी एउटा बान्या छु

**राजेन्द्र पाठक :** हत्त-पत्त तिम्रो छेउ परेर
झुक्किएँ म लरक्क झरेर

**कल्पना दाहाल :** हेर्नु पर्छ नजिकै आउँदै
बोली हाल्छौ केई निधो नपाउँदै

**राजेन्द्र पाठक :** ठट्टा गर्दै मायामा हराउनी
निउँ मात्रै हो गाई-बाखा चराउनी

**कल्पना दाहाल :** बोल्नु पर्छ इसारा दिएर
साधैँ आम् है गाई-बाखा लिएर

**राजेन्द्र पाठक :** जसरी नि हाम्लाई रात पार्नु छ
जाउँ घर् अब डाले घाँस झार्नु छ

**कल्पना दाहाल :** बस्न मन् त थ्यो अझैआडैमा
हो त अझै घाम् पुगे डाँडैमा

## दोस्रो सत्र

**प्रदिप रोका :** फेस्बुक्मा थ्यो भेट् हुने लच्छे
खुसी लाछ भेट्न पाएँ पर्तच्छे

**मिना नेपाल :** फेसबुक्मा छरितो फोटो हो
भेट् हुँदा त के सारो मोटो हो !

**प्रदिप रोका :** गफ्कै सुर्मा केई कदम् चलिथ्यौ
फेस्बुक्मा त तिमी नि काली थ्यौ

**मिना नेपाल :** म्यासेजमा गरियो बात
गकै पत्तो पाइएन दिन-रात

**प्रदिप रोका :** अफलाईन् हुँदा यति पिर् लाउथेन
काम् गर्दा नि हातमै काम् आउथेन

**मिना नेपाल :** राती-राती फोन् गर्थ्यौ खाली
कति धेरै लजाउथ्यैँ म काली

**प्रदिप रोका :** मन रमाउँथ्यो गफ् गर्थ्यो मजाको
मलाई फेरि मन् पर्नी लजाको

**मिना नेपाल :** मन परेकै पऱ्या छौ फेलामा
के भन्छौ त भेट भाको बेलामा ?

**प्रदिप रोका :** केई त  भन्छु यत्रो ठाउँ छेकी छौ
भन मलाई कुन रूपमा लेकी छौ ?

**मिना नेपाल :** फेस्बुक्बाटै भेट भाछ हाम्रो
रात्मा फोन गर्ने चाइँ नराम्रो

**प्रदिप रोका :** नगर् भने गर्दिन म अझै
तिम्ले हो क्या गराको सहजै

**मिना नेपाल :** तीन दिनसम्म काँ हाल्दे हाल्दिए
था पाएर बाउले फोन फाल्दिए

**प्रदिप रोका :** के भाथ्यो र यस्तो गफ् था हुनी?
फेरि तिम्रो बुबालाई डा हुनी

**मिना नेपाल :** बुझ् पचाउँछौ था नपाए जस्तो

रात्मा फोन गर्नेको बात् कस्तो

**प्रदिप रोका :** हुन्न त्यस्तो झुटो गफ् दिएर
फोन गऱ्या छु अनुमति लिएर

**मिना नेपाल :** नत्र भने किन मन् टुट्यो ?
हतार्-हतार् निभाउँदा फोन उठ्यो

**प्रदिप रोका :** नबोल्नु है नराम्रो बनेर
गर्दिएको हो तिम्ले भनेर

**मिना नेपाल :** त्यती सारो उत्ताउली बनिन
फोन गर भनी कैल्यै नि भनिन

**प्रदिप रोका :** हो यसैमा मैले मन् दुखाउनी
झुटो बोल्नी यथार्थ लुकाउनी

**मिना नेपाल :** भएँ बिचैं बाउको नि हेलाँमा
फटाहाको परिछु फेलामा

**प्रदिप रोका :** मेरो माया छ भने छ भन ?
पानी माथि ओभानो नबन

**मिना नेपाल :** नलाऊ कोईले फेस्बुके माया
हुने रैछ दुईदिने घाम छायाँ

### ३.१.१९ चौबिसौँ भागमा गाइएको दोहोरी गीत

मिति २०७८ भाद्र ५ गते सञ्चालन भएको कार्यक्रमको चौबिसौँ भागमा **सुरेन्द्र मगर र बिमा कुमारी विकको** समुहले **विजय बानिया र सपनारोका**को  समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमासुरेन्द्र मगर र सपना रोकाले**“छिनको छिनैमा, भेटभो माया के भनी बोलाम् म पहिलो दिनैमा”**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा **बिमा कुमारी विक र विजय बानियाले “घाम जस्तो चम्कीलो जुन हुँदैन, जति रुन परेनी मेरै काखमा रोउ माया सतुरले देख्ने गरी रुन हुँदैन”** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको रूपमा लोक गायक**इन्द्र जिसी रएकनारायण भन्डारी** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा विजय बानिया र सपना रोकाको समूहविजयी भएको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**सुरेन्द्र मगर :** दुखी वृद्ध भेट् हुने एकै ठाम ्
जप्दै बसेँ हरेराम् हरेराम ्

**सपना रोका :** एक मुठी सास् जानी हो कुन दिन?
चर्को बोल राम्रो कान् सुन्दिन

**सुरेन्द्र मगर :** सुस्त बोल्छु जिन्दगी चल्याछ
बोल्दा पनि पूर्पूरो गल्याछ

**सपना रोका :** त्यस्तो भोगाई मैले नि भोगिछु
मेरो त झन् दम् बढ्छ रोगी छु

**सुरेन्द्र मगर :** ठाडै बस्छु विस्तारामा ढल्दैन
मेरो त झन् आदि हर चल्दैन

**सपना रोका :** रहर् बढ्यो जन्मेको ठाम् सुन्ने
ख्वाक्क-ख्वाक्क खोक्नेको नाम सुन्ने

**सुरेन्द्रमगर :** केही ठमिन्न नजर् त तेतैहो
सुरेन बुढा घर् मेरो यतै हो

**सपना रोका :** सिन्दुर लगाई स्याङ्जामा अन्मेको
होइन होला आश्रममा जन्मेको

**सुरेन्द्र मगर :** भनी हालेँ सकेको जे भनुँ
निकाल्देको घर्को नाम केभन्नु ?

**सपना रोका :** कोई नि छैन एकलै हो म नि
छोरा छोरी के कति छन् तनि

**सुरेन्द्र मगर :** एउटा छोरा प्रदेश छन् छुटेर
घर बेच्दिए लखेटे कुटेर

**सपना रोका :** सिर्मान् परे बर्खाको बाडीमा
छोरा छोरी युरोप र खाडीमा

**सुरेन्द्र मगर :** आश्रम छ र आधी सास साँचेको
छोरालै हो आधि घर भाँचेको

**सपना रोका :** कस्को जीवन चल्छ र चाहेर?
बसम् यहीँ भजन गाएर

**सुरेन्द्र मगर :** भजन्बाटै दुखेसो भिजाम्ला
सुरु गर म स्वर मिसाम्ला

**सपना रोका :** बिहान बेल्का तिम्रो र मेरो काम
भन अब हरेराम् हरेराम्

**सुरेन्द्र मगर :** अपाङ्ग छु खोली झैँ बग्दिन
गाइदिम्ला म नाच्न त सक्दिन

**सपना रोका :** भो न नाच गाउनी हो हाम्रो काम्
मरे पछि बैकुण्ठ तर्न पाम्

**सुरेन्द्र मगर :** एउटै उमेर साथी झैँ बनुँला
भन भजन् म हरि भनुँला

**सपना रोका :** भरे गाम्ला न गाउनी होइन याँ
पानी दिनी मान्छे नि छैन याँ

**सुरेन्द्र मगर :** गाउँला भजन् हरेराम् भनेर
झमान् कै मित्रता बनेर

**सपना रोका :** आधा उमेर नागेकाहरूलाई
आश्रमको बास् नपरोस् अरूलाई

**दोस्रो सत्र**

**विजय बानिया :** भाछु मत ओच्छयान्कै भर
के छ प्यारी गाउँ-घर्को खबर?

**बिमाकुमारी विक :** घरतिरत ठिकै छौँ हामी
पिर् छ हजुर् भएर बिरामी

**विजय बानिया :** ठिक भै हाल्छ किन पिर् गरेको?
पन्ध्र दिन भो बिरामी परेको

**बिमाकुमारी विकः** हे भगवान् कस्तो दिन आएको
छौ कि छैनौ लाएको खाएको?

**विजय बानिया :** घरी-घरी बाँच्छु झैँ लाउदैन
खान्छु खाना तर केही स्वाद पाउँदिन

**बिमाकुमारी विकः** धेरै ठिक भो बिरामी बन्दा नि
आत्मबल हो औषधी भन्दा नि

**विजय बानिया :** आत्मबल् छ बस्दा नि लडेर
फेरी पनि आयो सास् बढेर

**बिमाकुमारी विकः** खानुस् पानी मन्तातो बनार
पाइँदैन र अङ्गुर र अनार

**विजय बानिया :** यति भनी आँट गरेँ बोलेँ भो
पाउँथ्यो होला ल्याइदिने कोले हो ?

**बिमा कुमारी विकः** साथी होलान् मगार खाऊ राजा !
मिल्नी भए नेपालै आऊ राजा !

**विजय बानिया :** रिपोट आयो अस्तिको मिति
आउने मन् थ्यो नाजुक् छ स्थिति

**बिमा कुमारी विकः** तिमै पिरले घर धन्न भ्याछैन

साउले तलब् द्या छ कि द्या छैन?

**विजय बानिया :** घाइते छु म यस्तो रोग् लाएर
सकियो पैसा औषधी खाएर

**बिमा कुमारी विकः** पठाइदिन्छु कलिलो बैँस छ
दुनो भैँसी बेचेको पैसा छ

**विजय बानिया :** भो पर्दैन उतै रिन् छिन्नु है
बाहिर हिन्दा ख्याल् गरी हिन्नु है

**बिमा कुमारी विकः** प्रदेसियौ दुखीलाई बे गरी
फेरी घरमा फर्किन्छौ के गरी?

**विजय बानिया :** मऱ्या छैन बाच्ने आश छ अझैँ
लग्डाउन् खुलोस् फर्किउँला सहजैँ

**बिमा कुमारी विकः** भन्छु पिडा परेनी खपिन्छ
सात् दिन् भन्छ महिना दिन् थपिन्छ

**विजय बानिया :** होलान् एक दिन् सपना पुरा
बाआमालाई नसुनाऊ यी कुरा

**बिमा कुमारी विकः** हुन्न अब तेसै मन दुखार
था पाइसके के लुक्थ्यो लुकार

**विजय बानिया :** तिमी छेउ र ढुक्क छु पियारी
बस घर्बार् राम्रोसँ सिँगारी

**बिमा कुमारी विकः** बस्छु सबै हुनु छ सचेत
संसार देख्न पाइने भो बचेत

## ३.१.२० पच्चिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ भाद्र १२ गते सञ्चालन भएको कार्यक्रमको पच्चिसौँ भागमा **देवी आले र चिज गुरुङ्को**समुहले **शोभा कार्की र बालचन्द्र बराल**को समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा **बालचन्द्र बराल र देवी आलेले "रून्छ नि मन किन रुँदैन' रुखो बोली नबोल निरमाया बचनको घाउ निको हुँदैन"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा **चिज गुरुङ् र शोभा कार्की**ले **"मायाले मार्‍यो, दिल बिगार्‍यो यो ज्यानले पार्नु पिर पार्‍यो"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको भुमिकामा**शिव हमाल र मञ्जु पौडेल** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा शोभा कार्की र बालचन्द्र बरालकोसमूहलेविजय प्राप्त गरेको  थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**बालचन्द्र बराल :** जस्को मुख हेर्न मन लाग्दैन
उसैँ आज  नबोली भाछैन
**देवी आले :** किन लाग्थ्यो सम्बन्ध बनाम् झैँ
भाछ मलाई झटारो हानम् झैँ
**बालचन्द्र बराल :** तेसै छैन सानो मन् गराकी
मेरै छोरी तीन् दिन्  भो हराकी
**देवी आले :** बाउ-छोरीले फकाए मनाए
मेरै छोरो बेपत्ता बनाए
**बालचन्द्र :** सोर वर्ष नपुग्या सोझी हो
जानी हैन लानीको खोजी भो
**देवी आले :** तिम्ले कुरा मिलाको पोरै हो
छोरोको नि उमेर त सोरै हो
**बालचन्द्र बराल :** बुझ्दै छु म कसको हात् छ याँ

बुझिसकेँ आमाकै साथ् छ याँ

**देवी आले :** सत्य बोल छन् कता गाका
अलि कति लाज-सरम् नभाका

**बालचन्द्र बराल :** धन्न रैछौ संसारमै बाँचेको
तिम्रै सन्तान् लाज्-सरम् पचेको

**देवी आले :** पिर्ले खाना खा छैन गास् चाहियो
कि सास चाहियो कि मलाई लास चाहियो?

**बालचन्द्र बराल :** बचाँउन छ दुईटैको इज्जत नाम्
अब झगडा नगरम् खोज्न जाम्

**देवी आले :** नखोजम् त नखोजी भाछैन
सँगै जान मन् पनि लाछैन

**बालचन्द्र :** छिमेकी त मर्दा र पर्दा हो
बोल्नै परो सन्तानले गर्दा हो

**देवी आले :** कलेजीको टुक्रा नै चुडायो
समान चोऱ्यो मान्छे नै उडायो

**बालचन्द्र बराल :** जैकी छोरी लासमा परेर
बोल्नी थिन शिर ठाडो गरेर

**देवी आले :** खोज्न जान्छु काँ जान पाउली?
नखरमाउली कैँ नभा उताउनी

**बालचन्द्र बराल :** परेछनी बैरीको आँखा हो
तिम्रै छोरा कैँ नभा डाँका हो

**देवी आले :** मुखको छुचो व्यवहारको ढिलो छ
छोरी त्यस्तै बाउ अगतिलो छ

**बालचन्द्र :** ज्यादै तिम्रो बचनकै काम् भयो
मुद्धा हाल्न मलाई त जाम् भयो

**देवी आले :** अप्ठयारोमा तिमी नि पर्छौ
बच्चालाई खोर हालेर के गर्छौ ?

**बालचन्द्र :** अझै मेरो बचन्लाई नकार

होइन भने कि छोरी टकार

**देवी आले :** छरछिमेकी मिलेर खेजम्ला

खोज्न जाम भो सम्झाम्ला बुझाम्ला

**दोसो सत्र**

**चिज गुरुङ :** एता सिट् छ काँ जान लाकी छौ ?

जेब्रा झोला घिसार्दै आकी छौ

**शोभा कार्की :** पोखराको यात्रा भो सुरु

झ्याप्पै गाडी रोक्नुस्न ए गुरु

**चिज गुरुङ :** खाली छ नि याँ बस्न आउनू

लडिएला नि रेलिङ्मा समाउनू

**शोभा कार्की :** रात्री बस्मा मामा घर् हिनेको

कोई नि मान्छे देख्दिन चिनेको

**चिज गुरुङ :** घुम्न जानी गऱ्या छु सुर त

मैले पनि को चिन्या छु र ?त

**शोभा कार्की :** गाडी लाग्छ यही ठूलो पिर

मेरो सिट पऱ्या छ झ्याल तिर

**चिज गुरुङ :** राम्री मान्छे काँ पऱ्यो घर?

हुन्छ बस आपत्ती के छ र ?

**शोभा कार्की :** राम्रै सिट छान्दछु छान्न

वाक्वाक् आउँदा पाइँदैन घिन् मान्न

**चिज गुरुङ :** मेरो भाडा कति हो लिनु त

खलासी भाइ पोलिथिन दिनु त

**शोभा कार्की :** हतार भयो पोखरा हिँड्नलाई

फेरी पानी बिर्सेछु किन्नलाई

**चिज गुरुङ :** हेर्नी होइन इसारा दिएको छु

पानी पनि मैले नै लिएको छु

**शोभा कार्की :** धक्का लाग्ला पिर पर्न जानी छ

गाडी चढे निदाउने बानी छ

**चिज गुरुङ :** बुझ्छु मैले तिम्लाई निँद लाको
कस्तो मलाई जे खोज्यो त्यही भाको

**शोभा कार्की :** लागिसक्यो मध्यरात हुनलाई
मौका छोपी पाउँदैनौँ छुनलाई

**चिज गुरुङ :** ठूलै छनि के ल्याछौ झोलामा?
त्यतिसम्म गिर्दिन होला म

**शोभा कार्की :** लुगा बोकी निस्केको थिएँ त
रूप हेरेर बुझिन्न निएत

**चिज गुरुङ :** जुधाइ हेर्छौ आँखामा आँखा
उही दर्जामा सबैलाई नराख

**शोभा कार्की :** राम्रै चिनजान भएत भर् हुन्छ
एक्लै नै छु त्यै भएर डर् हुन्छ

**चिज गुरुङ :** अब कुम्मा निदाए हुनी
त्यति डर नमान मछु नि

**शोभा कार्की :** छैन नजर् मबाट हटेको
पत्तै पाइन मलेखु कटेको

**चिज गुरुङ :** हेर्दा-हेर्दै गफै-गफ लाइएछ
ओहो झ्याप्पै मलखु आइएछ

**शोभा कार्की :** हेरिराछु पाइखाना काँछ त?
मलाई माछा खान मन् लाछ त

**चिज गुरुङ :** खुल्दै रैछ कुन् होटल जानी हो ?
भन न त कुन् माछा खानी हो ?

**शोभा कार्की :** एता एता भनेर बोलाको
खानु पर्ला त्रिशुली खोलाको

## ३.१.२१ छब्बिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ भाद्र १९ गते सञ्चालन भएको कार्यक्रमको छब्बिसौँ भागदेखि शीर्ष आठमा पुगेका प्रतिस्पर्धी माझ भएको थियो । यस भागमा**सरोज सिम्खडा र सीता घिमिरेको** समुहले**रिता रावत र सविन आचार्य**को मूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा **सविन आचार्य** र **सीता घिमिरे**ले "**फुल्यो बामरी, बामरी म भोली गइहाल्छु बसे रामरी**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा **सरोज सिम्खडा र रिता रावत**ले **"तारा सँगै जुन, बिर्स्यौं कि मायाले मैले लाको गुन"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णाायकको भुमिकामालोक गायिकाहरू **भुमिका गिरी, जानकी मगर र शान्तिश्री परियार** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा रिता रावत र सविन आचार्यको समूहलेविजय प्राप्त गरेको  थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन्      :

**पहिलो सत्र**

**सविन आचार्य :** पल्टन्  जान पर्नी भो रुँदै
बे गरेको मैना दिन नहुँदै

**सीता घिमिरे :** तिम्रो बाटो छेक्दिनँ तर
यति  छिट्टै नगए हुन्न र ?

**सविन आचार्य :** फर्की भनी पत्र नि आइसक्यो
लडाइँ सुरु हुनलाई लाइसक्यो

**सीता घिमिरे :** आजैदेखि चिन्ताले सताउनी
क्यारी होला मैले दिन कटाउनी?

**सविन आचार्य :** मलाई सम्झी निदाउनु रातमा
बाबाआमा त छन् तिम्रो साथमा

**सीता घिमिरे :** बाउआमा त छन् साथमा आइरनी
तर तिम्रैपिर चिन्ता लाइरनी

**सविन आचार्य :** रामोसँग सम्हाल्नु घर
फर्की हाल्छु कत्ति पिर नगर

**सीता घिमिरे :** जीवन जिउन पर्छ की रोईरोई त
लाहुर गाका फर्किन्नन् कोई कोई त

**सविन आचार्य :** गोर्खाली हुँ छातीमा दम् छ
त्यसैमाथि सिन्दुरको कसम् छ

**सीता घिमिरे :** बस्नी छु म तिम्रै भर परी
यो सिन्दुरलाई बचाउ है ख्याल् गरी

**सविन आचार्य :** काम धन्दामा अगाडि सर्नू है
बाआमाको राम्रो ख्याल् गर्नू है

**सीता घिमिरे :** राम्रोसङ्ग काम्मा ध्यान दिनू
बाउआमाको कत्ति पिर नलिनू

**सविन आचार्य :** तिमी बस बाउआमा पालेर
म फर्कन्छु दुस्मनलाई ढालेर

**सीता घिमिरे :** म जिम्मा छु घर्बार चलाउनी
शक्ति मिलोस् दुस्मनलाई ढलाउनी

**सविन आचार्य :** पर्ने छैन तात्तातो गोलीमा
शक्ति हुन्छ लक्ष्मीको बोलीमा

**सीता घिमिरे :** तिम्रै सिन्दुर लाएर हिन्छु म
सधैँ तिम्लाई आशीर्वाद दिन्छु म

**सविन आचार्य :** पर्ने छैन रगत्मा मुछिन
दिने छैन त्यो सिउँदो पुछिन

**सीता घिमिरे :** पिर् नलिनू भोकमा खानू
छिट्टै फर्की आउनू है ए सानु

**सबिन आर्चाय :** तिमीलाई नै सम्झन्छु खाना खाँदा
ख्याल् गर्नू है वन्पाखा भिर् जाँदा

**सीता घिमिरे :** तिमी छोडी जाँदै छौ जब
तिम्रै अभाव खड्किने भो अब

**सविन आचार्य :** एकताल् हेर्छु शिर देखि पाउ सानु
कैले काहीँ माइत नि जाऊ सानु

**सीता घिमिरे :** फाटिको मनलाई सिलाउँदै
जाम्ला सानु घरधन्दा मिलाउँदै

**दोस्रा सत्र**

**सरोज सिमखडा :** सिधै भन्न भएन हाम्री
दुलही भन्दा छेवैकी भ्रन् राम्री

**रिता रावत क्षेत्री :** आफ्नो भने खाली छ शिर
बसेकी छु दुलैको छेउ तिर

**सरोज सिमखडा :** मिल्छ भने नजिकै बनूँ
तिम्लाई साली भनम् कि के भनूँ

**रिता रावात क्षेत्री :** भन्दिनँ म तिमीलाई यै भन
जे भन्न मन् लाको छ त्यै भन

**सरोज सिमखडा :** मेरै मुखमा हेरेभ्रैँ गरेकी
सानी-सानी चिटिक्क परेकी

**रिता रावात क्षेत्री :** के हेरेको के एकहोरो तेसरी?
न हेर के लाज लाग्छ बेसेरी

**सरोज सिमखडा :** हो कि होइन यो ज्यानले पाउनी?
लजाउँदा भ्रन छोड्नै मन् नलाउनी

**रिता रावात क्षेत्री :** बजिसक्यो बाजाको रन्को
दम हेर्छु म नाच त एक् फन्को

**सरोज सिमखडा :** नबस न पछ्यौरी ओडेर
सगैँ नाचम् आऊ न  कुम् जोडेर

**रिता रावात क्षेत्र :** नाचिदिन्छु तिर्सना मेटाउँछु
तिम्रो कुम्लाई उफ्रेर भेटाउँछु

**सरोज सिमखडा :** छेउमा भाले हेर्दिन पर्नी ल
कसले धेरै उठबस गर्नी ल?

**रिता रावात क्षेत्री :** मलाई हार्न कत्ति नि दिन्न म

नाचेर त जित्नलाई दिन्न म

**सरोज सिमखडा :** यति राम्री पाको छु छानेर

मैले जिते लैजान्छु तानेर

**रिता रावात क्षेत्री :** हार्दिन म नफुटो धाक् दिन्छु

मैले जिते घर ज्वाइँ राख्दिन्छु

**सरोज सिमखडा :** केही हुँदैन समय बितेर

आज दुलई लगिन्छ जितेर

**रिता रावात क्षेत्री :** हेप्या हौला देखेर मसिना

विचराको आइसक्यो पसिना

**सरोज सिमखडा :** सबैसङ्ग मन मुटु जोडिन्न

थाके पनि नाच्न त छोडिन्न

**रिता रावात क्षेत्री :** आँट छ भने मै तिर फर्कि देऊ

लौन कोईले पानील्याई छर्कि देऊ

**सरोज सिमखडा :** जन्ती जान सबै ठाम् भ्याको रे

बाउले पनि नाचेरै ल्याको रे

**रिता रावात क्षेत्री :** यतै राख्छु तानेर हात

बाउ जत्तिको रहेन्छ तागत

**सरोज सिमखडा :** यति जिद्धी मान्छे त काँ होला

एक छिन् नाच अनि त था होला

**रिता रावात क्षेत्री :** जानी भयो हात् गोडा भाँचेर

थाक्दिनँ म रातभरि नाचेर

**सरोज सिमखडा :** जिन्दगीमा सोचे झैँ हुन्न है !

एक छिन तिम्रो हात समाइ नाचम खै !

**रिता रावात क्षेत्री :** मै झैँ राम्री गतिलो भेटो नि

घरज्वाइँ बस्न तयार भो केटो नि

### ३.१.२२ सत्ताइसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ भाद्र २६ गते सञ्चालन भएको कार्यक्रमको सत्ताइसौँ भागमा **अस्मिता डल्लाकोटी** र **जिवन सिग्देल**को समूहले **प्रकाश पराजुली र मिना बुडाथोकीको** मूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा प्रकाश पराजुली र अस्मिता डल्लाकोटीले**"दैला मुनी जौ, भन्देउ न मायाले तिमी कहाँ छौ"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा जिवन सिग्देल र मिना बुढाथोकीले **"दुरी मात्रै हो आकाश धर्तीको, माया उस्तै छ तिमी प्रतिको"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। अतिथि निर्णायकको भुमिकामालोक गायक **पुष्कल शर्मा** र गायक तथा मोडल **शङ्कर बिसी** रहेका थिए ।यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**प्रकाश पराजुली :** राखेँ तिम्लाई घरकाले थुनामा
बसेई हौली, बसेई हौली रोएर कुनामा

**अस्मिता डल्लाकोटी :** धन्न बोली सुन्नलाई पाएँ
मर्थें होला, मर्थें होला तिम्रो फोन् नआए

**प्रकाश पराजुली :** फोन त गरेँ सारै पिर लाउनी
हुन् कि तिम्रा, हुन् कि तिम्रा घरकाले था पाउनी?

**अस्मिता डल्लाकोटी :** मलाई घरमा छन् बन्देज गराको
आजसम्म, आजसम्म थियौँ काँ हराको

**प्रकाश पराजुली :** हामी माथि खनियो बस्ती नै
भागम् भन्दा, भागम् भन्दा मानिनौ अस्ति नै

**अस्मिता डल्लाकोटी :** छोरी मान्छे बाठी भै आँट्न नि
बाउको बोली, बाउको बोली सकिनँ काट्न नि

**प्रकाश पराजुली :** अटेर गर्यौ निस्केर आउ भन्दा

म प्यारो हुँ म, प्यारो हुँ  भन्थेउ त बाउभन्दा

**अस्मिता डल्लाकोटी :** सकी छैन मैले केई सोच्नलाई

खोज्छौ अझै, खोज्छौ अझै बचन्ले घोच्नलाई

**प्रकाश पराजुली :** हैन सानु लगाको बचन

सक्छु भन्थेउ, सक्छु भन्थेउ इतिहास रचन

**अस्मिता डल्लाकोटी :** करीमैले भुँमरी खेलायो

परिवारले ,परिवारले बुझेनन् के लायो?

**प्रकाश पराजुली :** बन्धनैमा परे नि मन

अन्तै बिहे, अन्तै बिहे गर्छु चाइँ नभन !

**अस्मिता डल्लाकोटी :** के हुनी हो लाइराछ डर

पिन्जडाको, पिन्जडाकोचरीको के भर?

**प्रकाश पराजुली :** सक्छ्यौ भिने तिम्ले आँट जुटाउ न

आउथेँ बरुआउथेँ बरु पिन्जडै उठाउन

**अस्मिता डल्लाकोटी :** आँफै टाढा भैदियौ डरैमा

आऊ भनेकै, आउ, भनेकै थिएँ त घरैमा

**प्रकाश पराजुली :** तिम्लेइ कुरा अड्काउँछौ के-केमा

मार्छन भन्थ्यौ मार्छन भन्थ्यौ घरकाले देखेमा

**अस्मिता डल्लाकोटी :** तिम्रै लागि सबथोक् हो म भन्थ्यौ

तिम्रै नाम्मा, तिम्रै नाम्मा ज्यान् बाजी छ भन्थ्यौ

**प्रकाश पराजुली :** हुन्छेउ भने मायालु राजी त

राख्छु अझै, राख्छु अझै मेरो ज्यान् बाजी त

**अस्मिता डल्लाकोटी :** उर्लिए नि घर् समाज गाउँ सानु

ज्यानकै बाजी, ज्यानकै बाजी राखेर आउ सानु

**प्रकाश पराजुली :** तिम्रो लागि यो चोखो मन् दिन

बाबा आमा, बाबा आमा कोई पनि भन्दिनँ

**अस्मिता डल्लाकोटी :** नलगेमा यो सिउँदो भरेर

सुत्ने छु म,  सुत्ने छु म नउठ्ने गरेर

## दोस्रो सत्र

**जीवन सिग्द्देल :** खोज्दै आयौ भेट् हुनी रहरमा
मेरी सानी यो स्वार्थी सहर्मा

**मीना बुढाथोकी :** खुसी लाग्यो सानी त भन्दियौ
सहर् भन्दा झन् स्वार्थी बन्दियौ

**जीवन सिग्द्देल :** चड्न खोज्दा जीवनको सिँढी त
बनाको छ सहर्ले पिडीत

**मीना बुढाथोकी :** सोधैँ खोजैँ साथी र सङ्गीमा
भुल्या रैछौं रङ्गी र चङ्गीमा

**जीवन सिग्द्देल :** तिम्रो काले दुखी छ थाछैन
एक छाक खाना राम्रोसँग खाछैन

**मीना बुढाथोकी :** मुख मिलाउनलाइहालेउ फेरि
पाँच वर्षसँ बस्यौ त के हेरी?

**जीवन सिग्द्देल :** बिरानो ठाउँ नकोईलाई चिन्या छु
नगर् बसमा खलासी हिन्या छु

**मीना बुढाथोकी :** थरी-थरी केटीलाई भेट्दा होउ
मेरो झल्को तिनैमा मेट्दा होउ

**जीवन सग्द्देल :** के बोलेकी ! पार्दियौ झसङ्ग
थोरै विश्वास छैन र मसङ्ग

**मीना बुढाथोकी :** मलाई झुठो आस मात्र दिएर
हिड्या रैछौ साथैमा लिएर

**जीवन सिग्द्देल :** कसम् खान्छु दुवै हात् थापी
कैलेबाट बनायौ मन् पापी?

**मीना बुढाथोकी :** जैले पनि बटाछौं कुरा नै
तिमी पनि रैनछौ पुरानै

**जीवन सिग्द्देल :** तिम्लाई खुसी बनाउने ठाम् खोज्दा
धन्नैले ज्यान् गएन काम् खोज्दा

**मीना बुढाथोकी :** म सोझीलाई दिलाउन भर

सक्थ्यौ होला पठाउन खबर

**जीवन सिग्द्देल :** नत फोन बुझ्दिनौ किन?

चिठी पठाम् कोई पनि भेटिनँ

**मीना बुढाथोकी :** मैले उता बाटो नै पर्खिने

धेरै थिए याँ यैँबाट फर्किने

**जीवन सिग्द्देल :** आयौँ तिमी आज भेट भाको छ

झम्टिएर रुनँ मन लाको छ

**मीना बुढाथोकी :** छेउकैसङ्ग जिन्दगी सपार

बुझेँ मैले मुख्ले ठिक् नपार

**जीवन सिग्द्देल :** लाग्थ्यो मलाई झन् खुसी भाकी होउ

भेट्न होकी थर्काउन आकी होउ

**मीना बुढाथोकी :** पिर् नगर तिम्रो गुन् तिर्दिन्छु

फर्किन्छु म त्रिशुली छिरदिन्छु

## ३.१.२३ अठ्ठाइसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असोज २ गते सञ्चालन भएको कार्यक्रमको अट्ठाइसौँ भागमा **डिला विक र राजु केसीको** समूहले **मिना नेपाल र राजेन्द्र पाठकको**समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा राजु केसी र मिना नेपालले"**रुमाल धोको छु, यो खोलीको पानी कोही नखानु मैले छोको छु** "बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा डिला विक र राजेन्द्र पाठकले"**चिन्ता बढ्यो भन, रोएको रोऐ छ खुसी छैन भन"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। अतिथि निर्णायकको भुमिकामालोक गायक**नवराज गुरासैनी** रसर्जक तथा गायक **हरी थापा मगर** रहेका थिए ।यी दुईवटा सत्रको प्रतियोगितामा मिना नेपाल र राजेन्द्र पाठकको समूहलेविजय प्राप्त गरेको थियो। यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

| | |
|---|---|
| **राजु केसी :** | सबै बुझ्ने मभन्दा ज्ञानीलाई<br>एउटा कुरो भन्छु है स्यानीलाई ! |
| **मिना नेपाल :** | कताबाट मधुर स्वर आछ<br>सोध्नु न त के सोध्न मन लाछ? |
| **राजु केसी :** | म सानु जात् खै कस्को सराप्मा ?<br>हाम्रो माया पर्दै छ धराप्मा |
| **मिना नेपाल :** | गाली गर्छन् बिग्रँदै गइ भनी<br>बाआमाले जात फाल्ने भइ भनी |
| **राजु केसी :** | लाइयो माया हुन्छ कि घात् फेरि<br>अन्तिममा आइ घाँडो भो जात् फेरि |
| **मिना नेपाल :** | दिन्छु जोवन् तिमीलई चन्दा<br>मानिस् ठुलो दिलले हो जात् भन्दा |

**राजु केसी :** तल्लै जातमा पर्छु म गनाईमा
फरक् हुन्छ बेबार र भनाईमा

**मिना नेपाल :** नसोचेको  कसैले राम्रो
आफ्नो जीवन निर्णय हो हाम्रो

**राजु केसी :** ज्वाइँ बनेर ससुराल् जाँदा
कस्तोहोला आँगन्मा भात् खाँदा !

**मिना नेपाल :** हाम्रो बिहे अड्किए जात्मा नि
शरीर छोडी जानी छ आत्मा नि

**राजु केसी :** क्यारी जाम्ला स्यानीलाई छोडेर
गम् कटाउँछन् चारपाटा मोडेर

**मिना नेपाल :** सोच्न पनि सक्दिन अरू
तिम्रो ठाउँमा काटिन्छु म बरु

**राजु केसी :** सब मिलाउँछु केई मैना कुर
लान्छु मैले छौ भने मञ्जुर

**मिना नेपाल :** बढाऊ पाइला अगाडि चाल
तर समाज् फेरिएछ आजकल

**राजु केसी :** बुझ्ने आधी नबुझ्ने आधी छन्
बुझे पनि कोही रुढिबादी छन्

**मिना नेपाल :** नबसन मन खिन्न पारी
सबै जाति भैसके पुजारी

**राजु केसी :** जाम्ला अघि  सङ्घर्ष गर्दै
यो समाजमा क्रान्तिको बीउ छर्दै

**मिना नेपाल :** यो मायामा आए नि बाढी
हाल्देउ सिन्दुर समाजको अगाडि

**राजु केसी :** औँला चिरी त्यो सिउदो भर्दिन्छु
चोखो माया म साबित गर्दिन्छु

**मिना नेपाल :** हाँस एक् फेर् जमाउँला घर् हामी
भइ बसौँला पिपल् र वर् हामी

## दोस्रो सत्र

**राजेन्द्र पाठक :** दुई पक्षकै मन्जुरमा बे भयो
माइत आइछौ घर छोडी के भयो ?

**डिला विक :** बाँकी कुरा एक् छिन्मा गर्छु
खुट्टा दिनुस् पहिले त पाउ पर्छु

**राजेन्द्र पाठक :** हेर यता रसाछन् नयन
भन्थ्यौ पर्देश नगए नि भएन

**डिला विक :** सोच्या हौला यही गलत छकि त ?
सत्य सुने पर्नेछौ चकित

**राजेन्द्र पाठक :** बिचल्लित् छ मेरो नि मन त
सत्य के हो स्पष्ट भन त

**डिला विक :** मेरै भन्थेँ जुन पनि घाम पनि
पाइन बस्न रोई बस्ने ठाम् पनि

**राजेन्द्र पाठक :** सोच्थेँ घरमा उही असल नारी छ
त्यै नारीले बिचल्ली पारिछ

**डिला विक :** पाप् नलागोस् यी मेरा आँसुले
कुखुरालाई झैँ भुतालिन् सासुले

**राजेन्द्र पाठक :** मन्ले सोध भगवान रामलाई
दोष् नलागाउ ती बूढी आमालाई

**डिला विक :** मलाई हेलाँ गऱ्या हुन् साराले
स्वामी राजा तिम्रो यही पाराले

**राजेन्द्र पाठक :** हिड्न रैछ यसरी रमाउँदै
बिदा गऱ्या थियौ ओठ् कमाउँदै

**डिला विक :** तिमी विदेश पैसा नपठाउनी
घरमा मलाई बेबारले अँठाउनी

**राजेन्द्र पाठक :** न घर गऱ्यौ न छोरो पाल्यौ
मैले पठा बिस लाख थ्यो काँ हाल्यौ ?

**डिला विक:** लोग्ने स्वास्नी भए नि नातामा

पठाथ्यौ रे आमाकै खातामा

**राजेन्द्र पाठक :** कति सारो हो झुटो बोलेको !

छैन खाता आमाको खोलेको

**डिला विक :** हेपे सबै आफन्त पूराले

तिम्रो यस्तै दैचिउरे कुराले

**राजेन्द्र पाठक :** फेरि भन्न नपरोस् दाहोऱ्याउँदै

हिड्या रैछ्यौ हर्केलाई डोराउँदै

**डिला विक :** नबुझेर दु:खीको मर्म

थुक्क बोल्छौ नसोची पाप्धर्म

**राजेन्द्र पाठक :** बिना काममा हाम्रै घर् धाउँथ्यो रे

राती-राती त्यही हर्के आउँथ्यो रे

**डिला विक :** पोहर् पनि राख्याथ्यौ सङ्खामा

मरिन म झुण्डिँदा पङ्खामा

**राजेन्द्र पाठक** : छाड्यौ मलाई जिउँदैमा मारेर

जुनीभरि रोईरनी पारेर

**डिला विक :** नफल्नी भो मायाको बतीलो

तिम्रै बानी नहुँदा गतिलो

**राजेन्द्र पाठक** : भौतिक शरीर दिनदिनै गल्दो भो

लास् भाको छु सास् चल्दा चल्दैको

**डिला विक :** सिकार् छुट्या बाघ जस्तै भा रैछौ

बुझेँ तिमी निहुँ खोज्नै आ रैछौ

## ३.१.२४ उन्तिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असोज ९ गते सञ्चालन भएको कार्यक्रमको उनन्तिसौँ भागमा **विजय बानिया र सपना रोकाको** समूहले **बालचन्द्र बराल** र **शोभा कार्कीको**समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा **विजय बानिया र शोभा कार्कीले"रुँदै रुँदै जान्छु मेलामा, सपनीमा नआउ न निर्माया भुल्न गारो भाको बेलामा"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा बालचन्द्र बराल र सपना रोकाले**"मौरी घुम्यो फूलको रसैमा, माया हिड्यो पोखरा म त हिडैँ दाङको बसैमा"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको भुमिकामागायक **बसन्त थापा** हास्यकलाकार **श्याम राई**रहेका थिए ।यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**विजय बानिया :** जानी निधो गऱ्यौ त छोडेर ?
दश वर्षको सम्बन्ध तोडेर

**शोभा कार्की :** तिम्रा हरेक् वचनले थाक्छु म
आज कुरो स्पष्ट राख्छु म

**विजय बानिया :** पाँचै मिनेट छ अब बढीमा
राख कुरा यो अन्तिम् घडीमा

**शोभा कार्की :** न त खुसी न मलाई हर्ष
चोटै चोटमा कटाएँ दश वर्ष

**विजय बानिया :** बाँकी जीवन् कसरी थालम् म?
दुधे छोरो के ख्वाएर पालम म ?

**शोभा कार्की :** सँगै छोरो लैजान्छु लिएर
कति बस्नु म आँसु पिएर ?

**विजय बानिया :** साना कुरा सकिनौ पचाउँन

मै मरेर चाहान्थेँ बचाउँन

**शोभा कार्की :** बस्नै जाती छ अब छुटेर

हैरान पाऱ्यौ दिन-रात कुटेर

**विजय बानिया :** म खुसी थेँ मेरै काम् तलब्मा

तिमी छोरो छोडेर कलब्मा

**शोभा काकी :** ज्यान देखिने कपडा लाछैन

केको कलब् पनि था छैन

**विजय बानिया :** क्यै भा छैन पुग्नु छ लच्छेमा

म त अझै छु मिल्ने पच्छेमा

**शोभा काकी :** म छुट्टिने निधो नै गऱ्या छु

केको मिल्नु हरेक पल मऱ्याछु

**विजय बानिया :** जीवन सिङ्गो माला हो सिलाउँदै

जाम् दुबैको कमजोरी मिलाउँदै

**शोभा काकी :** बिहे गर्दा सोच्या थेँ छोडिन्न

सिसा हो दिल् फुटेसि जोडिन्न

**विजय बानिया :** दुईटा मध्ये एउटा चिज छान

छुटेपछि पछुतो नमान

**शोभा काकी :** चोटै चोटले पागल् छु दिन्दिन

छुटम् बरु रोएर हिन्दिनँ

**विजय बानिया :** कैलै रोकथाम् गरिन केसैमा

तिमी खुसी म राजी यसैमा

**शोभा काकी :** भोलि मलाई दोस् लाउन पाँइदैन

छुट मात्र देउ धन् पैसो चाइँदैन

**दोस्रो सत्र**

**बालचन्द्र बराल :** आयो गुरु हरन बजाउँदै

क्या हो साउनी बसिछौ लजाउँदै

**सपना रोका :** बल्ल मन्मा उमङ्ग छायो

बार पच्चिस् नम्बरको बस् आयो

**बालचन्द्र बराल :** तिम्लाई भेट्दा आनन्द पाउँछु
भात् पस्क त हात् धोर म आउँछु

**सपना रोका :** खसी कुखुरा केमा मन् कालेको ?
तातो झोल नि छ लोकल भालेको

**बालचन्द्र बराल :** मासु देखे मन जान्छ बालेको
तातो झोल खाम् सरक्क भालेको

**सपना रोका :** यै साउनीलाई सम्झँदै आको छौ
त्यै झोलले त मोटाउँदै गाको छौ

**बालचन्द्र बराल :** भोक लाको छ कैले खाम् बना छ
क्या हो आज मासुनै गन्ना छ

**सपना रोका :** गन्नाओ भन्छ्यौ बोलीमा घातै छ
भर्खर्-भर्खर् पकाको तातै छ

**बालचन्द्र बराल :** मस्की हाल्छ्यौ भेट हुन पासि त
तातै भनी पकायौ बासी त

**सपना रोका :** थालेका छौ यो मनमा छाउनलाई
केको बासी नियमित् पाउनालाई

**बालचन्द्र बराल :** गन्ध पनि आको छ आज
आफ्नै मान्छे पाउनासँ नदाँज

**सपना रोका :** मन् त थ्यो नि पिरती बुन्न
डुल्दै हिन्ने डाइबर्कोभर् हुन्न

**बालचन्द्र बराल :** विश्वास् गरे त्यै ज्यानको हौँला नि
एउटै हुन्नन् हातका औँला नि

**सपना रोका :** थाहा छैन भोलि के गर्छ?
तर तिमी असाध्यै मन पर्छ

**बालचन्द्र बराल :** मलाई पनि सारै मन पन परेको
मन परेको शङ्का के गरेको ?

**सपना रोका :** दिन्छु जोवान् मायाँको नाममा
डाइबरका हुन्छन रे ठाम् ठाम्मा

**बालचन्द्र बराल :** डाइबरको नि दुख्छ कि मन
एउटै कुरा बारम्बार् नभन

**सपना रोका :** किन्देऊ चुरा ल्याइदेऊ के सारी
कति बसम् म एक्लै भात बाँडी

**बालचन्द्र बराल :** बस तिमी मेरै भर परेर
लान्छु एकदिन सिन्दुर भरेर

**सपना रोका :** ल्याईदेऊ अब सङ्गै भात् खाने दिन्
यतैबाट त्यै बस्मा लाने दिन्

**बालचन्द्र बराल :** टेबल् टेबल् तरकारी डुलाऊ
अब यस्ता गफमा नभुलाऊ

**सपना रोका :** मलाई मन् छ तिम्रै नाम् जपन
तिम्ले पनि थोरै भात् थपन

**बालचन्द्र बराल :** जव नजर कालीमा लगाएँ
म त तिम्लाई हेरेर अघाएँ

**सपना रोका :** फर्किंदा नि यै ठाउँमा झरे
बाटोमा चाइँ मेरो याद नगरे

**बालचन्द्र बराल :** धेरै यात्रु यो मध्ये रातैमा
तिमी मन्मा स्टेरिङ्ग हातैमा

**सपना रोका :** यै बालुलाई स्वामी ज्यू भन्नी भै
साउनी पनि डाइबरनी बन्नी भै

### ३.१.२५ तिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असोज १६ गते सञ्चालन भएको कार्यक्रमको तिसौँ भागमा **सविन आचार्य र रिता रावतको** समूहले **प्रकाश पराजुली र मिना बुढाथोकीको**समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा सविन आचार्य र मुना बुढाथोकीले**"रुन्छ नि मन किन रुँदैन, रुखो बोली नबोल निरमाया वचनको घाउ निको हुँदैन"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा रिता रावत प्रकाश पराजुलीले**"हङकङ मलाए, मायाले मै टाढा भएनी चिठी चलाए"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णाायकको भुमिकामागायक **बिष्णु खत्री रबैकुण्ठ महत** रहेका थिए ।यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**सविन आचार्य :** जस्को अनुहार हेर्नै मन लाछैन
उसैसँग नबोली भाछैन

**मिना बुढाथोकी :** साथ् छोडेर गइहाल्यौ दुखमा
अब किन हेर्थ्यौ र मुखमा?

**सविन आचार्य :** छ मैना भो मसँग बटाऱ्या
प्रकाशसँग रैछ नि लठाऱ्या

**मिना बुढाथोकी :** जहिले पनि वचन्ले घोच्नी
थुक्क पापी भाइसँग पाप् सोच्नी

**सविन आचार्य :** असली कुरा दुनियाले देखे हो
बाइरको भाइ भित्रको के-के हो

**मिना बुढाथोकी :** किन धान्थ्यो मायाको धागोले?
टिपेपछि शङ्काको आगोले?

**सविन आचार्य :** हुन बाँकी केही पनि थिएन
यही प्रकाशले एक हुन दिएन

**मिना बुढाथोकी :** ठहरिन्छौ तिमी नै बेमानी
भाइलाई दोषी नबनाऊ जेमा नि

**सविन आचार्य :** मलाई छोडेऊ रिसको झोकमा
आधा रात्मा देख्याथेँ चोक्चोक्मा

**मिना बुढाथोकी :** भो मसँग नबोल झेउ होला
नभेट्दा नि खुसी नै थेऊ होला

**सविन आचार्य :** माया गर्थें तिम्रै भर पर्‍याथेँ
म सोझोले के गल्ती गर्‍याथेँ?

**मिना बुढाथोकी :** तिम्रै मान्छे हुम भन्थ्यौ हिजो त
टाढा भयौ लुटेसि इज्जेत

**सविन आचार्य :** भनेकै हुँ जीवनभर सेयाछु
उसलाई छोड स्वीकार्न तयार छु

**मिना बुढाथोकी :** बन्न पनि क्या स्वार्थी बन्छौ !
आफ्नो लागि माइतीलाई छोड् भन्छौ

**सविन आचार्य :** यही कारणले यो ज्यान्लाई भयो पिर
केको माइती ?बाउतिर न आमा तिर

**मिना बुढाथोकी :** के राख्यौ र भन्नलाई बाँकी ?
होइन म नि बाउआमा नभाकी

**सविन आचार्य :** कुरो केहो दुनियाँले चिन्या छ
के नाताले भाइ भन्दै हिड्या छ?

**मिना बुढाथोकी :** कुनै अर्थ रहेन जिएर
मर्छु अब तिम्रै नाम लिएर

**सविन आचार्य :** कि त फेरी कहीँ नाता बस्यो हो
त्यसले पनि छोडो कि कसो हो?

**मिना बुढाथोकी :** प्यारो भाइ हो यही मुटु माझको
सम्झ अब अन्तिम भेट आजको

**सविन आचार्य :** यसैसँग जिन्दगी फुलाउनु
अब धेरै केटा नडुलाउनु

**मिना बुढाथोकी :** स्वार्थी हुन्छन् भन्थे नि पुरुष
तिमी पनि रैछौ नि दुरुस्त

**सविन आचार्य :** दुख गऱ्या सम्पत्ति भ्यार
छोड्यौ तिम्ले सब् खल्ती रित्याएर

**दोस्रो सत्र**

**प्रकाश पराजुली :** सानु तिम्रै चिन्ताले डसेर
फोन गर्दै छु जहाज्मा बसेर

**रिता रावत क्षेत्री :** घर छोड्नुभो रसायो नयन
सिटको पेटी बाँध्नुभो भएन

**प्रकाश पराजुली :** पिर नगर मेरो मन ढुक्क छ
तिम्रो अझै स्वर सुँक्क, सुँक्क छ

**रिता रावत क्षेत्री :** मेरो सिन्दुर पियारा गएसि
के गरौँ त नगइ नभएसि

**प्रकाश पराजुली :** नरोइ बसे म छिट्टै फर्किन्छु
फर्किएसि रिन् तिर्छु घर् किन्छु

**रिता रावत क्षेत्री :** साथ् दिनेछ समय दिनले
चुइने छानो टालौँला टिनले

**प्रकाश पराजुली :** तिम्लाई कहिल्यै राख्दिनँ हेलाँमा
घरमै छौ कि पुइसक्यौ मेलामा?

**रिता रावत क्षेत्री :** धान् कुट्दै छु मैले त ढिकीमा
रातो झोला नराख्नु डिकीमा

**प्रकाश पराजुली :** हाम्रो संसार दुवैको हाँसोलाई
ख्याल् गरे है पेटको नासोलाई

**रिता रावत क्षेत्री :** तिमी छैनौ यत्ति पिर लाउनी
संसार देख्दा बाउ देख्नै नपाउनी

**प्रकाश पराजुली :** यस्तै रैछ कर्मैको खेलैमा
आइहाल्छु म बाउ चिन्नी बेलैमा

**रिता रावत क्षेत्री :** हाम्रो रगत चल्दैछ पेटमा

बाउ भन्नेछ फर्केसि भेटमा

**प्रकाश पराजुली :** तिमी खुसी छेउसरी आउभन्दा
म नि खुसी बच्चाले बाउभन्दा

**रिता रावत क्षेत्री :** सँधै भर दुःख पिर भुलौँला
बच्चा बोकी गाउँभरि डुलौँला

**प्रकाश पराजुली :** आशा गरौँ छिट्टै भेट हुनिछ
फोटो हेर्नु सिरानीमुनि छ

**रिता रावत क्षेत्री :** फोटो हेर्दै मुस्काउँछु होला म
मेरो फोटो छ रातो झोला म

**प्रकाश पराजुली :** परेँ भने म कुनै चोटैमा
कति चोटी म्वाइँ खाम्ला फोटैमा

**रिता रावत क्षेत्री :** सपनीमा तिमीलाई पाउँछु
म नि फोटो हेरेर निदाउँछु

**प्रकाश पराजुली :** सधैँ तिम्रो झल्कोमा रहन्छु
काम त दुखै परे नि सहन्छु

**रिता रावत क्षेत्री :** प्रकाश रिता मिल्या छ ग्रह
सासुपनि छन् आमा सरह

**प्रकाश पराजुली :** मिठो बोल्यौ खुसी छु म आज
फोन् राख भो उड्ने भो जहाज

**रिता रावत क्षेत्री :** घर् समाली अगाडि सर्छु म
भगवान्सङ्ग प्रार्थाना गर्छु म

### ३.१.२६ एकतिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असोज २३ गते सञ्चालन भएको कार्यक्रमको एकतिसौँ भागमा **मिना नेपाल र राजेन्द्र पाठकको समूहले बालचन्द्र बराल** र **शोभा कार्कीको** समूहसँग दोहोरी गायन प्रतिस्पर्धा गरेको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा राजेन्द्र पाठक र शोभा कार्कीले"**आँसु पुछ्दै छु, तिमी बरु फेरियौ निरमाया म त उस्तै छु**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा बालचन्द्र बराल रमिना नेपालले"**रातो घलेकीमा, रोदीघरमा कुम जोडी नाचौँला आउ है बेलुकीमा**" बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए। अतिथि निर्णायकको भुमिकामाइन्द्रेणीका कलाकारहरूरहेका थिए ।यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**राजेन्द्र पाठक :** मन पराउँथेँ म कति सानीलाई
कस्ले सिन्दुर हाल्दियो नानीलाई

**शोभा कार्की :** मनमा पिर् छ बोल्दै छु हाँसी
हैन कल्लाई देखदै छु एक्कासि !

**राजेन्द्र पाठक :** सोचेँ आगुम बे महोत्सब मनाउँछु
धन कमाउँछु तिमीसँ रमाउँछु

**शोभा कार्की :** यस्तै रैछ एक् बारको जुनी
सोचे जस्तो कैलै नि नहुनी

**राजेन्द्र पाठक :** जीन्दगीमा भारी भो पीरैको
मन पराइछु सुनगाभा भिरैको

**शोभा कार्की :** कसलाई के था म कतिपिरमा छु ?
भन्नै पर्दा म त झन्भिरमा छु

**राजेन्द्र पाठक :** पाउँछु भन्दै बस्या थेँ धर्ना ली
थियौ कोई दिन श्वासप्रश्वास प्रणाली

**शोभा कार्की :** भाछ ऐले के गरम् कता जाम् ?
अदृश्य मायाको परिणाम

**राजेन्द्र पाठक :** ल्याइएनछ भाग्यमा लेखेर
झरे आँसु त्यै सिन्दुर देखेर

**शोभा कार्की :** चढ्नु पऱ्यो पराईको डोली
तिमी प्रदेश जानाले नबोली

**राजेन्द्र पाठक :** धन कमाउन पर्देशमा गाको हो
बिहे गर्न भनेर आको हो

**शोभा कार्की :** कस्तो साइतमा झरेछु पँधेरी
दिउसै भा नि भाको छ अँधेरी

**राजेन्द्र पाठक :** रुन्छु म नि पेटभरि पर गर
चित्त बुझाउ उसैसँ घर गर

**शोभा कार्की :** यती सारै नभानी खुसी त
जीवन काट्नै पर्ने छ उसित

**राजेन्द्र पाठक :** राम्रो घर्बार् गराए उसित
को हुन्थ्यो र मजति खुसी त?

**शोभा कार्की :** म भन्दा नि झन् राम्री पाउला
बिहे गर मेरो याद् नआउला

**राजेन्द्र पाठक :** तिम्लाई पाउनँ गाथैँ धन् कमाउन
सक्दिन म कोईसङ्ग रमाउँन

**शोभा कार्की :** बिहे गर जमाउनु घर
जीवन काट्न सजिलो काँ छ र ?

**राजेन्द्र पाठक :** जसलाई रोजेँ उसैलाई पाइएन
भयो अब यो सन्सार चाइएन

**शोभा कार्की :** चित्त बुझाउ हात हेर्दै रेखाको
रहिनछ के मेरो नाम् लेखाको

**राजेन्द्र पाठक :** सोचे जस्तो जिन्दगी भएन
म बाँच्नुको केही अर्थ रहेन

**शोभा कार्की :** बस भनें अर्को बे गरेर
पक्कै मलाई पाउँदिनौ मरेर

**राजेन्द्र पाठक :** मेरो जीवन जसरी चलोस्
सोच्छु मैले सानुकै भलो होस्

**शोभा कार्की :** मेरो लेख्न नपाए नि दिल्मा नाम्
सधैँ खुसी भएको देख्न पाम्

**दोस्रो सत्रः**

**बालचन्द्र बराल :** सत्यनारायण पुजामा झरेकी
को होलिन् खै सर्लक्क परेकी?

**मिना नेपाल :** लोभी नजर राम्रैमा जाने
उस्कै रूपले भो मेरो ज्यान् जानी

**बालचन्द्र बराल :** आज सन्जोग् मिलेको कस्तो
अँधेरीमा पूर्णेको जुनजस्तो

**मिना नेपाल :** बालचन्द्र त रामचन्द्र जस्ता हुन
जन्म दिने बाउआमा कस्ता हुन?

**बालचन्द्र बराल :** आज के-के हुनी हो था छैन
मेरो पनि अन्त ध्यान गाछैन

**मिना नेपाल :** मिठो गाउँछौ मनले केही माग्दैन
हिरो पनि तिमी झैँ लाग्दैन

**बालचन्द्र बराल :** क्यारी दाँजम् हिरासँ सुनपानी?
तिम्रो अघि फिका छ जुन पनि

**मिना नेपाल :** यो धर्तीमा किस्नजी आए झैँ
तिम्लाई भेट्दा भोको पेट खाए झैँ

**बालचन्द्र बराल :** एक्लै हो कि को-को छन् माइतमा
पञ्च अमृत खाएछु साइतमा

**मिना नेपाल :** सुखैसुख काटेकी मोरी हो
माइतघरमा म एक्ली छोरी हो

**बालचन्द्र बराल :** तिमीतिरै यो मन् गयो

|  |  |
|---|---|
|  | देखेपछि के भयो के भयो? |
| **मिना नेपाल :** | सरसर पैताला सारेर |
|  | आउन नाचम् अँगालो मारेर |
| **बालचन्द्र बराल :** | नाचम् तनि समाउ?दै हात |
|  | थाकिँदैन सात् दिन् सात् रात |
| **मिना नेपाल :** | पल्लो गाउँको जम्दार्को छोराको |
|  | हाँसै राम्रो छ गाँठे मोराको |
| **बालचन्द्र बराल :** | दस माना छ मिलाम् भो बाजी हो |
|  | झुक्किइछौ नि जमदार नै काजी हो |
| **मिना नेपाल :** | जे भए नि काजी र जम्दार |
|  | नाच हाम्ले देखाउने दम्दार |
| **बालचन्द्र बराल :** | के दल्यौ र आकी छौ बसार? |
|  | खानी बेला भइसक्यो कसार |
| **मिना नेपाल :** | गीतै गीतमा भाको छ बर्षात |
|  | कसार् होइन पहिला खाऊ प्रसाद |
| **बालचन्द्र बराल :** | बुझेँ मैले तिम्लाई भोक लाको हो |
|  | पञ्चअमृत अघि नै खाको हो |
| **मिना नेपाल :** | आकासमा जूनको भइ भर त |
|  | उखु, अनार काँ खाको छ र त? |
| **बालचन्द्र बराल :** | बुझिनौ र पूजाको तत्व |
|  | त्यसैमा नि छ हो र महत्त्व? |
| **मिना नेपाल :** | यति कुरा तिमीले जान |
|  | कुरिराछु सङ्सँगै भात खान |
| **बालचन्द्र बराल :** | मनपर्छ के मिनाले जिस्केको |
|  | म त खाना खाएरै निस्केको |
| **मिना नेपाल :** | थोरै अचार दिन्छु म चाख्देऊ |
|  | मेरो माया छ भने मन् राख्देऊ |
| **बालचन्द्र बराल :** | राख मलाई मुटुको एउटा छेउ |

दिनै मन छ भने रोटी देउ

**मिना नेपाल :** भयो भने सपना पूरा

रोटी त के दिन्छु म सब् कुरा

**बालचन्द्र बराल :** तिम्रै हात्मा ताला छ चापी छ

अहिले मलाई माया देऊ काफी छ

**मिना नेपाल :** पूजाको दिन् जुनेली रातमा

कतै नजाउ बस के साथैमा

**बालचन्द्र बराल :** लाइसकेछ उज्यालो हुनलाई

माया गर्छु नपारे रुनलाई

**मिना नेपाल :** उज्यालै पो भइसक्यो सानु

अब मलाई छोडेर नजानु :

## ३.१.२७बत्तिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ असोज ३० गते सञ्चालन भएको कार्यक्रमको बत्तिसौँ भागमा दशैँ विशेष दोहोरी गीतहरू गाइएका थिए । जसमा सबै निर्णायकह, उद्घोषकहरू र सहभागी प्रतियोगीहरूले**"झ्यालमा पर्दा छ, नबोल त्यसरी माया सर्दछ"** बोलको स्थायी भाकामा दोहोरी गाएका थिए ।यस भागमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**जीवन सिग्देल :** तीन तरुनी पिङ खेल्न आका छन्
मेरा आँखा छेउपट्टि गाका छन्

**अस्मिता डल्लाकोटी :** भेट्न साथै जिस्काउने खालेलाई
रातो टिका क्या स्वाको कालेलाई

**सरोज सिमखडा :** यो जिवनले के कुरा गरेको?
मलाई पनि छेउकै मन परेको

**सीता घिमिरे :** दुईजनालाई छेउकै मन पर्नी
भन अब हाम्ले चाहिँ के गर्नी?

**विजय बानिया:** भइयो आज रमाइलो साँझमा
आफ्नै मान्छे बसेछन् माझमा

**सपना रोका :** पिङ खेल्न नि हाम्रै गाउँ झरिछन्
सबै कोदो माडेर मरीछन्

**जीवन सिग्देल:** मेरा कुरा ध्यान दिए सरोज
अर्कै रोज अस्मिता नरोज

**अस्मिता डल्लाकोटी :** बेकार्मा मन नदुखाउ भो काले
पिर् नगर म तिम्रै हुँ काले

**सरोज सिमखडा :** के हो जीवन सम्झेको छेनौँ र ?
अघि बहिनी भनेको होइनौर?

**सीता घिमिरे :** तिम्ले किन मान्छौ र पीर?
नजर् लाउन हुन्छ क्या मतिर?

**विजय बनिया :** दाइको गल्ती अब म सच्याउँछु
खै-खै भाउजू एकछिन पिङ मच्याउँछु

**सपना रोका :** डराउन त डराउँछु तै पनि

तिमीसङ्गै खेल्छु है म पनि?

**जीवन सिग्देलः** आजै फेरि आछ ज्यान् थाकेर

खेलम्ला पिङ् काखमा राखेर

**अस्मिता डल्लाकोटी :** पिङ् खेल्न त मलाई रहर् लाउँछ

तिम्ले अल्लि मच्चाउँछौ डर् लाउँछ

**जीवन सिग्देल :** रमाइलो दिन दशैंको साँझ त

भयो भन्नी बनाउँछु आज त

**सीता घिमिरे :** दिदी-बहिनी पिङ् खेल्न झरेको

लुरेहरू किन झ्याउ गरेको

**सरोज सिमखडा :** पिङ् खेल्छु के परेर दङ्ग म

कि अस्मिता कि प्रिती सङ्ग म

**प्रिती आले :** अम्बा चोरेऊ कोदो नि माड्या छौ

गिद्दे नजर हामीमा गाड्या छौ

**जीवन सिग्देल :** थियो पैला पिरती दोहोरै

प्रितीलाई पिङ् खेला हो पोहोरै

**सीता घिमिरे :** तिम्लाई टिका लाइदेर पठाउलान्

बद्री दाइले भाटाले ठटाउलान्

**जीवन सिग्देल :** हेर्न थाल्छन् देखेर बतीलो

बद्री दाइ नि काँ हुन् र गतिलो?

**बद्री पङ्गेनी :** होइन त्यसै मलाई रिस् उठेको

पोहोर काँक्रो चोरेर कुटेको

**अस्मिता डल्लाकोटी :** जीवन तिम्लाई थ्यैँ सोझो मानेको

रहिछौ कुरा जस्तो नि जानेको

**प्रिती आले :** हेर् केटी हो मन् दिने होइन

पल्लो गाउँको कोई केटा ठीक् छैन

**बद्री पङ्गेनी :** राम्रो गरे भगवान्ले सुन्छ

सबै केटा बद्री झैँ काँ हुन्छ?

**प्रिती आले :** सब्लाई था छ चिन्या छन् यता त

रमेश बिजी जस्तो होस् केटा त

**रमेश वि.जी. :** मेरो पनि आफनै बेथा छ
मलाई मन परेकी यता छ

**जीवन सिग्देल :** रमेश दाइलाई परायौ मन् धेरै
नबोल्नीले बिताउँछन् झन् धेरै

**अस्मिता डल्लाकोटी :** भैगो अब बोल्दिन म धेरै
दाजुभाइ नै घुस्घुसे छ धेरै

**प्रजापति पराजुली :** केटाहरू पाम्दैनौ घच्याउन
मै बूढो नि आम् कि पिङ् मच्याउन?

**जीवन सिग्देल :** चिन्या छैनौ ठिटाको ठाउँ के दाइ !
पावरवाला चस्मा लाई आऊ के दाइ !

**प्रजापति पराजुली :** मच्चाइदिन्छु पिङ् मैले सहजै त
चस्मा लाउन पर्दैन अझै त

**अस्मिता डल्लाकोटी :** पिङ् मच्चाउन काका ज्यू खत्रै हो
नम्बर थोरे दियौ र मात्रै हो

**प्रजापति पराजुली :** कस्तो गायौ भनेर सोदिन
गीतै राम्रो गाइनौ भो तो दिन

**जीवन सिग्देल :** कुन चाइनिले लाएनन् गुन् हाम्लाई
काकाले त जिताकै हुन् हाम्लाई

**प्रिती आले :** हाम्रा काका कम् हुन्थे किन?
टिका दिए दिएनन् दच्छिना

**बद्री पङ्गेनी :** पैसा हैन आशीर्वाद मागेको
सीता काकी किन चुप लागेको?

**सीता थापा :** सब्ले रोज्छन् वल्ली र पल्लीलाई
कोई हेर्दैन म काली डल्लीलाई

**चन्द्रप्रसाद शर्मा :** माया गर्ने नजर्ले हेरेँ
मैले आँखा लाएकै छु केरे

**सीता थापा :** तिम्ले कुरा नगर घुमार

मलाई चाइया बिए नभा कुमार

**सरोज सिमखडा :** रमेश दाइलाई भनेको होइन र?

म नि कुमार हो नि था छैन र?

**सीता थापा :** सब्ले गर्छन छि ! छि ! र बाइ ! बाइ !

अल्लि ढिलो जन्मेछौ कान्छो भाइ

**जीवन सिग्देलः** बुढी भयौ ठिक् छैन चाला त

अझै पनि पोटिलै गाला त

**चन्द्रप्रसाद शर्मा ः** पएँलो पोते छपक्कै लाकी

उतै हेर गमक्क ज्यान् भाकी

**जीवन सिग्देलः** अल्ली फरक छु फेरी म हेर

हुन्न रैछ ज्यान् मात्रै भएर

**अस्मिता डल्लाकोटी :** आखिर बाजी अर्कैले मार्दा नि

संसार जिते झैँ भयो हार्दा नि

**प्रिती आले :** तिमेर्को त लाउदैन भर

उरान्ठाउला केटा हो जाऊ घर

**जीवन सिग्देल :** जिस्किाउने त केटाको बानी हो

तिम्लाई सङ्गै लिएर जानी हो

**बद्री पङ्गेनी :** प्रिती प्रिती भनेर मर्छौ

सीता मैले लैदिए के गर्छौ

**सीता घिमिरे :** तिम्रै हुन्छु सम्बन्ध जोड्दिएँ

त्यो लुरेलाई अस्ति नै छोड्दिएँ

**बद्री पङ्गेनी :** लुरे भन्दै के आरोप लाको

माइक् आछन् गजब्को ज्यान् भाको

**अस्मिता डल्लाकोटी :** उनलाई पाए छोड्थेँ र किन म?

कन्यादान् देउ दशैँको दिनमा

**प्रिती आले :** जाउ-जाउ बैनी नराम्रो मान्दिन

मैले ताक्थेँ अंग्रेजी जान्दिन

**जीवन सिग्देलः** सहज् हुन्छ त्यसपछि बिक्नलाई

मसित आऊ अंग्रेजी सिक्नलाई

**प्रिती आले :** खर्र इङलिस बोल्न मन लाउँछ भो

एबीसी त मलाई नि आउँछ भो

**जीवन सिग्देलः** मलाई राम्रो कुनै दिन ठान्दिनौ

सी पछाडि के आउँछ जान्दिनौ

**प्रजापति पराजुली :** डुलाइदिनू रोल्पा र जुम्ला

बिहे गर्दा पण्डित मै हुम्ला

**सरोज सिमखडा :** कोईको होइन मनैमा भाका नि

जाँ नि पुग्न भ्याइदिनी काका नि

**प्रजापति पराजुली :** कतै तिम्लाई पुजेको छैन र ?

आऊ भनेसी गइदिने हैन र?

**विजय बनियाः** मरिहत्ते काकाले गर्नी

तर तिम्लाई आऊ भन्नै नपर्नी

**प्रजापति पराजुली :** तिम्ले गाउँदा दङ् परैं मैपनि

नडाकी त गइँदैन कैं पनि

### ३.१.२८ तेत्तिसौँ भागमा गाइएको दोहोरी

मिति २०७८ कार्तिक ७ गते सञ्चालन भएको कार्यक्रमको तेत्तिसौँ भागमा अन्तिम चरणमा पुगेका दुई समूहहरू **मिना बुढाथोकीर प्रकास पराजुलीको** समूह तथा **बालचन्द्र बराल र शोभा कार्की**को समूहबिच दोहोरी विजेता (च्याम्पिएन)को उपाधिका लागि प्रतिस्पर्धा भएको थियो ।

दुईवटा सत्रमा विभाजित यस दोहोरी गीत गायन प्रतियोगिताको पहिलो सत्रमा पहिलो सत्रमा बालचन्द्र बराल र मिना बुढाथोकीले**"खैरेनीमा गेट अन्तै दिल बस्यो कि निर्माया हुनै छाड्यो भेट"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।यस्तै दोस्रो सत्रमा प्रकास पराजुली र शोभा कार्कीले **"घुम्दै आयो फूलमा भमरा, सानु हितैको मायालाई भुल्ने नगर"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गायनमा प्रतिस्पर्धा गरेका थिए ।

दोहोरी प्रतियोगिताको यस भागमा उद्घोषण बद्री पङ्गेनी र प्रिती आलेले गरेका थिए भने मुख्य निर्णायकको भूमिकामा प्रजापति पराजुली, सीता थापा, चन्द्रप्रसाद शर्मार रमेश बिजी रहेका थिए । अतिथि निर्णायकको भुमिकामालोक गायिका **सिन्धु मल्ल रनायक भुवन केसी**रहेका थिए ।सतप्रतिशत दर्शकहरूको विद्युतीय मतदानको आधारमा गरिएको मुल्याङ्कनमा **प्रकाश पराजुली र मिना बुढाथोकी**को समूह यस प्रतियोगिताको विजेता भइ नगद बिस लाख सहित विभिन्न पुरस्कार प्राप्त गरेको थियो भने **बालचन्द्र बराल** र **शोभा कार्की** को समूह उपविजेता भइ नगद दश लाख सहित विभिन्न पुरस्कार प्राप्त गरेको थियो । यी दुबै सत्रमा गाइएका दोहोरी गीत यस प्रकारका छन् :

**पहिलो सत्र**

**बालचन्द्र बराल :** कतिसम्म मनमा पिर् लिउँ हजुर ?
दर्शन गरेँ सम्धिनी ज्यू हजुर

**मिना बुढाथोकी :** गैथी ब्वारी थमाउँदा थमाउँदै
आइछ फेरि बाउको हात समाउँदै

**बालचन्द्र बराल :** पठाको हो कन्यदान दिएर
आइच माइत ज्यान्मा चोट लिएर

**मिना बुढाथोकी :** सधैँभरि नराम्रै आँट्छे
झगडा गर्छे आँफैले हात् काट्छे

**बालचन्द्र बराल :** पस्केको भात् नखार उठेछन्
लुरे ज्वाँईले कुट्नसँ कुटेछन्

**मिना बुढाथोकी :** कता-कता पुऱ्याउँछन ध्यान पनि ?
कुट्लैजस्तो छ केरे ज्यान पनि

**बालचन्द्र बराल :** सम्धिनी ज्यू क्या मिलाई बोलेको !
हेर डाम् छ चुरोटले पोलेको

**मिना बुढाथोकी :** म बुढीलाई निस्केर जा भन्छे
आफू खान्छे यसलाई नि खा भन्छे

**बालचन्द्र बराल :** घरको काम नि गर्छे रे बारीको
नारी शत्रु हुने हो नारीको

**मिना बुढाथोकी :** कति बसम् मैले पिर् सहेर
छोड्छे कुन् दिन् देवघाटमा लएर?

**बालचन्द्र बराल :** आफ्नो छोरो लाइहाल्छ जाती नि
माया भा त हुँदो हो नाति नि

**मिना बुढाथोकी :** कति जिद्धी हो बरै हुन नि !
दिन्न अरे छोरोलाई छुन नि !

**बालचन्द्र बराल :** सबै कुरा लगाउँदा हैछन् नि
ज्वाइँ त मेरा नामर्द रैछन् नि !

**मिना बुढाथोकी :** जेमा पनि खेल्दिन्छे जुहारी
कुसँस्कारी परिछ बुहारी

**बालचन्द्र बराल:** लच्छिन्की छे गाहैन भागेर
तिमी आफैँ लकी हौ मागेर

**मिना बुढाथोकी :** सम्धिनीले खुलेर नभन्नी
के था यस्तो व्याहोरा छ भन्नी?

**बालचन्द्र बराल :** तातो दूध थुक्नी कि निल्नी हो?
अझै झगडा गर्नी कि मिल्नी हो?

**मिना बुढाथोकी :** यस्तीले त पक्कै घर् धान्दिन
माइत गसी फर्कनै जान्दिन

**बालचन्द्र बरालः** सुख देथेँ दुख नै सरेछ
स्वर्ग भन्थेँ नर्क घर् परेछ

**मिना बुढाथोकी :** सोच्थेँ मैले छोराको परानी
ब्वारी आसी घर् भयो खरानी

**बालचन्द्र बरालः** यही कारणले पऱ्या हो फन्दा
सासु पनि आमा झैँ नबन्दा

**मिना बुढाथोकी :** छोराको मन् बुझेर जानेर
बसे हुन्थ्यो अब घर् धानेर

**बालचन्द्र बराल :** छोडपत्रको प्रयासै थाल्छु म
एउटी छोरी सुखले पाल्छु म

**मिना बुढाथोकी :** बनेको घर् भत्काउन चर्काउन
इज्जत्ले नि देला र फर्काउन?

**दोस्रो सत्र**

**प्रकास पराजुली :** नदेखे नि भित्री मन् पोलेको
सानु चिन्यौ बैनी तिम्रो दाइ बोलेको?

**शोभा कार्की :** भएँ म त हास्नीँ कि रुने
सानु बर्षौपछि दाजुको स्वर सुने !

**प्रकास पराजुली :** आफ्नै सुर्मा जोड्यौ नि घर
सानु के छ मेरी बहिनीको खबर?

**शोभा कार्की :** बाँचेकै छु नबोल्नु रुखो
सानु माया रोज्दा माइतीको मन् दुखो

**प्रकास पराजुली :** हिड्यौ आफैँ एकोहोरो बनेर
सानु नरिसाउ है डाकेन भनेर

**शोभा कार्की :** तीजको दर तिहारको भाइ टिको
सानु सधैँ अभाव् खड्कियो माइतीको

**प्रकास पराजुली :** त्यसै किन मेरो मन बहकिन्थ्यो?
सानु दाइ सम्झेर आउन नि सकिन्थ्यो

**शोभा कार्की :** आफैँ आम त दाजुको थियो डर्
दाजु छोर्छोरीले जाम् भन्दा मामाघर्

**प्रकास पराजुली :** रहर् थियो हात् समाई हिडाउँन
सानु ल्याइनौ क्यारे ज्वाइ राजा चिनाउन
**शोभा कार्की :** माइती आउनी रहर् हुन्न कोल्लाई
दाजु कुकुर पनि आउदैन नबोलाई
**प्रकास पराजुली :** गल्ती गरी मूलबाटो लाग्न
सानु दाइ हुम् केरे सक्थ्यौ नि माफ् माग्न
**शोभा कार्की :** माफ गऱ्या भए मलाई के पिर हुन्थ्यो?
दाजु आटै खान दिएनि खीर हुन्थ्यो
**प्रकास पराजुली :** पिरमाथि पिर थपियो टाउकालाई
सानु कुरा काट्नी बाटो भो गाउँकालाई
**शोभा कार्की :** रिसाइरहेथ्यौ मेरो दाइ के भाथ्यो
दाजु कुल् घरानको घरमा बे भाथ्यो
**प्रकास पराजुली :** आइनौ बैनी तिहार्मा चाहेर
सानु टिका बस्थें आफैंले लाएर
**शोभा कार्की :** तीज् तिहार्मा एकलै हुन्थें म
दाजु अरूका दाइ आउँदा नि रुन्थें म
**प्रकास पराजुली :** माइती घरमा जे छ त्यही खाए है
सानु यो तिहारमा जसैनी आए है
**शोभा कार्की :** मनैभरि पिर् व्यथा बोकेर
दाजु आउँछु दाइलाई कोसेली बोकेर
**प्रकास पराजुली :** गल्ती गऱ्यौ माफी भो त्यही पनि
सानु तिमी आए चाहिँदैन केही पनि
**शोभा कार्की :** वर्षौं भयो पिरले मन छोपनी
दाजु एउटा टोपी ल्याइदिन्छु शिर छोप्नी
**प्रकास पराजुली :** पर्खिराछु टिकाको दिनलाई
सानु आउँछु बैनी खोलामा लिनलाई
**शोभा कार्की :** पुग्दै गयो मनले चाहेमा
दाजु वर्षौं गुम्या माइती नि पाएँ म

## ३.२ अतिथिले गाएका दोहोरी

यस दोहोरी प्रतियोगिताका विभिन्नभागहरूमाअतिथि निर्णायकको रूपमा लोक दोहारी, हास्यव्यङ्ग्य, चलचित्र लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूकोसहभागीतारहेको थियो । यसै बिचमा उनिहरूले कार्यक्रमका उद्घोषक, निर्णायक र अतिथिहरूसँग दोहोरी गीत गाएर दोहोरी गीत प्रतियोगितालाई थप आकर्षक बनाएका थिए । केही प्रतिनिधि गीहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

कार्यक्रमका उद्घोषक बद्री पङ्गेनी, कार्यक्रमका उद्घोषक प्रिती आलेले"**गोरखा मनकामना, भ्यप्पैमाया लाइहालौँ भने नि ठिक छैन जमाना"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**बद्री पङ्गेनी** : पङगेनीलाई आश्वासन दिएर
हिड्या रैछौ राजुलाई लिएर

**टिका पुन :** बद्री तिम्लाई लाग्यो कि झ्याम्म
मेरो राजु युगदेखि युगसम्म

**बद्री पङ्गेनी :** छैन हेर राजुको भर
मसँ नभा राजुसँ के छ र?

**राजु परियार** : उनकै हात्ले जलाउँछिन् लास मेरो
यै टिका हो गास् मेरो सास् मेरो

**प्रिती आले :** मनमा हरि राजुको छैन र?
अस्ति मलाई त्यही भन्या होइन र?

**टिका पुन :** तिम्रो जस्तै धेरैको बेथा छ
मुख्ले तेता व्यवहार्ले यता छ

**प्रिती आले :** जसरी नि पिडितै भैनी हो
भन्थे मलाई टिका पुन बैनी हो

**राजु परियार** : दुःख परे आँसुको ढिका हो
साँच्चै टिका राजुकै टिका हो

कार्यक्रम उद्घोषक बद्री पङ्गेनी, कार्यक्रमका निर्णायक रमेश विजी अतिथि प्रकाश सपुत र अतिथि देवी घर्तीसँग "**रुन्छ नि मन किन रुँदैन, रुखो बोली नबोल निरमाया**

**वचनको घाउ निको हुँदैन" र "पहिलै लाएउ छेउ भैगो अब त माया मारिदेउ"** बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**बद्री पङ्गेनी :** जस्लाई पनि आफ्नो नै ठानेर
हिड्छौ अरे पछ्यौरी तानेर

**प्रकाश सपूत** : मन मिले बाँकी नि राख्दिन
दाइले जस्तो साली नि ताक्दिन

**बद्री पङ्गेनी** : ताक्न मात्र केही पनि गएन
पछ्यौरी नै च्यात्न त भएन

**प्रकाश सपूत** : मेरो दाइ दोष् लाउने ठाउँ छ र?
मन मिलेसी कसको के लाउछ र?

**देवी घर्ती :** कहानी सुरु गरुँ मैले काँबाट?
वरिलै भन्न पनि लाज छ

**रमेश विजी :** जस्ती थियौ मसँग छँदा
फेरिएकै रहेनछ रूप्रङ्ग

**देवी घर्ती :** म त हेर यस्तै हो हमेसा
तिमी बरु फेरियौ रमेश

**रमेश विजी :** नसकेनि मुटुको घाउ हेर्न
पाइयो आज शिरदेखि पाउ हेर्न

**देवी घर्ती :** हेर्दा मुहार चम्क्या छ चमक्क
ठुलै ठाउँमा बस्या छौ गमक्क

कार्यक्रम उद्घोषक बद्री पङ्गेनी, प्रिती आलेले कार्यक्रमका अतिथि **पशुपती शर्मा** र अतिथि **रिता थापा**सँग "**देउरालीको भट्टी पसल तुम्बा रछ्याङ भन्दा नि साहुनीको बोली असल"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**बद्री पङ्गेनी :** पैला भन्दा पेट् पनि लुकेको
छ कि छैन आजकल ढाड दुखेको ?

**पशुपती शर्मा :** पैला मोटो टन्न भात पेलेर
ऐले ठिक् छ ब्याडमिन्टन खेलेर

**प्रिती आले :** भट्टी तिरै देखिन्थ्यौ पहिले
खानी पिउने कत्तिको छ ऐले

**पशुपती शर्मा :** रौसी खान्छस् भन्नीलाई मार्नी हो
भैसीको दुद तिनिक्कै पार्नी हो

**प्रिती आले :** ठिक् गरेछौ छु हात जोडेको
बिच्छेर कि बुजेर छोडेको

**पशुपती शर्मा :** यो बाउन्ले गरेन त्यस्तो काम्
कैलै छोइन हरेराम् हरेराम्

**प्रिती आले :** झुटो बोल्न थालेको कैले हो ?
लोक्कल रक्सि ल्याइदेको मैले हो

**पशुपती शर्मा :** कैले ल्यायौ ?छैनौ छेउ परेको
छ्या ! छ्या ! छ्या ! छ्या ! के कुरा गरेको ?

**बद्रि पङ्गेनी :** छोडेछौ भइ धन्यबाद मेरो
रिता नानी किन मुख अँधेरो ?

**रिता थापा :** नसके नि सम्झेर आकी छु
आजकल् म त बिरामी भाकी छु

**बद्रि पङ्गेनी :** सक्छु मान्छे मैले नि चिन्न
सुत्केरीलाई बिरामी भनिन्न

**रिता थापा :** अस्तिसम्म अफठेरो परेको
घाउ दुख्या छ अप्रेसन गरेको
अझै राम्रो होला झैँ लाको छ

कार्यक्रम उद्घोषक **प्रिती आले र बद्री पङ्गेनीले** कार्यक्रमका अतिथि अतिथि राजेन्द्रसँग "**चाँगुनारायण थान, मोहनी भाकाले हान्यो मलाई बाण**"बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**जितु नेपाल :** मनको व्यथा दोहोरीमा बिसाउँला
प्रिती ताक्दा पङ्गेनी रिसाउला !

**प्रितिआले :** दाइ हुन् मेरो त्यस्तो पाप् नभने

जेठान् भन भन्नै मन् छ भने

**राजेन्द्र :** कति पुऱ्याउँछौ म पनि गन्छु

भन्नै परे जेठान् त म भन्छु

**प्रिती आले :** कुर्नलाई त धेरैले कुरेछ

मुन्द्रे रोज्छु राजेन्द्र लुरे छ

**जितु नेपाल :** त्यसो भन्दा कसको मन् रुने हो

मुन्द्रेको नि दुइओटी हुने भो

**राजेन्द्र :** जानाजानी भालामा ताकिन्छौ

फुर्ती नलाऊ खोरमा जाकिन्छौ

कार्यक्रम उद्घोषक **प्रिती आलेर बद्री पङ्गेनी**ले कार्यक्रमका अतिथि लोक गायक **रामजी खाँण**सँग "**गलबन्दी लेउ बइना, आजै टुङ्गो लगाईदेउ माया छ कि छैन**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आले :** मलाई आज रमाइलो ला छैन

रामजी खाँडको स्वर सुन्नै पाछैन

**रामजी खाँड :** दर्शन पाएँ यी प्रिती आलेको

मनमा कुरा छ खेल्न थालेको

**प्रिती आले :** कुन् कुराले मन् खायो कुटुक्क

यैं भन्छौ कि भन्ने हौ सुटुक्क ?

**रामजी खाँडः** सब्को सामु हो भन्नु पर्ने

बद्री सरले हो कि त रिस् गर्ने

**बद्री पङ्गेनी :** तिर्खा लागे पानी छ लिनुस् है !

निर्णायकहरू आफ्नो मत दिनुस् है !

कार्यक्रम उद्घोषक**प्रिती आले**ले कार्यक्रमका अतिथि आधुनिक गायक **हेमन्त शर्मा** र **रमेशराज भट्टराइ**सँग**"तिम्रो साथमा रातो पछ्यौरी रातो पछ्यौरी अनि तातो पछ्यौरी"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**हेमन्त शर्मा :** भनम् भने अप्ठेरो परे नि

यो मान्छेलाई मन् पऱ्यो मगर्नी

**प्रिती आले :** लाग्थो मलाई साँच्चै मन् सर्ला र ?

मन् पर्दैमा अपठ्यारो पर्ला  र ?

**रमेश राज भट्टराई :** तिम्ले जस्तै मैले मन् पराएँ

शिरमा सिन्दुर देखेर डराएँ

**प्रिती आले :** छोडीसको घरको वरले

अझै सिन्दुर् लगाउँछु रहर्ले

**रमेश राज भट्टराइ :** कान्छी बन्न मैसङ्ग आउछ्यौ त ?

मेरै नामको सिन्दुर लाउछ्यौ त ?

**प्रिती आले :** भन्थैं होला  पारेको कर्मले

यै भने त हेमन्त शर्माले

दोहोरी प्रतियोगिताका निर्णायक **चन्द्रप्रसाद शर्मा**ले कार्यक्रमका अतिथि **शकुन्तला थापा** र **राधिका शर्मा**सँग **"हितको दमाली हो साहिलो दाइ यो जोवान तिम्रै राख समाली"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**चन्द्रप्रसाद शर्मा :** नयाँ जीवन् थालिछौ मेलो

शिरमा सिन्दुर साहिँलो दाइ देखिन्छौ उजेलो

**शकुन्तला थापा :** भइयो हामी नौ डाँडा पारिको

यही रैछ नि साहिँलो दाइ गहना नारीको

**चन्द्रप्रसाद शर्मा :** मलाई पहिले आस् थियो कुर्न भो

खुसी छु म साहिँलो दाइ यो जोवान् पूर्ण भो

**राधिका शर्मा :** तिम्ले सिन्दुर अर्कैलाई लायौ

आस देखायौ साहिँलो दाइ यो ज्यानलाई झुक्कायौ

**चन्द्र प्रसाद शर्मा :** साथी बनी सुखदुख छेक्न पाम्

अब अल्ली  साहिँलो दाइ मोटाको देख्न पाम्

**शकुन्तला शर्मा :** तिम्रै पिरले दुब्लाउथैं म त

माया पाछु  साहिँलो दाइ मोटाउछु अब त

कार्यक्रमका उद्घोषक **बद्री पङगेनी** र **प्रिती आले**ले कार्यक्रमका अतिथि बालकलाकारहरू **कमला घिमिरे, सचिन परियार रअयुसा गौतम**सँग **"अल्ली सानी छौ ,मान्छे सानी भए नि गाउन त खुबी जानी छौ"** र **"हे लाईछौ बेसन  चिन्न नि नसक्नी आइच फेसन"** बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**बद्री पङगेनी :** गुन्यो चोली लाएर झरेकी

कति राम्री चिटिक्कै परेकी !

**कमला घिमिरे :** मलाई लाउन आएन साडी
नराम्री छु हजुरको अगाडी

**बद्री पङ्गेनीः** फूलबारीमा नाचेको चरी झैँ
देखेकी छौ स्वर्गकी परी झैँ

**कमला घिमिरे :** जाँदिनँ म दोहोरी हारेर
बोल्नु हुन्छ फुरुक्क पारेर

**सचिन परियार :** सचिन आज च्याम्प्यानामा आको छ
प्रिती  चाउचाउ खान मन लाको छ

**प्रिती आले :** लुरे रैछौ झन् झन् ज्यान सुक्छ
चाउचाउ धेरै नखानू पेट दुख्छ

**सचिन परियार :** मैले चाउचाउ नखानी होइन
प्रिती चाउचाउ खएसि दुख्दैन

**आयुसा गौतम :** दोरी गाउँछु नभन्नु जाबा
नमस्कार छ आदरणीय ठुल्बाबा

**बद्री पङ्गेनी :** आसिर्बाद छ दोहोरी गाउनेलाई
स्कुल छोडी रोदीमा धाउनेलाई

**आयुसा गौतम :** म त एक छिन् सोचेरै टोलाको
बिर्सनु भो आफैले बोलाको

**बद्री पङ्गेनी :** छोरी तिमी के जिद्दी गरेको ?
आजै आइछौ भोलि आऊ भनेको

**आयुसा गौतम :** सानो दिमाख् भएको थियौ ?
शनिबार त आजै हो बिर्सियौ?

**बद्री पङ्गेनीः** हात्कै सामान् खोजेर हिन्छु
बुढो भयो ठूलो बाउ बिर्सिन्छु

**आयुसा गौतम :** नआएर सोध्छन नि मलाई
बुढा भन्छन् आफैले आफैलाई

कार्यक्रमकी उद्घोषक प्रिती आलेले कार्यक्रमका अतिथि कुलेन्द्र विकसँग "**डाँडै फुर्के सल्लो, मायाको गाउँ त चिनैँ घर चिन्न सकिन वल्लो होकि पल्लो**"बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आले :** कुलेन्द्रको सुन्नु छ स्वर
ढिला भए यैँ बस के भो र?

**कुलेन्द्र विक :** जैले कुरा गर्दिन्छौ छुरा
तिम्रो रूप्मा मेरो स्वर के हो र ?

**प्रिती आले :** त्यै रूप्मा छ प्रितिको ध्यान पनि
सिनेमाको हिरो झैँ ज्यान पनि

**कुलेन्द्र विक :** तिमी कहिलै झुट् बोल्न जानिनौ
मलाई कैलै नराम्रो मानिनौँ

कार्यक्रमकी उद्घोषक प्रिती आलेले कार्यक्रमका अतिथि इन्द्र जिसी रगीतकार एकनारायण भन्डारीसँग "**लाहुरे सिपाही दाई, नलगी भाछैन कान्छी तिमीलाई" र "लालु पाते नुग्यो भुँईतिर, कि लाउ माया मैतिर कि लाउ उहि तिर निर नलाउ दुईतिर**"बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आलेः** लाग्छ आज जन्मेछु ढिलो
गाला पनि रसिलो-रसिलो

**इन्द्र जिसी :** प्रिती तिमी गएनी र्‌वाएर
बुढीले हो मिठो मिठो ख्वाएर

**प्रिती आले :** त्यै हो व्यथा नभन्नु कल्लाइ नि
एकनारायणले रुवाका हुन् मलाई नि

**इन्द्र जिसी. :** भनेकै हो मैले त बेगरौँ
मैले र्‌वाउन पाइन त के गरौँ?

**प्रिती आले :** झ्याप्पै बोल्ने प्रितीको बानी
एकनारायणको ट्याम्पो मै मन् जानी

**एकनारायण भन्डारी :** म नि फेदा पैरिन सेतीको
कालो मन भैसक्यो केटीको

**प्रिती आलेः** बानी तिम्रो सबको मन् रिझाउनी
गीत् लेख्दिन्छौ फरिया भिजाउनी

**एकनारायण भन्डारी :** किन भिज्यो मैले गीत् लेखेर?
गीत् लेखेको भिजेको देखेर

कार्यक्रमका उद्घोषक बद्री पङ्गेनीले कार्यक्रमका अतिथि **मन्जु पौडेल र शिव हमाल**सँग "**पछ्यौरी लेउ बैना, आजै टुङ्गो लगाईदेउ माया कि छ छैन"** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**बद्री पङ्गेनी :** रातो ब्लाउज साडी छ हरियो
हरियोको जालैमा परियो

**मन्जु पौडेल :** मिठो बोले नजिकै सर्दिने
तिम्रो कमजोर जालैमा पर्दिने

**बद्री पङ्गेनी :** कहिले कसो फुल्बारी डुलिन्छ
भँमरा हो फूल् देख्दा भुलिन्छ

**मन्जु पौडेल :** मनै हो मन पनि सर्ला
फूल फूल्दैमा काँडाले कोतर्ला

**बद्री पङ्गेनी :** काँडा चिन्ने भम्राको बानी हो
उडी-उडी रसमात्र खानी हो

**मन्जु पौडेल :** जता रङ्ग उही मात्रै रङ्गिनी
रस् खानलाई पल्केको पङ्गेनी

**शिव हमाल** : प्रिती देख्दा मन् त्यसै मोडिन्छ
न जोडिन्छ न नाता तोडिन्छ

**प्रिती :** अपार् माया पिर कति-कति !
अप्ठ्यारोमा बसेको पिरती

**शिव :** आफ्नै जस्तो लाग्थ्यो नि हैनछेउ
मनमा बस्यौ भाग्यमा रैनछेउ

**प्रिती :** पर्दो रैछ मायाले रुनलाई
मन्मा बस्यौ सक्दिनौ छुनलाई

**शिव :** बिर्स्यौ भने रुन्छ्यौ कि ?भन्ने डर
सम्भे बद्नाम् हुन्छ्यौ कि भन्नेडर

कार्यक्रमका उद्घोषक बद्री पङ्गेनी र प्रिती आलेले कार्यक्रमका अतिथिहरू भुमिका गिरी, जानकी मगरर शान्तीश्री परियारसँग तीज"**सब्बै मायालाईलाई सब्बै मायालाई,** बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**जानकी मगर :** यो मेरो बैंस यो मेरो जोवान

**भुमिका गिरी :** चन्चले यो मन चुलबुले भो ज्यान

**शान्तीश्री परियार** : दायाँको गाला बायाँको गाला
**प्रिती आले :** तिम्रो त हो नि यो बैंस काल
**बद्री पङ्गेनी :** यो रातो सारी यो रातो चुरा
नकाट बैनी माइतमा आइ
ज्वाइँ साबको कुरा

कार्यक्रमकी उद्घोषक प्रिती आलेले कार्यक्रमका अतिथि **शङ्कर विसी**सँग "**बल्ल पऱ्यो निरमाया माकुरी जालैमा**,बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**शङ्कर विसी :** भन्थ्यौ तिम्ले दाँत मात्रै टल्किन्छ
यस्तैसँग तरुनी पल्किन्छ
**प्रिती आले :** हेर्दा रैछन् दाँत् टल्काई आकोलाई
के था तनी मै बुढी भाकोलाई
**शङकर विसी :** ठिकै-ठिकै मगरकी छोरी
मलाई काले भन्नी चाइँ क्या गोरी
**प्रिती आले :** काली छु म स्वीकार्नी खाले हो
म चाइँ काली काली तिमी चाइँ काले हो
**शङकर विसी :** चोखो माया नगरम् लिलाम्
काले काली मिलेर दिल् मिलाम्
**प्रिती आले :** केही नभनी रिसायौ झट्टै
मलाई काले मन पर्छ चौपट्टै

कार्यक्रमकी उद्घोषक प्रिती आले निर्णायक सीता थापाले कार्यक्रमका अतिथि नवराज घोरासैनी र हरि थापा मगरसँग "**घुम्तीमालेट भयो, सानु मायालाई बाटैमा भेट भयो "**र "**झन् जाडो लाईरा छ आज मलाई आज मलाई उनीको पछ्यौरी झझल्को लाईरा छ**" बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आले :** गायन क्षेत्रका दुईओटै बाघहरू
सुनम् आज सुरिला राग्हरू
**नवराज घोरासैनी** : मैले माया लाउनलाई थालेँ भो
कम्मर राम्रो यही प्रिती आलेको
**प्रिती आले :** सरमै लाग्यो हेरेछौ कम्मर

यो कम्मरलाई कती त नम्मर ?

**नवराज घोरासैनी** : मेरो मन नि पग्लँदै आको छ
पचास नम्बर दिउँ जस्तो लाको छ

**प्रिती आले :** एक्लो भए सब दिने थियौ कि ?
बाँकी पचास घरकीलाई दियौ कि ?

**नवराज घोरासैनी** : गएदेखि भाको थेँ लाने
सय दिँदा मात्तिन्छौ भन्ठाने

**सीता थापा :** च्याम्पियन्मा भेट् भयो हाम्रो
हरि थापा झन् हेऱ्यो झन् राम्रो

**हरी थापा मगर** : बाहुन् रोज्छिन् यी प्रिती आले
जती राम्रो भएनी म काले

**प्रिती आले :** पुरानै दिन् सम्झेर आको रे
झन्डै झन्डै भिनाजु भाको रे

**हरि थापा मगर :** सीता थापा हुन् मेरी चेली
रोज्नै पर्दा रोज्ने हो कोरेली

**प्रिती आले :** चेली भन्दै छौ बाटो बारेको
कोरली त अर्कैले तारेको

**हरि थापा मगरः** थाछ मलाई कोसँग अन्मेको
सोच्यौ मगर रैनछ जन्मेको

कार्यक्रमकी उद्घोषक प्रिती आले र निर्णायक प्रजाती पराजुलीले कार्यक्रमका अतिथि गायक बसन्त थापा र हास्य कलाकार श्याम राईसँग "**फुल्यो बामरी बामरी म भोली आइहाल्छु बसे रामरी**" र "**पानको पात, माया तिम्लाई सम्झिन्छु दिनको रात मर्स्याङ्दी सलल**" बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आले :** ठुलो फ्यन हुँ बसन्त थापाको
गीत् बनाउनी कला चाइँ काँ पाको

**बसन्त थापा :** हिँडेको हुँ अग्रज्को बाटोमा
जन्मेको हुँ बाग्लुङको माटोमा

**प्रिती आले :** नाच्न गाउन जेमा नि जित हुन्छ
बाग्लुङेको जे मा नि गीत हुन्छ

**बसन्त थापा :** कुरा मिले त्यै दिलमा बसौँला
धेरै माथि नचढाऊ खसौँला

**श्याम राई**
**(फुलन्देकी आमा)** : माछी बस्ने खोलिको लेवैमा
सीता हटाई म आऊँ कि छेवैमा ?

**प्रजापती पराजुली** : आज साँच्चै हुने भो मस्ती
अतिथि नि आइरैछिन् मै जस्ती

**श्याम राई :** जज् नगरी छौ तेता टोलाको
मै अतिथि तिम्ले हो बोलाको

**प्रजापती पराजुली** : राम्री पनि के विधि हौ त नि?
याँ बोलेको किन त्याँ गौतनि ?

**श्याम राई :** यो दिलमा लेख्या छु तिम्रो नाम्
त्याँ बस्नलाई देखिन मैले ठाम्

सञ्चालक र निर्णायकहरूले **"पानको पात,माया तिम्लाई सम्फन्छु दिनको रात मस्याङ्दी सलल"**बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**बद्री पङ्गेनी :** एक हप्ता भो खै कता गाको हो?
काकी खोज्दै च्याम्पियन्मा आको हो

**प्रिती आले :** कुन चाइनीको लेका हौ चिन्ता ?
तिम्री काकी छन् क्यारे दुईतीन्टा

**प्रजापति पराजुली** : कान्छी काकी गीत गाउन आकी
जिउ मिलेको गुन्द्रुके जिउ भाकी

**सीता थापा :** हेर कुरा कस्तरी गाँजेको ?
कहिल्यै बानी सुध्रेन बाजेको

**प्रिती आले :** भनेजस्तै काकी छन् घर्मा
सोच्नुपर्छ अब त पाप् धर्म

**प्रजापति पराजुली** : हेर् त बाबु कस्तो गीत् गाकी !
बुहारी आइछ लच्छिनै नभाकी

**प्रिती आले :** लक्षिन खोज्दै बस्या छन् अलक्क
बिहे गरेर नथाक्नी खलक

कार्यक्रमकी उद्घोषक प्रिती आलेले कार्यक्रमका अतिथि इन्द्रेणी कार्याक्रमका सञ्चालक**कृष्ण कँडेलसँग**"**पहिलै लाएउ छेउ, भैगो अब त माया मारिदेउ**" र"**सारै राम्री छेउ, तिम्रो जोवान राजिनामा लेउ**" बोलका स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आले :** गरौँ कुरा भेट हुँदा बेलीको
दाइभाउजूलाई नमस्कार चेलीको
**कृष्ण कँडेल :** झयाप्पै भेट्दा रनभुल भाको छु
के को चेली ?मायालु आको छु
**प्रिती आले :** के मायालु धेरैलाई दिन्या थ्यौ?
भाउजू भन्दै अर्कैलाई चिनाथ्यौ
**कृष्ण कँडेल :** लामो यात्रा धेरैलाई हिनाइयो
तिम्लाई पनि त्यही भनी चिनाइयो
**प्रिती आले :** कैले कसो बास् होला घर
सोझी भाउजू अल्मल्मा छन् बरा
**कृष्ण कँडेल :** था छ यिन्लाई काम् परे गइहाल्छ
एक मैनामा भेट् भए भइहाल्छ
**प्रिती आले :** कँडेल दाइको धेरैलाई गुन पऱ्यो
जेठी माइली यी भाउजू कुन पऱ्यो?
**कृष्ण कँडेल :** दर्शक खुसी लाइसके पुजन
तिमी साँइली आफैले बुझन

कार्यक्रमका उद्घोषक प्रिती आले र बद्री पङ्गेनीले कार्यक्रमका अतिथि नेपाली सिनेमाका नायक तथा निर्माता **भुवन केसी** र लोक गागिका **सिन्धु मल्लसँग** "**ससुरालीमा ख्यालख्यालमा, दिल बस्यो कान्छी सालीमा**" बोलको स्थायी भाका प्रयोग गरी दोहोरी गीत गाएक थिए ।दोहोरी गीत यस प्रकारका छन् :

**प्रिती आले :** फिलिम हेर्थें अगाडि पाछु
समाऊ ए दाइ ! ढल्छु कि झैँ भाछु
**भुवन के सी :** किन तिमी ढल्दै छौ भन त?
तिमी पनि कम् छैनौ छन त
**प्रिती आले :** झन्झन् राम्रो भएर गाछौ
कहिल्यै बुढो नहुने के खान्छौ?

**भुवन के सी :** एकदिन् हामी सबैले मर्नु छ
चलचित्रमा अझै केही गर्नु छ

**प्रिती आले :** गर्छौ याक्टिङ सबैलाई रुवाउनी
अनमोल्को त भाइ भन्न सुहाउनी

**भुवन केसी :** माग्छु सधैँ मायाको चन्दा
खासै जेठो छैन म ऊ भन्दा

**प्रिती आले :** गुडाम् गाडी खाली छ दिल्को रोड्
एता घुम्टो तेता छ कालो कोट्

**भुवन के सी :** मेरो आसा नगर केटी हो
लोक् सङगीतलाई बचाइदेउ तेत्ति हो

**बद्री पङ्गेनी :** गर्नै पऱ्यो मायाको धन्दा त
साली राम्री सिर्मती भन्दा त

**सिन्धु मल्ल :** बिस वर्षकी छोरी छे घर
अब तिम्ले मेरो आस नगर

**बद्री पङ्गेनी :** अब तिम्लाई भन्दिन बिए गरम्
माया मात्र गरम् कि के गरम् ?

**सिन्धु मल्ल :** दिएपनि सालीको उपमा
हेर मलाई बैनीको रूपमा

**बद्री पङ्गेनी :** आज मलाई नमजा लाको छ
मुखकै आहार् फुस्केझैँ भाको छ

## ३.३ दर्शकहरूले गाएका दोहोरी गीत

यस दोहोरी प्रयियोगितामा दर्शक दोहोरी नामको एउटा छुट्टै खण्ड रहेको थियो। जसमा प्रत्येक भागमा कार्यक्रमका उद्घोषक वा निर्णायक वा अतिथि मध्ये एक पुरुष र एक महिलाले एक एक चरण गीत गाउने र दर्शकहरूमार्फत् विद्युतीय माध्यमबाट दोहोरी फर्काउने उत्कृष्ट एक महिला र एक पुरुषलाई प्रत्येक भागमा पुरस्कृत गरिएको थियो ।यस खण्डमा  पनि विभिन्न भाका प्रयोग गरी दोहोरी गाइएका थिए। दर्शक दोहोरीमा गाइएका केही दोहोरी गीतहरू तल प्रस्तुत गरिएको छ।

**प्रजापति पाराजुली** : हेर्नु भाछ यो विश्वभरि
कस्तो लाग्छ हजुरलाई यो दोरी

**सरु अधिकारी** : राम्रा राम्रा कलाकार आइरनी
जति हेर्यो झन् राम्रो लाइरनी

**सीता थपा** : हजुर पनि निर्णायक बन्नु है,
दोहोरी कस्तो हुदैछ भन्नु है

**नवराज तिमिल्सिना** : पैला भन्दा सुध्रिदै गाको छ
अझै राम्रो होला झैं लाको छ

**चन्द्र शर्मा** : दोहोरी खेल्न जित्ने र हार्ने
मलाई पनि निरजाले कोई छ र मन पार्ने

**सीता सुनार** : च्याम्पियानामै दिन काट्छु रात काट्छु
चन्द्र पाए निरजाले यो कोमल दिल साट्छु

**सीता थापा** : गाउन आको थ्यें म पनि
भने जस्तो निरजाले भएन कोई पनि

**गोबिन्द** : घमण्ड त धेरै म गर्दिन
यही हो ज्यान निरजाले मन पर्छ पर्दैन ?

**बद्री पङ्गेनी** : दौरा सुरुवाल लाएर झरेको
कोही भेटिन निरजाले मलाई मन परेको

**मञ्जु थापा** : तिमी पनि ठिकै छौ छन् त
कस्ती खाले निरजाले खोज्यौ र भन त ?

**शर्मिला** : घर जान भै सक्यो ढिला
कस्ती लाग्छ दर्शकलाई शर्मिला ?

**दिपेश भट्टराई** : स्रष्टा चिन्न नगरौं ढिला
लोकसँस्कृति बचाउने शर्मिला

**शकुन्तला थापा** : अघि आर नडराई बोल
स्याङ्जालीसँ गीत गाउने को होला?

**नवीन** : छेउमै किन ! आइहाल्छु काखैमा
गाउँछु गीत हेरेर आँखैमा

**रमेश विजी** : सुन्न मन् त लाको थ्यो बोली
मेला पातमा भुलेकी छौ होली

**उपमा रिमाल** : तिम्रो बैंस लानेभो खाडीले
खेतीपाती बगायो बाढीले

**शिला आले** : अरू भन्दा म छुट्टै खालेलाई
धेरै माया गर्दिनु आलेलाई

**निश्चल** : बेग्लै थ्यौ र चाहेको मैले नि
उस्तै माया घटेन कैलैनी

**प्रजापति** : सात दिनको हप्ता हुन्छ तिस दिनको मैना
गीत गाउनी रहर छ स्वरै राम्रो छैन

**दर्शक इन्द्र** : शब्द मीठो लेख्नु हुन्छ त्यस्तै मीठो स्वर
फलिराको हाँगो नझुकेको काँ छ र

**एकनारायण** : बोली मिठो जादु छ रूपमा
जुनको दिउकी फूलको दिउँ उपमा

**कला पोखेल** : बैनी राम्री छौ भन्छौ जहिले नि
तिजमा लिन आउँदैनौँ कहिल्यै नि

**प्रिती** : हाम्लाई पनि मायालुले टेर्छौ टेर्देनौ
तराई तिर दोहोरी च्याम्पियन हेर्छौ हेर्देनौँ

**गोविन्द** : तिम्रो माया मुटुभरि भुल्न जान्दैन
दोहोरी च्याम्पियन नहेरी मनै मान्दैन

**एक नारायण भन्डारी** : हिन्न मन थ्यो सुनैको बालालाई
कति हिन्नु रुद्राक्ष माला लाई

**सुजता** : बाला दिम्ला रद्राक्ष मलाई देऊ
मलाई भन्दा अन्त मन नलाईदेऊ

**शोभा** : राम्री बनी आकी छु आउनलाई
पैलै दिन पिरती लाउनलाई

**अनुपः** कता हो र डराउँदै डराउँदै ?
गोर्खादेखि आछु मन पराउँदै

अध्याय चार

# दोहोरी प्रतियोतितामा गाइएका दोहारी गीतमा रसको अवस्था

## ४.१ रसको परिचय

सामान्य अर्थमा रसले झोलिलो पदार्थ वा तरल पदार्थलाई जनाउँछ। 'रस' शब्दसंस्कृत भाषाको 'रस्' धातुमा 'अ' प्रत्यय गाँसिएर व्युत्पन्न भएको शब्द हो। यसको व्युत्पत्तिगत अर्थ स्वाद ग्रहण गर्न मिल्ने पदार्थ वा तत्व हो। आयुर्वेदमा रसलाई अमिलो, पिरो, तीतो, टर्रो, गुलियो नुनिलो आदि छ किसिमका स्वादका रूपमा चर्चा गरिएको पाइन्छ। विभिन्न प्रायोगिक सन्दर्भमा रसको अर्थ फरक फरक भए पनि साहित्यिक सन्दर्भमा यसले काव्य वा साहित्यबाट प्राप्त गर्न सकिने स्वाद वा आनन्दलाई जनाउँछ। यसै सन्दर्भमा एउटा प्रसिद्ध वैदिक सूक्ति छ,"रसौ वै सः" अर्थात ती परमात्मा नै रसरूपी आनन्द हुन। काव्यको सारभूत तत्व नै रस हो। 'रसो नै मघू' भनि उपनिषद्मा रसलाई महको रूपमा लिएको पाइन्छ।

पूर्वीय काव्यशास्त्रमा रस, अलङ्कार, छन्द अदिलाई अनिवार्य र निर्विकल्प अवयव मनिन्छ। काव्य चिन्तनको पूर्वीय परम्परामा रस सिद्धान्त सर्वाधिक चर्चित र पुरानो सिद्धान्त मानिन्छ। वेदमा ब्रह्मको चर्चाका क्रममा रस शब्दको उल्लेख गरिएको पाइन्छ। तापनि रसका आधिकारिक र प्रामाणिक व्याख्याता भरतमुनि हुन्। उनले नाट्यशास्त्रको विवेचनाका क्रममा व्यक्त गरेको रससूत्र नै रस सिद्धान्तको आधारतत्त्व हो। साहित्य पढेर, सुनेर वा हेरेर जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भन्ने गरिन्छ। रसद्वारा जुन भावको अनुभूति हुन पुग्छक त्यसलाई रसको स्थायीभाव भन्ने गरिन्छ,। स्थायी भाव नै रसको आधार हो। काव्यमा जुन आनन्द प्राप्ति हुन्छ, वास्तवमा त्यही नै काव्यको रस हो। रसलाई काव्यको आत्मा मानिन्छ। मानव हृदयमा कुनै न कुनै भावलाई वा संवेदनालाई जागृत गराउन सक्ने रमणीय र आलङ्कारिक काव्यत्वको अनुभूति नै रस हो। अथवा साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टि वा आनन्दलाई नै रस भनिन्छ।

साहित्यमा शास्त्रीय रूपमा रसको विवेचना गर्ने प्रथम आचार्य भरतमुनि हुन। उनले काव्यको आवश्यक तत्वका रूपमा रसको व्यख्या गर्दै शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भुत, बीभत्स, भयानक र शान्त गरी नौ प्रकार उल्लेख गरेको पाइन्छ। यिनै नौओटारसलाई नवरस भनिन्छ। भरतमुनिले नाट्यशास्त्रमा "विभाव, अनुभाव र सञ्चारीभावको संयोगले विभिन्न रसको निष्पत्ति हुन्छ" भनी रसोत्पत्तिका साधनलाई सूत्रबद्ध

गरेको पाइन्छ ।उनका अनुसार हृदयको स्थायीभावले विभाव, अनुभाव र सञ्चारीभावको संयोग प्राप्त गर्दा रस उत्पन्न हुन्छ । रस उत्पत्तिका चारओटा सामाग्रीहरू हुन्छन् । यीनलाई नै रसका अङ्ग मानिन्छ । स्थायीभाव, विभाव, अनुभाव र सञ्चारीभाव रस निष्पत्तिका साधन तथा रसका अङ्ग हुन । प्रत्येक रसको स्थायी भाव बेग्लाबेग्लै हुन्छ । शृङ्गार रसको स्थायीभाव रति, हास्य रसको स्थायीभाव हाँसो, रौद्र रसको स्थायीभाव क्रोध, करुण रसको स्थायीभाव शोक, वीर रसको स्थायीभाव उत्साह, अद्‌भुत रसको स्थायीभाव विस्मय, बीभत्स रसको स्थायीभाव घृणा, भयानक रसको स्थायीभाव भय तथा शान्त रसको स्थायीभाव शान्त वा निर्वेद हुन ।

## ४.२ रसका तत्वहरू

### ४.२.१ स्थायीभाव

भावनाको भण्डार मनमा अनगिन्ती संवेगात्मक भावहरू सँगालिएका हुन्छन् । यी भावहरू धेरैजसो सुसुप्त अवस्थामा रहेका हुन्छन् जसलाई जगाउन विभिन्न कारणहरू आवश्यक पदर्दछ । जुन भावहरू स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन्, ती स्थायी भाव हुन् । अर्को शब्दमा हृदयको अन्तःकरणमा जुन मनोविकार, वासना वा संस्कारका रूपमा सधैं रहिरहन्छ, जुन कहिल्यै नास हुँदैन, त्यसैलाई स्थायीभाव भनिन्छ । स्थायीभाव मानवमनमा चिरकालसम्म स्थिर र अविचलित भएर बसेका हुन्छन । स्थयीभावले अन्य भावलाई आफूमा विलीन गर्दछन । विभाव,अनुभाव र सञ्चारीभावको संयोजनबाट स्थायीभाव व्यञ्जित हुन्छ । साहित्यका सामाग्री पढ्दा अथवा नाटक वा चलचित्र हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव पनि हुन्छ । त्यती बेला स्थायीभाव रसका रूपमा परिणत भएको हुन्छ । नवरसका  नौओटा स्थायी भावहरू हुन्छन् । रति, हाँसो, शोक, उत्साह, क्रोध, भय, घृणा विस्मय, शान्त वा निर्वेद हुन । भक्ति र वात्सल्यलाई पनि छुट्टै रसका रूपमा मान्ने  विद्वानहरूले  वात्सल्य र ईश्वर प्रेमलाई समेटी एघारओटा स्थायीभाव मानेको पाइन्छ ।

### ४.२.२ विभाव

भावहरूलाई उत्पन्न गर्ने अथवा जगाउने सामग्रीलाई विभाव भनिन्छ । विभावको अर्थ कारण हो । यसले स्थायीभावलाई आस्वाद्य तुल्याउँछ ।'विभाव' रसको उत्पत्तिका लागि आधारभूत तत्त्व हो । स्थायीभाव जगाउने व्यक्ति वा वस्तु विभाव अन्तर्गत पर्दछन् । विभाव दुई किसिमका हुन्छन् । आलम्बन विभाव र उद्दीपन विभाव । जुन मुख्य भाव वा वस्तुका

कारणले स्थायी भाव जागृत हुन्छ त्यसलाई आलम्बन भनिन्छ, वा जुन वस्तु देखेर त्यससम्बन्धी भावहरू उत्पन्न हुन्छन्, त्यस वस्तुलाई आलम्बन विभाव भनिन्छ। स्थायी भावलाई जागरूकता प्रदान गर्ने सहायक कारणलाई उद्दीपन विभाव भनिन्छ। उदाहरणका रूपमा शृगार रसको स्थायीभाव 'रति' का लागि सामुन्ने रहेका प्रेमीप्रेमिका आलम्बन विभाव हुन भने उसले बोलेका मधुर वाणी, एकान्त स्थान, पहिरन आदि उद्दीपन विभाव हुन्। जुन कुरा देखेर व सुनेर भावहरू झन् उत्तेजित हुन पुग्छन्, ती उद्दीपन विभाव हुन्।

### ४.२.३ अनुभाव

आलम्बन र उद्दीपन सामग्रीले भावको अनुभव भएपछि देखापर्ने शारीरिक हाउभाउ, मुद्रा, चेष्ट एवम् क्रिया-प्रतिक्रियाहरू अनुभाव हुन्। रति, हाँसो, शोक आदि स्थायीभावलाई प्रकाशित वा व्यक्त गर्न लगाउने आश्रयका क्रिया नै अनुभाव हुन। जुन वस्तुले भावको अनुगमन गर्दछ त्यसैको नाम अनुभाव हो। आलम्बन एवम् उद्दीपनका माध्यमबाट आ-आफ्ना कारणले उत्पन्न भावलाई बाह्य रूपमा प्रदर्शित गराउने जे-जस्ता चेष्टाहरू हुन्छन्, तिनैलाई साहित्यमा निहित अनुभाव भन्ने गरिन्छ। जस्तै : रुनु, हास्नु, रोमाञ्चकता, अनुराग आदि उपस्थित हुनु, रिसाउँदा हातहतियार चलाउनु, कठोर बचन बोल्नु, आँखा राताराता पार्नु, इसारा गर्नु, मलिन हुनु आदि अनुभाव हुन। इच्छित र अनिच्छित गरी अनुभाव दुई किसिमको हुन्छन्। इच्छित अनुभावलाई साधारण अनुभाव वा बाह्य अनुभाव र अनिच्छित अनुभावलाई सात्विक अनुभाव वा आन्तरिक अनुभाव पनि भनिन्छ।

### ४.२.४सञ्चारीभाव वा व्यभिचारीभाव

सञ्चारीभावको अर्थ सञ्चार हुने भाव भन्ने हुन्छ। सञ्चारीभाव स्थायीभावका साथमा सञ्चारित हुन्छन्। सञ्चारीभावलाई व्यभिचारीभाव पनि भन्ने गरिन्छ। छिनछिनमा देखिने र छिनछिनमा लोप हुने प्रवृत्तिका मनका अनगिन्ती संवेगहरू हुन्छन्, तिनीहरूलाई व्यभिचारीभाव अथवा सञ्चारीभाव मानिन्छ। स्थायीभावलाई सक्रिय तुल्याउन थोरै समय उपस्थित भएर तुरुन्त विलुप्त हुने भावलाई व्यभिचारीभाव वा सञ्चारीभाव भनिन्छ। यिनीहरू अस्थिर हुने हुनाले यिनले स्थायीभावलाई आस्वादन अवस्थामा पुऱ्याउन सहयोगमात्र गर्नसक्छन्। लाज, हर्ष, चिन्ता, आवेग,त्रास, घिन, अचम्म, धैर्य आदि सञ्चारीभाव वा व्यभिचारीभाव हुन।

## ४.३ दोहोरी प्रतियोतितामा गाइएका दोहारी गीतमा रसको अवस्था

यस दोहोरी प्रतियोगिताका जम्माजम्मी २८ ओटा भागहरूमा विभिन्न विषयवस्तुहरूमा आधारित दोहोरी गीतहरू गाइएका थिए। मुख्यतः प्रेम र विछोडसहित सामाजिक व्यवस्था, रीतिरिवाज, चाडपर्व, सामाजिक संस्कार तथा क्रियाकलाप, पारिवारिक अवस्था, विभिन्न पेसा तथा व्यापारव्यवसाय, सामाजिक कुरीति, विकृति, समसामयिक राजनितीक व्यवस्था, देशप्रेम, सामाजिक व्यवस्था, वर्गीय तथा जातीय व्यवस्था, आधुनिक जीवनशैली तथा पद्धति, वैदेशिक रोजगारी र त्यसले पारेको असर लगायतका विविध विषयवस्तुमा गीतहरू गाइएका थिए। यी विषयवस्तुमा आधारित गाइएका दोहोरी गीतहरूमा नौओटै रसको प्रयोग भएको पाइन्छ।दोहोरी प्रतियोगिताका अधिकांश भागहरूका दोहोरी गीतमा शृङ्गार रसको बाहुल्यता रहेको पाइन्छ भने हास्य रस, वीर रस, करुण रस, अद्‌भुत रस र रौद्र रसको प्रयोग पनि प्रचुर मात्रामा भएको देखिन्छ। यी बाहेक शान्त रस, भयानक रस र बीभत्स रसको प्रयोग भने कमै मात्रामा भएको पाइन्छ। यहाँ तेस्रो भागमा सङ्कलित गीतहरूमा नवरसको अवस्थाको निम्न उपशीर्षकहरूमा चर्चा गरिएको छ।

### ४.३.१ शृङ्गार रसको अवस्था

कुनै साहित्यिक रचना पढ्दा वा नाटक हेर्दा मनमा आएको रति वा प्रेमभाव जागृत भएपछि उत्पन्न हुने रसलाई शृङ्गार रस भनिन्छ। यसले सबैलाई संवेदित तुल्याउन सक्ने हुनाले यसलाई रसको राजा पनि भनिन्छ। यो स्त्री-पुरुषको पवित्र प्रेमबाट व्यक्त हुन्छ। सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार गरी यसलाई मुख्य रूपमा दुई किसिमको मानिएको छ। यस रसको स्थायीभाव रति हो। नायकनायिका यसका आलम्बन विभाव हुन। सम्भोग शृङ्गारमा एकान्त ठाउँ, कुराकानी, भोगविलासका सामग्रीहरू उद्दीपन विभाव हुन भने विप्रलम्भ शृङ्गारमा पहिले सम्भोगावस्थामा उपभोग गरिएका साधनहरू देख्नु र सम्झनु उद्दीपन विभाव हुन्। सम्भोगमा प्रेमपूर्ण हेर्नु, कटाक्ष, पसिना आउनु आदि अनुभाव मानिन्छन् भने विप्रलम्भमा सम्भोगका लागि सोच्नु, पिरोलिनु आदि नै अनुभाव बनेका हुन्छन। लज्जादि सम्भोगका र उत्सुकता, चिन्ता आदि विप्रलम्भका सञ्चारीभाव हुन्।

अधिकांस प्रेम र वियोगका विषयवस्तु समेटेर गाइएका यस दोहोरी प्रतियोगिताका विभिन्न भागका विभिन्न चरणहरूमा शृङ्गार रसको प्रधानता रहेको पाइन्छ। जसमा समभोग र विप्रलम्भदुबै शृङ्गारको प्रयोग भएको छ। रति स्थायी भाव रहने यस रस

रहेकादोहोरी प्रतियोगिताका दोहोरी गीतहरूमा 'गायक तथा गायिका' प्रेमि प्रेमिकाको रूपमा आलम्वन विभाव रहेका छन् भने मुख्यतःउनिहरूले लगाएको पोषाक, गरगहना, शृङ्गारका सामान, बाहिरी वातावरण, जुनेली रात, बास्नादार अत्तर, पुराना यादहरू तथा सुमधूर बोलीले उद्धिपन विभावको काम गरेका छन्। यस प्रतियोगिताका २८ ओटा भागहरूकादुबैसत्रका गरी ५६ ओटा प्रतिस्पर्धामा गाइएका दोहोरी गीतमध्ये २२ प्रतिस्पर्धामा यस रसको प्रधानता रहेको छ, भने अन्य १३ प्रतिसपर्धामा समेत शृङ्गार रसको आंशिक उपस्थिति रहेको छ। त्यसैगरी अतिथिले गाएका दोहोरी गीतमा समेत यै रसको अधिक प्रयोग भएको पाइन्छ। यसका केही नमुना यहाँ प्रस्तुत छन्।

भयो भने सपना पूरा
रोटी त के दिन्छु म सब कुरा
तिमीतिरै यो मन गयो
देखेपछि के भयो के भयो
पूजाको दिन जुनेली रातमा
कतै नजाउ बस के साथैमा
उज्यालै पो भइसक्यो सानु
अब मलाई छोडेर नजानु

(दोहोरी प्रतियोगिताको एकतिसौँ भागमा गाइएको शृङ्गार रसयुक्त दोहोरी गीतको अंश)

भन अब कोसँग बे गरू
तिमी बिना बाँच्दिन के गरू
मेरो आँखा हुँदैनन् झिमिक्कै
हरपल याद विजय तिमिकै

(दोहोरी प्रतियोगिताको आठौँ भागमा गाएइको शृङ्गार रसयुक्त दोहोरी गीतको अंश)

प्रस्तुत पहिलो उदाहरणमा गायकगायिका स्वयम् सम्भोग शृङ्गारका आलम्बन विभाव हुन् भने उनिहरूको एक अर्काको सामिप्यता, जुनेली रात आदि उद्धिपन विभाव हुन् त्यसैगरी प्रेमपूर्ण हेर्नु, पसिना आउनु मनमा कामवासना आउनु जस्ता अनुभाव देखा परेका छन् भने लज्जा उत्सुकता जस्ता व्यभिचारीभाव देखा

परेका छन् । त्यस्तै दोस्रो उदाहरणमा प्रेमिसँगको पुराना यादले विप्रलम्भ शृङ्गार व्यञ्जित गरेको छ ।

## ४.३.२ हास्य रसको अवस्था

विभिन्न प्रकारका हाँसो लाग्ने क्रियाकलापहरू पढेर, सुनेर वा हेरेर हास्य रसको निष्पत्ति हुन्छ । यसको स्थायीभाव हाँसो हो । अनौठा र विकृत आकार भएका चिजहरूले र अनौठा वर्णनहरूले हाम्रा मनमा एक किसिमको हाँसोको भाव उत्पन्न हुन्छ,। यही भाव साहित्यमा हास्य रसमा परिणत भएको हुन्छ । अनौठा र विकृत आकार भएका चिज आलम्बन विभाव र विकृत एवम् अनौठा किसिमका चेष्टाहरू यसका उद्दीपन विभाव हुन् । हाँसो आउनु, आँखा चिम्लनु, मुख विकृत हुनु आदि यसका व्यभिचारी भाव हुन् ।

यस दोहोरी प्रतियोगिताका केही भागका विभिन्न चरणहरूमा हास्य रसको प्रधानता रहेको पाइन्छ । हाँसो स्थायी भाव रहने यस रस सम्मिलित दोहोरी गीतहरूमा गायक तथा गायिकाको चरित्रले प्रयोग गरेका विभिन्न हाँसोलाग्दा सामाग्रीहरू आलम्वन विभाव रहेका छन् भने मुख्यतः उनिहरूकाक्रियाकलाप, उनिहरूको हाउभाउ, हाँसो लाग्दो बोलीले उद्धिपन विभावको काम गरेका छन् ।दोहोरी प्रतिगोगिताका जम्माजम्मी ८ प्रतिस्पर्धामा यस रसको प्रधानता रहेको छ, भने अन्य प्रतिसपर्धामासमेत हास्य रसको आंशिक उपस्थिति रहेको छ । त्यसैगरी अतिथिले गाएका दोहोरी गीतमा समेत यो रसको प्रयोग भएको पाइन्छ । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

नाचिदिन्छु तिर्सना मेटाउँछु
तिम्रो कुमलाई उफ्रेर भेटाउछु
यति राम्री पाको छु छानेर
मैले जिते लैजान्छु तानेर
हार्दिन म नभ्हुटो धाका दिन्छु
मैले जिते घर ज्वाइँ राख्दिन्छु
हेप्या हौला देखेर मसिना
विचराको आइसक्यो पसिना
आँट छ भने मैतिर फर्की देउ
लौन कोईले पानी ल्याई छर्किदेउ

(दोहोरी प्रतियोगिताको छब्बिसौँभागमा  गाइएको हास्य रसयुक्त दोहोरी गीतको अंश)

केटाहरू पाम्दैनौ घच्याउन

मै बूढो नि आम कि पिङ मच्याउन

चिन्या छैनौ ठिटाको ठाउँ के दाइ

पावरवाला चस्मा लाइ आउ के दाइ

(दोहोरी प्रतियोगिताकोबत्तिसौँ भागमा गाइएको हास्य रसयुक्त दोहोरी गीतको अंश)

प्रस्तुत  उदाहरणहरूमा ठिटाठिटीहरूका रमाइला र हाँसोलाग्दा क्रियाकलाप, नाच  तथा बोली उद्धिपन विभाव हुन् त्यसैगरी हाँस्नु, खित्का छोड्नु जस्ता अनुभाव देखा परेका छन् भने पेट मिच्नु, ताली बजाउनु जस्ता  व्यभिचारीभाव देखा परेका छन् ।

## ४.३.३ वीर रसको अवस्था

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलताको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्छ, त्यसबाट वीर रसको उत्पत्ति हुन्छ । यस रसको आलम्बनविभाव शत्रु वा प्रतिद्वन्द्वी हुन्छन्, भने युद्धदर्शन, वीरता प्रदर्शन आदि यसका उद्दीपन विभाव हुन्छन् । विपक्षीको तिरस्कार, कठोर वचन आदि यस रसका अनुभाव हुन् भने गर्व, धैर्य, रोमाञ्च आदि व्यभिचारी भाव हुन् । उत्साह यस रसको स्थायीभाव हुन्छ ।

यस प्रतियोगिताका जम्माजम्मी ४ प्रतिस्पर्धामा वीर रसको आंशिक उपस्थिति रहेको पाइन्छ । उत्साहा स्थायीभाव रहने यस रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा रहेका शत्रु पात्र, लडाइँमा सम्मिलित सिपाहीका दुस्मन आलम्वन विभाव रहेका छन्, भने मुख्यतः शत्रुले गरेका अन्यायी कार्य, दुस्मनले दिएको पिडा, साथीभाइलाई दिएको यातना र उनिहरूको हत्या पछिको अवस्थाका कारण सिर्जित वीरता र आफन्तले दिएको साहस आदिले उद्धिपनको सिर्जना गरेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

यस्तै आँट देऊ म दुस्मन छिनाउँछु

वीर गोर्खाली कस्तो हो चिनाउछु

हात नकापुन् दुस्मनका कुराले

रक्षा गर्छ सिन्दुर र चुराले
बाँचे के पिर फूल माला लाउनी छौ
मरे अक्षर सुनकै पाउने छौ
जित युद्द अरू सब हारेर
अझै लड मन दरो गरेर
दुस्मन् फाँड्दै अगाडी बढ्या छु
मुटु काँप्छ तर नि लड्या छु
(दोहोरी प्रतियोगिताको सातौँ भागमा गाइएको वीर रसयुक्त दोहोरी गीतको अंश)

प्रस्तुत उदाहरणमा आलम्बन् विभावको रूपमा दुस्मन देखापरेका छन् भने उद्दीपन विभावको रूपमा योद्धाले गरेको वीरता प्रदर्शन, श्रीमतीले दिएको साहस देखा परेका छन् । त्यसैगरी दुस्मनकाव्यवहार अनुभाव देखा परेका छन् गर्व र धैर्य जस्ता व्यभिचारीभाव देखा परेका छन् ।

## ४.३.४ करुण रसको अवस्था

मनमा हुने दुःख शोकजस्ता भावलाई जनाउने रस करुण रस हो । आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट करुण रसको उत्पत्ति हुन्छ । मनमा उर्लिएर आउने शोक भाव नै करुण रसको स्थायीभाव हो । अप्रिय वस्तु आलम्बन विभाव र यस्ता वस्तुको गुण र स्मरण वा स्मरण गराउने चिजबिज उद्दीपन विभाव हुन् । रुनु, कराउनु आदि अनुभाव र मूर्च्छा, उन्माद, ग्लानि, चिन्ता आदि यसका व्यभिचारीभाव हुन् । उदाहरण :-

यस प्रतियोगिताका जम्माजम्मी १४ प्रतिस्पर्धामा करुण रसको प्रसस्त उपस्थिति रहेको पाइन्छ भने अन्य केही भागमा पनि यस रसको आंशिक उपस्थिति रहेको पाइन्छ । शोक स्थायीभाव रहने यस रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा कारुणिक अवस्थामा रहेका पात्र, लडाइँमा विक्षिप्त सिपाही, सिपाहीको लास, बिरामी भै अलपत्र परेको प्रदेशीआदि आलम्वन विभाव रहेका छन्, भने ती पात्रको कारुणिक अवस्था, उनिहरूले पाएको पिडा रकारुणिकबोलीले उद्धिपन विभावको काम गरेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

खबर सुन्दा मनमा पिर घेरिनी

सत्र जाना मरे रे फेरी नि !
परेका हुन् दुस्मनको घेरो
सत्रै जाना सैँ साथी हुन् मेरो
सपना त तिन्का नि थे होला ?
लास देख्या छौ तिम्रो हाल के होला
(दोहोरी प्रतियोगिताको सातौँ भागमा गाइएको करुण रसयुक्त दोहोरी गीतको अंश)
भाछु म त ओच्छयानकै भर
के छ प्यारी गाउँघरको खबर?
घर तिर त ठिकै छौँ हामी
पिर छ हजुर भएर बिरामी
ठिक भै हाल्छ किन पिर गरेको
पन्ध्र दिन भो बिरामी परेको
घरीघरी बाँच्छु भैँ लाउँदैन
खान्छु खाना तर केही स्वाद पाउँदिन
आत्मबल छ बस्दा नि लडेर
फेरी पनि आयो सास बडेर
घाइते छु म यस्तो रोग लाएर
सकियो पैसा औषधी खाएर
(दोहोरी प्रतियोगिताको चौबिसौँ भागमा गाइएको करुण रसयुक्त दोहोरी गीतको अंश)

प्रस्तुत उदाहरणमा करुण रस सिर्जित हुनको लागि आलम्बन् विभावको रूपमा प्रदेशी श्रीमान् र उनका साथीहरू, देखापरेका छन् भने उद्दीपन विभावको रूपमा रोगले थला परेको कारुणिक परिवेशको स्मरण, लडाइँमा मरणसन्न अवस्थामा पुगेका सिपाहीको दर्दनाक अवस्था आदिदेखा परेका छन् । त्यसैगरीरुनु, कराउनु आदि अनुभाव र ग्लानि गर्नु, चिन्ता लिनु जस्ता व्यभिचारीभाव देखा परेका छन् ।

### ४.३.५ रौद्र रसको अवस्था

शत्रुहरूको आफूप्रति अपमानजनक, अन्याय र अपराधपूर्ण क्रियाकलापले हाम्रा मनमा एक किसिमको बदलाको भाव उत्पन्न गराउँछ । त्यसलाई हामी क्रोध भन्दछौं । यही भाव रौद्र रसको स्थायी भाव हो । यसमा शत्रु विरोधी वा विपक्षी यसका आलम्बन विभाव, उनिहरूका क्रियाकलाप उद्दीपन विभाव, राताराता आँखा बनाउनु, ओठ टोक्नु, दाह्रा किट्नु, हतियार उठाउनु आदि अनुभाव र गर्व, आवेग आदि व्यभिचारीभाव हुन् । उदाहरण :-

यस प्रतियोगिताका केही भागका गीतमा रौद्र रसको आंशिकमात्र उपस्थिति रहेको पाइन्छ । क्रोध स्थायीभाव रहने यस रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा रहेका पात्रादिको अपमानजनक व्यवहार विभाव रहेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

बे हुँदैन मै कुरो अड्काम्ला
धेरै चोर चोर नभन पड्काम्ला
मान्छे ठिक छौ दिमाख के भा हो र?
जाँड खाएर निहुँ खोज्दै आ हो र ?
मलाई छोडेउ रिसको झोकमा
आधा रातमा देख्याथैं चोक् चोक्मा
जहिले पनि वचनले घोच्नी
थुक्क पापी भाइसँग पाप सोच्नी
जसको अनुहार हेर्नै मन लाछैन
उसैसँग नबोली भाछैन
(विभिन्न भागमा गाइएका रौद्र रसयुक्त दोहोरी गीतका अंश)

## ४.३.६ भयानक रसको अवस्था

डरलाग्दा र अपराधपूर्ण व्यवहार ठुला हातहतियारसँगको लडाइँ भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन डरलाग्दो चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानक रसको उत्पत्ति हुन्छ । ठुला शस्त्रास्त्र भयानक जन्तु वा विषय यसका आलम्बन विभाव र भयङ्कर जन्तुका भयप्रद चेष्टा यसका उद्दीपन विभाव हुन् । गद्‌गद् स्वरले बोल्नु, पसिना काड्नु आदि यसका अनुभाव हुन् भने शङ्का, मूर्च्छा, मृत्यु आदि व्यभिचारी भाव हुन् । यस रसको स्थायीभाव भय हुन्छ ।

दोहोरी प्रतियोगिताका जम्माजम्मी ५ प्रतिस्पर्धामा भयानक रसको आंशिक उपस्थिति रहेको पाइन्छ । स्थायी भावभय रहने यस रस निहित दोहोरी गीतहरूमा गायनको

विषयवस्तुमा रहेका हतियार सहितका शत्रु पात्र, घना जङ्गल, जङ्गली जनावर, सर्प अपरिचित र डरलाग्दा मानिस आदि आलम्बन विभाव रहेका छन् भने मुख्यतः रातको समय,बाघ भालुका आवाज आदिले उद्धिपनको सिर्जना गरेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

मार्ने भए नि थाल्यो ज्यान काम्नलाई<br>
खल्तीमा नि भ्याएसी छाम्नलाई<br>
घनाजङ्गल बीचैमा घर छ<br>
अघि जाम त बाघैको डर छ<br>
डरले भा छ मनैमा आँधी<br>
बटुवा हुँ नसम्झ अपराधी<br>
छेउमै वन छ बाघ भालु पस्छ कि<br>
बाहिर सुत्दा सर्पले डस्छ कि<br>
सर्प आउला पानी नि आउला नि<br>
बिहान घाम लागेसी जाउला नि<br>
(भाग २१  दोस्रो सत्रको भयानक रसयुक्त दोहोरी गीतको अंश)

यस प्रतियोगिताका केही भागका गीतमा अद्‌भुत रसको आंशिकमात्र उपस्थिति रहेको पाइन्छ । विस्मय वा आश्चर्य स्थायीभाव रहने अद्‌भुत रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा रहेका आश्चर्य लाग्दा पात्रादि आलम्बन विभाव रहेका छन्, भने तिनले देखाएका क्रियाकलापले उद्धिपनको सिर्जना गरेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

टोलाइरहेँ एकछिन् त खुव देखेँ<br>
मेरै अघि लक्ष्मीको रूप देखेँ<br>
कति सारै टाँठी हुन् नारी नि<br>
मान्छे भन्दा ठूलो छ भारी नि<br>
आ थिन म यस्तिको खोजीमा<br>
क्यारी निस्क्यो च्यान लाको गोजीमा<br>
(विभिन्न भागमा गाइएका अद्‌भुत  रसयुक्त दोहोरी गीतका अंश)

## ४.३.७ अद्‌भुत रसको अवस्था

अलौकिक अथवा आश्चर्यजनक वस्तु, दृश्य वा घटनालाई देख्दा वा सुन्दा उत्पन्न हुने जिज्ञासा नै अद्भुत रस हो । अलौकिक वा आश्चर्यजनक वस्तु यसको आलम्बन विभाव हो र त्यस आश्चर्यजनक वस्तुको महिमा अथवा चमत्कार यसको उद्दीपन विभाव हुन्छ । पसिना, रोमाञ्च, आँखा फैलाउनु आदि यसका अनुभाव हुन् भने त्रास, जडता आदि यसका व्यभिचारी भाव हुन् । विस्मय वा आश्चर्य यस रसको स्थायीभाव हो ।

यस प्रतियोगिताका केही भागका गीतमा अद्भुत रसको आंशिकमात्र उपस्थिति रहेको पाइन्छ । विस्मय वा आश्चर्य स्थायीभाव रहने अद्भुत रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा रहेका आश्चर्य लाग्दा पात्रादि आलम्बन विभाव रहेका छन्, भने तिनले देखाएका क्रियाकलापले उद्धिपनको सिर्जना गरेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

टोलाइरहेँ एकछिन् त खुव देखेँ
मेरै अघि लक्ष्मीको रूप देखेँ
कति सारै टाँठी हुन् नारी नि
मान्छे भन्दा ठूलो छ भारी नि
आ थिन म यस्तिको खोजीमा
क्यारी निस्क्यो च्यान लाको गोजीमा
(विभिन्न भागमा गाइएका अद्भुत रसयुक्त दोहोरी गीतका अंश)

## ४.३.८ बीभत्स रसको अवस्था

घिन लाग्दा अत्यन्तै फोहोरी वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने रस बीभत्स रस हो । यसको आलम्बन विभावमा दुर्गन्धित र घृणित वस्तु, सढेका लास, झिँगा भन्केका र अति फोहोरी वस्तु हुन्छन, भने उद्दीपन विभावमा घृणालाई उद्देलित गर्ने तत्व हुन्छन् । थुक्नु, आँखा चिम्लनु, नाक थुन्नु आदि यसका अनुभव हुन् । आवेग, व्याधि आदि यसका सञ्चारी भाव हुन् । घृणा यस रसको स्थायी भाव हो ।

यस दोहोरी प्रतियोगिताका केही भागका गीतहरूमा विभत्स रसको आंशिकमात्रामा उपस्थिति रहेको पाइन्छ । घृण स्थायीभाव रहेका यस रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा रहेका पात्रादिको घिनलाग्दो अवस्था तथा व्यवहार नराम्रो गन्ध आदि विभाव रहेका छन् । यसका केही नमुना यहाँ प्रस्तुत छन् ।

मनले पारा खै के-के जनायो
लौ न ! ह्वास्सै तीनपाने गनायो

कैले ल्यायौ छैनौ छेउ परेको
छ्या ! छ्या ! छ्या ! छ्या ! के कुरा गरेको
(विभिन्न भागमा गाइएका बीभत्स रसयुक्त दोहोरी गीतका अंश)

## ४.३.९ शान्त रसको अवस्था

शान्त रस संसार एक सपना हो, यहाँ भएका सबै प्राणी र चिजबिजहरू बेकार छन् भन्ने ज्ञानले हामीमा संसारप्रति एक किसिमको वितृष्णाको भाव उत्पन्न हुन्छ,। यही भावलाई वैराग्य भनिन्छ। यही वैराग्यको स्थिति नै शान्त रसमा स्थायीभाव बनेको हुन्छ। यसमा निस्सार संसार अथवा परमात्मा आलम्बन र पुण्यस्थान, तीर्थ, देवमन्दिर, साधुसज्जनको सङ्गत आदि उद्दीपन विभाव हुन्छन्। यस्ता विभावहरूबाट उत्पन्न भएको सत्त्व गुणयुक्त आँसु आदि अनुभाव र हर्ष, स्मृति, विरक्ति, पश्चात्ताप आदि सञ्चारी भाव हुन्।

यस प्रतियोगिताका केही भागका गीतहरूमा आंशिकमात्र शान्त रसको उपस्थिति रहेको पाइन्छ। निर्वेद स्थायीभाव रहेका यस रस निहित दोहोरी गीतहरूमा गायनको विषयवस्तुमा रहेका पात्रादिको वैराग्यताको अवस्था आदि विभाव रहेका छन्। यसका केही नमुना यहाँ प्रस्तुत छन्।

दुखी वृद्ध भेटहुने एकै ठाम्
जप्दै बसेँ हरेराम्! हरेराम् !
गाउँला भजन हरेराम ! भनेर
भगमान् कै मित्रता बनेर
कुनै अर्थ रहेन जिएर
मर्छु अब तिम्रै नाम लिएर
जसलाई रोजेँ उसैलाई पाइएन
भयो अब यो सन्सार चाइएन
सोचे जस्तो जिन्दगी भएन
म बाँच्नुको केही अर्थ रहेन
(विभिन्न भागमा गाइएका शान्त रसयुक्त दोहोरी गीतका अंश)

अध्याय पाँच

# निष्कर्ष

दोहोरी गीत नेपाली लोकसाहित्यको चर्चित विधा हो । वनपाखा, झाडी, गोठ र एकान्त स्थानमा युवायुवतीले गाउने र युवाले जितेमा विवाह गरी केटाको घरमा लैजाने युवतीले जितेमा केटालाई घरज्वाइँ राख्ने परम्पराबाट पनि विकसित दोहोरी गीत रोदीघर, मेला-पर्व हुँदै सरकारी तथा गैह्रसरकारी संघसँस्थाहरूद्वार सञ्चालित औपचारिक कार्यक्रमा दोहोरी प्रतियोगिताको रूपमा गाइन थालियो । पूर्ववर्ती समयमा मुख्यतः मनोरञ्जन तथा वैवाहिक प्रयोजनमा गाइने दोहोरी गीत हाल आएर व्यावसायिक प्रयोजनमा बढी केन्द्रित रहन पुगेको छ । सूचना प्रविधिको तीव्र विकाससँगै यसले आफ्नो पहुँच विश्वभर पुऱ्याउन सफल भएको छ । युट्युव, टिकटक तथा फेसबुकजस्ता सामाजिक सञ्जालका विकासले दोहोरी गीतका स्रोता, दर्शक तथा यसका अनुयायीहरूलाई दिएको सुलभताले दोहोरीको पहुँच विस्तारमा ठुलो योगदान पुऱ्याएको छ । २०६० को दशकको आसपासमा विदेशी संकृतिको प्रभाव, पप्, हिपप्, र आधुनिक गीतहरूको थिचोमिचोमा परी अस्तित्वसमेत गुम्ने अवस्थामा पुगेको दोहोरी गीत २०६० को दशकपश्चात पुनः जुर्रमुराउन थालेको देखिन्छ । अनपढ्, बुढापाका, गाउँले रूढीवादीहरूले मात्र गाउने र सुन्ने गीत दोहोरी गीत हुन् भने त्यस बखतको नेपाली मौलिकता विपरतिको प्रवृत्तिलाई आजको बालकदेखि वृद्ध र गाउँदेखि शहरका सबै मानिस लोकदोहोरी गीतप्रतिको झुकावले गलत सावित गराएको छ ।

यति हुँदाहुँदै पनि विकसित दोहोरी गीतले आफ्ना मौलिक मान्यतालाई पूर्णरूपमा आत्मासाथ गर्न सकेको छैन । दोहोरी गीतले लिएको व्यावसायिक स्वरूप, विदेशी सँस्कृतिको प्रभाव, दोहोरी गीत सृजना र बजारीकरणमा भएको सरलता, परिवर्तित नेपाली सामाजिक अवस्था, परिवर्तित भाषिक संरचना जस्ता विविध कारणले दोहोरी गीतमा प्रसस्त विकृतिसमेत देखिएका छन् । शब्द चयनमा नेपालीइतर शब्दहरूको बढी प्रयोग, शब्दमा अश्लीलता र उच्छृङ्खलता, मौलिक सुर-ताल रहितका गीति संरचना, मौलिक लोकबाजाहरूको न्युन प्रयोग तथा दोहोरी गीतलाई मौलिक सँसकृतिको विकास र विस्तारको लागि भन्दा व्यापार व्यवसायमा बढी केन्द्रित बनाउनु आदि दोहोरीमा देखिएका विकृति हुन् ।

नेपाल टेलिभिजनले सञ्चालन र प्रसारण गरेको यस दोहोरी प्रतियोगितामा समेत यस्ता विकृति प्रसस्त देखिएका छन् । यसका उदाहरणमा यस दोहोरी प्रतियोगिताको नाममा

नै अङ्ग्रेजी शब्द 'च्याम्पियन' राख्नु, मूल्याङ्कनमा लिएको दर्शकको मतदानमा एकै व्यक्तिले पैसा तिरेर धेरैपटक मतदान गर्न सक्ने व्यवस्था गर्नु, दोहोरी गीतमा प्रसस्त विकृत तथा विचलित शब्दको प्रयोग हुनु आदिलाई लिन सकिन्छ ।

प्रेम वियोग, र यौन आशक्तिको विषयवस्तुमा युवायुवतीले मात्र गाउने गीत भनी चिनिने दोहोरी गीत अहिले यसका अतिरिक्त अनेकन विषयवस्तुमा र जुनसुकै उमेरका मानिसहरूले गाउने गरेका छन् । सोही कारणले गर्दा नै यस दोहोरी प्रतियोगितामा गाइएका गीतहरूमा नौओटै रसहरूको उपस्थिति रहेको छ ।

यस अध्ययन कार्यका लागि सङ्कलित दोहोरी प्रतियोगितामा गाइएका दोहोरी गीतका जम्माजम्मी १४६२ चरणहरूमध्ये ८०० भन्दा बढी चरणहरूमा स्पष्ट रूपमा शृङ्गार रसको उपस्थिति रहेको देखिन्छ । त्यसैगरी लगभग ३२० चरणहरूमा करूण रस तथा २५० जति चरणमा हास्य रसको उपस्थिति देखिन्छ भने रौद्र, विभत्स, अदभुत, वीर, भयानक र शान्त रसको उपस्थिति थोरै मात्रामा भएको देखिन्छ तसर्थ सम्प्रति दोहोरी गीतमा मुख्यतः शृङ्गार रसको प्रधानता रहनुका साथै हास्य र करूण रसको पनि उल्लेख्य मात्रामा प्रयोग हुन्छ र हालका दोहोरी गीत शृङ्गार रसको सीमीत घेराभित्र नरही नवरसलाई समेट्न सक्ने गरी रसविधानमा स्वतन्त्र रहेको कुरा स्पष्ट देखापरेको छ ।

## सन्दर्भ सूची


आचार्य, कृष्णप्रसाद (२०६९), **सिर्जना शोधविधि र संस्कृत काव्यशास्त्र,** काठमाडौं : क्षितिज प्रकाशन ।

थपा, धर्मराज, (२०२०), **हम्रो लोकगीत,** काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।

नागराजु, सीहेचु (सनः २०१८)संस्कृतसाहित्यशास्त्रवेशिनी, भारत आन्ध्रा प्रदेश : राष्ट्रियसंस्कृतविद्यापिठम्

न्यौपाने, कुसुमाकर **(२०५५), पोखरेली गाइने जातिमा प्रचलित लोकसाहित्यको अध्ययन,** काठमाडौं : महेन्द्र संस्कृत विश्वविद्यालय ।

न्यौपाने, कुसुमाकर (२०६०), **धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन,** काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

न्यौपाने, कुसुमाकर (२०६७), **कथनपद्धतिका आधारमा आयोजनामूलक बाह्रमासे दोहोरी गीतको अध्ययन,** काठमाडौं : राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान

न्यौपाने, कुसुमाकर (२०७०), **नेपाली लोकगीत,** पोखरा : फिस्टेल पब्लिकेसन ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक**, काठमाडौं : वीण प्रकासन प्रा.लि ।

पोखरेल, बालकृष्ण (२०४०), **नेपाली बृहत शब्दकोश**, मोबाइल अनुप्रयोग, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, सङ्गीता (२०७२), **पोखरेली दोहोरी साँझहरूमा गाइएका दोहोरी गीतहरूको अध्ययन,** (स्नातकोत्तर अध्ययनपत्र), पोखरा : नेपाली विभाग

बन्धु,चूडामणि (२०७४), **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स ।

भन्डारी, पारसमणी र माधवप्रसाद पौड्याल (२०७४) **साहित्य शास्त्र र नेपाली समालोचना**, काठमाडौंः विद्यार्थी पब्लिकेसन ।

भुषल, केशव र महेशप्रसाद भट्ट (२०७८), **शिक्षक मार्गदर्शिका,** काठमाडौं : सनलाइट पब्लिकेसन ।

लोहनी, लक्ष्मण (२०१३), **रोदीघर,** काठमाडौं :लोकगीत प्रकाशन मण्डल ।

https://www.youtube.com/c/NepalTelevision

www.eadarsha.com/nep/article/दोहोरी-गीत-सुर्कीत-र-विकृत/

https://ne.wikipedia.org/wi.ki/रस_(काव्य_शास्त्र)

# परिशिष्ट

## (क) शब्दार्थ

यस अध्ययनपत्रमा सङ्कलित दोहोरी गीतमा प्रयोग भएका केही भाषिकागत तथा विचलित शब्द र तिनका अर्थ यहाँ उल्लेख गरिएको छ :

| **शब्द** | **अर्थ** |
|---|---|
| अडा : | अडाएको |
| आसी : | आएपछि |
| ओडेर : | ओढेर |
| आछैन : | आएको छैन |
| आदी : | आधी |
| आम : | आउँ |
| आनि : | आएपनि |
| आइरनी : | आइरहनी |
| आइच : | आइछे |
| आउँथेन : | आउने थिएन |
| आका : | आएका |
| आकी : | आएकी |
| इस्सोर : | ईश्वर |
| इच्छ्या : | इच्छा |
| केर : | क्यारे |
| केई : | केही |
| कैलै : | कहिलै |
| कोरेसी : | |
| कोले : | कसले |
| कोल्लाई: | कसलाई |
| कोई : | कोही |
| काँ : | कहाँ |
| काइँ : | कहीँ |
| कन्ने : | कुमार |

| | | |
|---|---|---|
| कत्ति | : | कति |
| क्या | : | के |
| कुरम | : | कुरौँ |
| कुख्रा | : | कुखुरा |
| किस्नजी | : | कृष्णजी |
| किष्ण | : | कृष्ण |
| खाभ्कैँ | : | खाएभ्कैँ |
| खाकै | : | खाएकै |
| गर | : | गएर |
| गराइदे | : | गराइदिए |
| गरह | : | ग्रह |
| गसी | : | गएपछि |
| ग्राक | : | ग्राहक |
| गैरेको | : | गहिरिएको |
| गऱ्या | : | गरेको |
| गुमाको | : | गुमाएको |
| गारो | : | गाह्रो |
| गौ | : | गयौ |
| गाको | : | गएको |
| गाहैन | : | गएको हैन |
| गन्ना | : | गनाएको |
| गन्नाओ | : | गनायो |
| गुन्यो | : | गुनियो |
| गल्या | : | गलेको |
| गर्या | : | गरेको |
| गएसी | : | गएपछि |
| घुमाको | : | घुमाएको |
| चान्छ्यौ | : | चाहान्छ्यौ |
| चाइन्न | : | चाहिन्न |
| चाइया | : | चाहिएको |

| | |
|---|---|
| चाइएन : | चहिएन |
| चल्या : | चलेको |
| च्या : | चिया |
| चुइने : | चुहिने |
| चिमोट्या : | चिमोटेको |
| चिन्या : | चिनेको |
| छेमता : | क्षमता |
| छेवैमा : | छेउमा |
| जसैनी : | जसरी नि |
| जेप : | खल्ती |
| जैले : | जहिले |
| जम : | जाउँ |
| जाँ : | जहाँ |
| जाँ : | जहाँ |
| झेउ : | झ्याउ |
| टल्क्या : | टल्केको |
| ठाम : | ठाउँ |
| डरा : | डाराएको |
| डटे : | डटेको |
| डा : | डाहा |
| डाइबर : | गाडी चालक |
| तेस्ता : | त्यस्ता |
| तेती : | त्यति |
| तो : | त्यो |
| तीन्टा : | तीनवटा |
| तिमिकै : | तिम्रै |
| त्यै : | त्यही |
| थे : | थिए |
| थेन : | थिएन |
| थेउ : | थिएउ |

| | | |
|---|---|---|
| था | : | थाहा |
| थ्यें | : | थिएँ |
| थ्यो | : | थियो |
| थि | : | थिई |
| थिन | : | थिइन |
| दरो | : | दह्रो |
| द्या | : | दिएको |
| देकि | : | दिएकी |
| देथ्यौ | : | दिएका थियौ |
| दैचिउरे | : | दही चिउरे |
| दोरी | : | दोहोरी |
| दुनो | : | दुहुनो |
| दुलइ | : | दुलही |
| दुखार | : | दुखाएर |
| दुखो | : | दुख्यो |
| निमोठ्या | : | निमोठेको |
| निएत | : | नियत |
| नकापुन् | : | नकामुन |
| नगाकी | : | नगएकी |
| पैरेको | : | पहिरिएको |
| पैला | : | पहिला |
| पर्देश | : | प्रदेश |
| पासी | : | पाए पछि |
| पोरै | : | पोहोरै |
| पाबेला | : | पाएको बेला |
| पार्देनौ | : | पराउँदैनौ |
| पाम् | : | पाउँ |
| पाम्दैनौ | : | पाउँदैनौ |
| पारिरौं | : | पारीरहुँ |
| पाल्या | : | पलेको |

| | | |
|---|---|---|
| पाइछैन | : | पाएकी छैन |
| पाइया | : | पइएको |
| पाउना | : | पाहुना |
| पँएलो | : | पँहेलो |
| पल्क्या | : | पल्केको |
| पुइ | : | पुगी |
| पच्छे | : | पक्ष |
| पर्तच्छे | : | प्रत्यक्ष |
| पर्खर | : | प्रखर |
| फस्या | : | फसेको |
| फोर | : | फोहोर |
| फुल्या | : | फुलेको |
| फर्केसी | : | फर्के पछि |
| बस्या | : | बसेको |
| बसेइ | : | बसेकी |
| बसम्ला | : | बसौँला |
| बसार | : | बसाएर |
| बे | : | बिहे |
| बेबार | : | व्यवहार |
| बेल्का | : | बेलुका |
| बुझ्याँ | : | बुझेँ |
| बटारर्‍या | : | बटारिएको |
| बड्न | : | बढ्न |
| बाडी | : | बाढी |
| बाइर | : | बाहिर |
| बाइरी | : | बाहिरी |
| बना | : | बनाएको |
| बनाको | : | बनाएको |
| बन्या | : | बनेको |
| बुन्या | : | बुनेको |

| | | |
|---|---|---|
| ब्वारी | : | बुहारी |
| बिच्छेर | : | निच्च परेर |
| भासी | : | भएपछि |
| भो | : | भयो |
| भाछ | : | भएको छ |
| भाका | : | भएका |
| भाकी | : | भएकी |
| भाथ्यो | : | भएको थियो |
| भन्या | : | भनेको |
| भुल्या | : | भुलेको |
| भ्या | : | भए |
| भ्यार | : | भ्याएर ,सकेर |
| भ्याएसँ | : | भ्याएसम्म , सकेसम्म |
| भयाथ्यो | : | भएको थियो |
| भएसी | : | भएपछि |
| मैना | : | महिना |
| मुडा | : | मुढा |
| मङ्गा | : | महङ्गा |
| मारोगी | : | महारोगी |
| माधूरे | : | माघूर्य |
| मगार | : | मगाएर |
| मिर्तु | : | मृत्यु |
| यै | : | यही |
| यैँ | : | यहीँ |
| याँ | : | यहाँ |
| याँ | : | यहाँ |
| याँइ | : | यहीँ |
| र्वाएर | : | रुवाएर |
| रोकी | : | रोएकी |
| रौसी | : | रक्सी |

| | |
|---|---|
| राछु : | रहेको छु |
| राछ : | रहेको छ |
| राको : | रहेको |
| रन : | रहन |
| रनी : | रहनी |
| रसित : | रसिद् |
| लेवैमा : | लेउमा |
| लेकी : | लिएकी |
| लठारऱ्या : | लठारिएको |
| लाछ : | लाएको छ |
| लाम : | लाउँ |
| लाइ : | लगाएर |
| लाइदेर : | लगाइदिएर |
| लाउँथेन : | लाउने थिएन |
| लाको : | लाएको |
| लाकी : | लाएकी |
| लाग्या : | लागेको |
| लच्छिन : | लक्षण |
| ल्याको : | ल्याएको |
| लच्छे : | लक्ष्य |
| लकी : | लगेकी |
| रुप्याँ : | रुपैँया |
| रिन : | ऋण |
| वाँ : | उहाँ |
| सङ्सङ्गै: | सँगसँगै |
| सङ्ग : | सँग |
| सङ्खा : | सङ्का |
| सर्बसो : | सर्वश्व |
| समाल्ने : | सम्हाल्ने |
| सँ : | सँग |

| | | |
|---|---|---|
| सारै | : | सह्रै |
| साँउ | : | सामा |
| साउनी | : | साहुनी |
| सन | : | सहन |
| सन्जोग | : | संयोग |
| सप्ना | : | सपना |
| सक्रिए | : | सक्रिय |
| सक्या | : | सकेको |
| सिर्मती | : | श्रीमती |
| सिर्मान | : | श्रीमान |
| स्वाउँदो | : | सुहाउँदो |
| स्वाउला | : | सुहाउला |
| स्वाको | : | सुहाएको |
| स्वाको | : | सुहाएको |
| स्यार | : | स्यहार |
| स्यारसुसार | : | स्याहारसुसार |
| स्यानी | : | सानी |
| सेयार्छु | : | स्यहार गर्छु |
| सैँ | : | सङ्गी |
| हर | : | हरू |
| हेर्थीन | : | हेर्ने थिइन |
| हैछन् | : | रहेछन् |
| हुम्ला | : | हौँला,हुँला |
| हाऱ्या | : | हारेको |
| ह्याँ | : | यहाँ |
| हिन्न | : | हिँड्न |
| हिन्या | : | हिनेको |

(ख) दोहोरी प्रतियोगितामा सहभागी गायकगायिकाहरुको तस्वीर





*सपना रोका र विजय बानिया*

*प्रिती गीरी र अनुज अधिकारी*





*टीकामाया फ्याली मगर र दिलिप थापा मगर*

*शर्मिला थापा र प्रसान्त तामाङ*





शर्मिला बिसी र यज्ञ भट्टराई

बबिता गुरुङ र श्याम बहादुर राना





चिज बहादुर गुरुङ र देवी आले

सुस्मा शाही ठकुरी र किरण बिसी







*लक्ष्मी बस्नेत र बिक्रमबाबु शिवकर्मा*

*सुनिता बुढा र मानसिंह खड्का*







*सीता घिमिरे र सरोज सिम्खडा*

*मिना नेपाल र राजेन्द्र पाठक*







मनिषा बिक र सुनिल बिक

मिना बिक र सुरेन्द्र मगर







कल्पना दाहाल र प्रदीप रोका

जालुमाया गुरुङ र प्रितम पोखरेल





*अस्मिता डल्लाकोटी  र जीवन सिग्देल*

*शोभा खड्का र बालचन्द्र बराल*





*बबिता बानिया र शङ्कर क्षेत्री*

*मिना बुढाथोकी र प्रकाश पराजुली*







पवित्रा मगर रवसन्त विक

डिला विक र राजेन्द्र कुँवर







तरा थापा र टेकराज भण्डारी

रिता रावत र सविन आचार्य